# कसाई जातिमा देखा परेको सामाजिक परिवर्तन

(पोखरा उपत्यकाका कसाई जातिमा आधारित एक समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको समाजशास्त्र विषयको आठौं पत्रको प्रयोजन निमित्त प्रस्तुत

## शोध-पत्र


प्रस्तुतकर्ता

*सन्तोष अधिकारी*

रोल नं.: ४५५/०५९

त्रिभुवन विश्वविद्यालय

पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा

समाजशास्त्र/मानवशास्त्र विभाग


२०६५

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकतापुर्ति गर्नका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा रहि श्री सन्तोष अधिकारीले ¨कसाई जातिमा देखा परेको सामाजिक परिवर्तनः पोखरा उपत्यकाका कसाई जातिमा आधारित एक समाजशास्त्रिय अध्ययन” विषयमा तयार गरेको शोधपत्रको आवश्यक मूल्याङकनका लागि सिफारिस गर्दछु ।

**रामचन्द्र बराल**

**शोध - निर्देशक**

**पृथ्वीनारायण क्याम्पस**

**समाजशास्त्र/ मानवशास्त्र विभाग**

# कृतज्ञता ज्ञापन

उच्च शिक्षामा सैद्धान्तिक ज्ञान प्राप्त गरिसकेका विद्यार्थीहरूलाई विविध सामाजिक पक्षहरूको सम्बन्धमा अनुसन्धानको लागि वढी सक्षम वनाउने उद्देश्यले समाजशास्त्र मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पसद्वारा सञ्चालित शोधकार्य एक स्वागत योग्य कार्यक्रम हो ।

शोधकार्यका लागि छरिएर रहेका विभिन्न विषयहरूमध्ये पिछडिएको जाति समुदायको विषयमा विस्तृत अध्ययन गर्नका लागि यस समाजमा भिजेर सत्य तथ्यहरू सङ्कलन गरी अध्ययन अनुसन्धान गर्नु पर्दछ भनी सल्लाह एवं हौसला दिनु हुने गुरूहरूप्रति हार्दिक कृतज्ञता एवं आभार व्यक्त गर्दछु । जसको फलस्वरूप मानवशात्रको स्नातकोत्तर उपाधिका लागि मैले पोखरामा बसोबास गर्ने नेवार समुदायभित्रको कसाई जातिको अध्ययन प्रस्तुत गरेको छु ।

सर्वप्रथम यस अध्ययनलाई साकार रूप दिन अति व्यस्तताका बाबजुत पनि विभिन्न स्रोत एवं साधनको माध्यमवाट सङ्कलित तथ्यहरूलाई कमवद्धरूपमा प्रस्तुत गर्न सहयोग, सल्लाह, एवं सुझाव दिनुहुने शोध निर्देशक गुरू रामचन्द्रवराल प्रति हार्दिक कृतज्ञता ज्ञापन प्रकट गर्दछु ।

यसै गरी क्याम्पसका समाजशास्त्र/मानवशास्त्र विभागका आदरणीय गुरू विभागीय प्रमुख डा. विश्वकल्याण पराजुली तथा यस समाजशास्त्र/मानवशास्त्र विभागका सम्पूर्ण गुरूजनप्रति आफ्नो कार्य व्यस्तताका बाबजुत सम्पूर्ण आवश्यक सहयोग उपलब्ध गराई दिनुभएकोमा हार्दिक कृतज्ञता ज्ञापन प्रकट गर्दछु ।

यस अध्ययनको सिलसिलामा स्थलगत सर्वेक्षण दारा तथ्याङ्क सङ्कलन गर्न सहयोग पुर्‍याउनु हुने सम्पूर्ण अध्ययन क्षेत्रका महिला तथा पुरूष कसाई जातिहरू प्रति कृतज्ञता ज्ञापन गर्दछु ।साथै यो शोधपत्र तयार गर्दा सहयोग पुर्‍याउनु हे यस क्षेत्रका श्री राजु साई , किरण खड्गी, दीपक साई, निर्मल साई, गीता साई, विष्णु साई, रिता खड्गी, अशोक साई, भीम बहादुर साई, मोहन साई , सोम साई, विष्णुमाया साई, रामबहादुर हमाल, दिनेश अधिकारी, सोम वज्राचार्य, कन्चन थकाली र विमला लामिछानेप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोत्रपत्रको प्रतिवेदन कम्प्युटर टाइप गरी सहयोग गरीदिनु हुने मेरो मित्र महेन्द्र क्षेत्रीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस प्रतिवेदनले कसाई जातिको अध्ययन गर्न चाहने जो कोहीलाई पनि सहयोग पुऱ्याउन सक्नेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

सन्तोष अधिकारी
पोखरा-१ कास्की
२०६६ चैत्र

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत पृथ्वीनारायण वहुमूखी क्याम्पस समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्ष आठौ पत्र प्रयोजनको लागि प्रस्तुत

## भाषा सम्पादकको मन्तव्य

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय पृथ्वीनारायण क्याम्पस अन्तर्गते स्नातकोत्तर तह समाजशास्त्र/मानवशास्त्र विभाग दोस्रो वर्षको आठौ पत्रको प्रयोजनको लागि समूह २०५९ क्रमाङ्क ४५५ का विद्यार्थी सन्तोष अधिकारीले निकै परिश्रम पूर्वक तयार पार्नु भएको "कसाई जातिमा देखा परेको सामाजिक परिवर्तन : पोखरा उपत्यकाका कसाई जातिमा आधारित एक समाजशास्त्रिय अध्ययन" शीर्षकको प्रस्तुत शौधपत्र भाषिक दृष्टिकोणले सन्तोषजनक रहेको कुरा प्रमाणित गर्दछु ।

मिति २०६६ चैत

..................................

डा. विष्णु प्रसाद पौडेल

सह-प्राध्यापक

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस

# सार–संक्षेप

प्राचीनकालदेखि नै नेपाल एक बहुजातीय बहुभाषीय र विविधतामा एकता भएको एक भूपरिवेष्ठित, स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न लोकतन्त्रात्मक अधिराज्य हो । देशभित्रका सम्पूर्ण जनजातिहरूको भाषिक, सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सास्कृतिक, ऐतिहासिक अवस्थाहरू लोप हुन नदिन सही किसिमको अध्ययन अनुसन्धान हुनुपर्ने आजको आवश्यकता रहेको छ ।

यो शोध-पत्रमा गण्डकी अञ्चल कास्की जिल्लाअर्न्तगत पोखरा उप-महानगर पालिकामा बसोबास गर्दे आएका नेवार जातिभित्रको अछूत भनिने जातिअर्न्तगत कसाई जातिको सामाजिक परिवर्तनको एक समाजशास्त्रीय अध्ययन गरिएको छ । जसमा कसाई जातिको उद्गम स्थल र बसोबास स्थलबारे जानकारी, सामाजिक परिवर्तनको पहिचान गरिएको छ । यो अध्ययनमा अनुसन्धान विधिको रूपमा नमूना छनौट विधि प्रयोग गरी जम्मा ६४ घर परिवारवाट ३० घर परिवारको घरधुरी सर्वेक्षण, जान्नेबुझ्ने व्यक्तिसँगको अन्तर्वाता लिई तथ्याङ्क सङ्कलन गरी सङ्ख्यात्मक र व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ

कसाई जातिको परम्परागत पेशा पशुपालन गरी दुध बेच्ने भए तापनि यिनीहरूको मुख्य पेशा भने मासु व्यापार नै हो । यस पेशालाई समाजका अन्य जातिहरूले पनि गर्दे आएका कारणले गर्दा यिनीहरूको पेशामा निकै ठूलो असर पारेको छ । कसाई जातिहरू नेवार जातिभित्र पर्ने जाति भएका कारण यिनीहरू मुख्यतः काठमाण्डौं, भक्तपुरमा वसोवास गर्दे आएको पाइन्छ । यिनीहरू काठमाण्डौ, भक्तपुर, पाल्पा, गोरखा लगाएतका केहि जिल्लावाट वसाई सराई गरी पोखरामा बसोबास गर्नेको सङ्ख्या पनि धेरै नै रहेको छ । यिनीहरू पहिला सबै हिन्दू हुन भने अहिले अन्य धर्मतिर लागेको पाइन्छ । यिनीहरूको शैक्षिक अवस्थामा निकै सुधार भएको पाइन्छ । महिलाहरूलाई आत्मनिर्णयको अधिकार दिइएको छ । यिनीहरू धामी, झाक्रीमा विश्वास गर्ने गर्दछन् । यिनीहरूले सामाजिक कार्य गर्नका लागि गुठीको स्थापना गरेका छन् । यीनीहरूको मुख्य सामाजिक तथा धार्मिक कार्य गुठीअर्न्तगत हुने गरेको छ । गुठीमा हाल जेठा गुठी, माइला गुठी र कान्छा गुठी गरी ३ प्रकारका गुठी रहेका छन् ।

# अध्याय - एक

## १.१ अध्ययनको पृष्ठभूमि :

नेपाल एक कृषि प्रधान देश हुनुका साथै बहुभाषिक बहुजातीय बहुधार्मिक र बहुसांस्कृतिक सम्पन्न राष्ट्र हो । नेपालमा ६१ भन्दा बढी जनजातिहरू बसोबास गर्दछन् उनीहरूको आफ्नै छुट्टै भाषा संस्कृति, रीतिरिवाज छन् । नेपाल एक हिन्दू अधिराज्य भए तापनि यहाँ बुद्ध धर्म, इसाई धर्म, क्रिश्चियन धर्म, जैन धर्म आदि जस्ता धर्महरू पनि रहेको हुनाले नेपाललाई बहुधार्मिक राष्ट्र पनि भन्ने गरिन्छ तापनि यहाँको समाज हिन्दू धार्मिक संस्कारअनुसार नै परिचालित रहेको छ ।

नेपालको पूर्वदेखि पश्चिम महाकालीम्म तथा हिमालदेखि तराई प्रदेशसम्म बसोबास गरेका सबैजात जाति सिङ्गो नेपाली संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेका छन् । नेपाल अधिराज्यभित्र बाहुन, क्षेत्री, राई, लिम्बु, किँरात, तामाङ्ग, गुरूङ, सुनवार, जिरेल, मगर, चेपाङ, झाँगड, थकाली, दनुवार, माझी, दरै, थारू, राजवंशी, धिमाल, बोडो, सतार, राउटे, मुसलमान, नेवार आदि जस्ता विभिन्न जाति एवं जनजातिहरू आदिबासीहरू रहेका छन् । यिनीहरूको आफ्नै भाषा, संस्कारहरू, भेषभूषा रहेका छन् । जसले नेपालीहरूको पहिचान राख्न मद्दत् गरेको हामी पाउँछौं । त्यसैले नै हामी गर्व गर्दछौं की हाम्रो देश नेपाल अनेकतामा एकताको उदाहरण बनेको छ ।

विगत लामो समयदेखि नेपाल हिन्दू धर्मबाट नै निर्देशित भएको हुनाले यहाँ जातीय विभाजन कठोर रहेको छ । उच्च भनिने बाहुन, क्षेत्रीदेखि तल्लो तहका पोडे, च्यामे जस्ता छुननहुने र छोइएमा छोइछिटो हाल्नु पर्ने भनिएका जाति पनि विद्यमान रहेका छन् । अछूत भनिने जातिहरूमा कामी, दमाई र सार्कीहरू नेपालको हिमाली क्षेत्र र पहाडी क्षेत्रमा बसोबास गर्दछन्, त्यस्तै नेवार जाति भित्रका कसाई, पोडे, च्यामे, कुशुले काठमाण्डौं उपत्यकामा बसोबास गर्दछन् । तराई क्षेत्रमा डुम, तेली, सतार, मुसहर आदि जस्ता अछूत भनिने जातिहरू बसोबास गर्दछन् । पहाडी क्षेत्रमा गाईने, बादी जस्ता अछूत जात भनिने रहेको हामी पाउँछौं । यी अछूत भनिने जातिहरूको सामाजिक जीवनशैलीमा निरन्तर परिवर्तन का सृङखलाहरू देखिएका छन् ।

वि.सं. १९१० सालमा बनेको मुलुकी ऐन २०२० सालमा संसोधन गरी छुवाछुतको भावनालाई हटाउने कानून निर्माण भए पनि सन् १९५९, १९६२ र १९९० र अहिले बनेको नेपालको अन्तरिम संविधान २०६३ जस्ता संविधान निर्माण गरी जात, धर्म र लिङ्गको आधारमा कसैलाई पनि भदेभाव गरिने छैन भनि कानून निर्माण गरिए तापनि व्यवहारमा पूर्ण रूपमा लागू हुन नसक्दा उनीहरूले आफू शोषणको शिकार हुन पुगेको महशुस गरेका छन् ।

नेपालमा रहेका विभिन्न जनजातिहरूमध्ये नेवार पनि एक जनजातिअर्न्तगत रहेको हामी पाउँछौं किनभने यिनीहरूको आफ्नै संस्कृति, भाषा, धर्म, भेषभूषा आदि जस्ता छुट्टै विशेषता रहेका छन् । इतिहासलाई नै हेर्ने हो भने नेपाल शब्दको उत्पत्ति नै नेवारबाट भएको हो भन्ने किंवदन्ति पाइन्छ । यिनीहरू आफूलाई काठमाडौंका सबैभन्दा पुराना बासिन्दा पनि भन्दछन् । यिनीहरूको आफ्नै नेवारी भाषा रहेको छ । जुन तिब्बती बर्मेली भाषा अर्न्तगत पर्दछ । यिनीहरूको मुख्य पेशा व्यापार हो तर पनि काठमाडौंका नेवारहरू कृषि पेशामा पनि संलग्न रहेका छन् । नेवारहरूमा पनि उच्च, निम्न र मध्यम गरी विभिन्न तहका आफ्नै जात छुट्टाएका छन् । जसमा उच्चजातअर्न्तगत श्रेष्ठ, दैवज्ञ आदि र निम्न जातहरूमध्ये कसाई, पोडे, च्यामे, कपाली, धोवी, कुलू आदि पर्दछन् ।

यसरी नेपाल विविध भाषाभाषी जनजाति धर्म संस्कृति भएको देश हुँदाहुँदै पनि पिछडिएका जातजाति भाषाभाषीहरूको बारेमा खोज अनुसन्धान जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । यी पिछडिएका जातजातिहरूका समग्र विकास भन्नु नै राष्ट्रको समुन्नत विकास हो भन्नुपर्ने हुन्छ । पश्चिमीकरण, आधुनिकीकरण तथा संस्कृतीकरण जस्ता सामाजिक सांस्कृतिक प्रक्रियाहरूद्वारा विश्वजति सुकै अगाडि बढेतापनि नेपालमा प्राचीनकाल देखि बसोबास गर्दै आइरहेका विभिन्न जाति र जनजातिहरूले आफ्नो साँस्कृतिक सम्पदालाई आ-आफ्नै विशेष प्रकारको सांस्कृतिक पहिचान र राष्ट्रिय सम्पदाको बैभवको रूपमा संरक्षण र सवर्द्धन गर्दै आइरहेका छन् । यस प्रकार जाति, भाषा, धर्म र संस्कृतिका रूपमा विविधता भएपनि हामी सबै एक हो भन्ने एकताको भावनाले सबै अभिप्रेरित भएर सुदृढ राष्ट्रको रूपमा बसिरहेका छौं ।

यही क्रममा नेपालमा रहेका जनजातिहरूको बारेमा विभिन्न मुलुकका समाजशास्त्री तथा मानवशास्त्रीहरूलाई अनुसन्धानका लागि उर्वर भूमि हुन पुग्यो । यसरी नेपालका विभिन्न जनजातिहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक पक्षहरूको अध्ययन अनुसन्धान हुन थाल्यो । स्वदेशी तथा विदेशी अनुसन्धान कर्ताहरूको ध्यान केवल सुगम र वातावरणीय अनुकूल

हुने स्थानमा मात्र सिमित हुन पुगेकाले सबै जनजाति र जातिहरूको सामाजिक, सांस्कृतिक पक्षहरूमा अध्ययन अनुसन्धान हुन सकेको छैन । विकासको गतिमा अगाडि ल्याउन पिछडिएका जनजातिको अध्ययन अनुसन्धान अति आवश्यक रहेको छ । आर्थिक तथा सामाजिक रूपमा पिछडिएका भएपनि विभिन्न जनजातिहरू सांस्कृतिक रूपमा धनी रहेका छन् । यसरी सवै जनजातिको विविध पक्षमा अध्ययन अनुसन्धान हुन अति आवश्यक छ ।

नेपाल अधिराज्यको जुनसुकै ठाउँमा गए पनि नेवारहरूको आफ्नै अस्तित्व रहेको हामी पाउँछौं । नेपाली समाजभित्र नेवारको आफ्नै सामाजिक, आर्थिक, धार्मिक आदि विशेषता रहेको छ । नेवारहरू काठमाडौंका सबैभन्दा पुराना बासिन्दा हुन् । नेवारहरू आर्य, मंगोल र केही भागमा अष्ट्रेवाइड आदिवासी सबै मिसिएका छन् भने विश्वास गरिन्छ । नेवारी समाजको मूल थलो नै काठमाडौं उपत्यका मानिन्छ । केही वंशावलीले नेवारहरू ब्रम्हपुत्र क्षेत्रीय हुन् र यिनको आदि निवासस्थल दक्षिणको छिमेकी राज्यका नयार प्रदेश हो र यिनीहरू प्रथम कर्नाटकवंशी राजा नान्यदेवको साथमा नेपाल आएका मानिन्छन् । खास गरेर नेवारहरू जाति नभएर समुदाय हो । नेवार समुदायहरू भित्रै पनि चार जात छत्तिस बर्ण रहेका छन् । नेवारहरू गोर्खालीहरूको विजयभन्दा पहिलो नेपालका शासक थिए र यिनीहरू काठमाडौं लगायत भक्तपुर, ललितपुर, कीर्तिपुरका विभिन्न स्थानमा छरिएर रहेका छन् । त्यस्तै गरी नेवार समुदायभित्र धार्मिक दृष्टिकोणको विविधता गाँसिएको छ । अहिले पनि बौद्ध धर्म मान्नेहरू ठूलो सङ्ख्यामा नेवारहरू छन्, बौद्ध समाजमा तुलाधार, बज्राचार्य, शाक्य, मानन्धर, कंशाकार, आदि समाविष्ट भएको पाइन्छ भने श्रेष्ठ, अमात्य, प्रधान चित्रकार आदि हिन्दू धर्मावलम्वीहरू हुन् ।

नेवार जातिहरूले अरू जाति जस्तै अधिराज्यबाट बाहिर पनि आफ्नो बस्ती बसालेका छन् जस्तै सिक्किम, दार्जिलिङ्ग, भुटान, आसाम, बर्मा आदि स्थानहरूमा । यी नेवारहरू काठमाडौं उपत्यकाका पुराना बासिन्दा भएका हुनाले यी नेवारहरूले आफ्नो धार्मिक एवं सांस्कृतिक कार्यविधिमा प्रयोग गर्ने सम्वत्लाई नेपाल सम्वत भनिन्छ । यी नेवार समुदायभित्र पनि श्रमसीपसँग थर गाँसिएका छन् । यही कामको आधारमा समुदायभित्र स्तर वर्गीकरण गरिएको छ । जस्तैः तामाको काम गर्ने ताम्राकार, चित्र कोर्ने चित्रकार, राजाका भण्डारेहरूलाई राजभण्डारी, औषधि उपचार गर्नेहरूलाई वैद्य लगायत नेवारहरूका सम्पूर्ण थरहरू पेशासँग गाँसिएका छन् । नेवार समुदायभित्र रहेका थरहरू पनि भक्तपुर, ललितपुर र काठमाडौंमा फरक फरक छन् । विशेषतः भक्तपुरका नेवारहरूको थर अनौठो लाग्ने खालका छन् । नेवारहरूका थरहरूमा राजोपाध्याय भन्ने देउ बाहुन, भट्ट बाहुन, झा बाहुन, प्रधान, जोशी, मल्ल,

राजभण्डारी, अमात्य, मास्के, बैद्य आदि क्षेत्री सरहका र ७ थरीका अरू थुप्रै श्रेष्ठहरू हिन्दू हुन्छन् । श्रेष्ठ जातिका मानिसहरू अरू धेरै थरीका रहेका हुन्छन् । बज्राचार्य भन्ने गुभाजूहरू, शाक्य, भिक्षु भन्ने वाँडाहरू केही श्रेष्ठ तुलाधार, ताम्राकार, कंसाकार उदास आदि जातिहरू सबै बौद्ध हुन्छन् । विष्टः २०३५ ने.सं. साझा प्रकाशन, काठमाडौँ ) नेवार जातिहरू "वैश्य" वर्गमा पर्दछन् जसभित्र पनि विविध रूपमा उपजातहरू समाविष्ट रहेका छन् । त्यस्तै उपजातिमध्ये "कसाई" पनि एक जात हो । नेवार समुदायकै हिन्दू धर्म मान्ने जातिमध्ये कसाई पनि पर्दछ । यिनीहरू आफूलाई कसाई भन्न त्यति रूचाउँदैनन् र शाही, खड्गी, नाय, सिंह जस्ता थरहरू राख्ने गरेको पाइन्छ । कसाई जातिलाई नेवारी समुदायभित्र नै एक अछूत जातको रूपमा मानिन्छ । यद्यपि कसाई जातिको आफ्नै खास पेशा र सामाजिक महत्व रहिआएको छ ।

नेपालको दोस्रो शहरको रूपमा रहेको पोखराका मुख्य जाति मध्ये नेवारजाति भित्रको पनि अछूत भनिने वर्गका रूपमा रहेको कसाई जाति आफ्नो संस्कृतिमा जति धनी छन् त्यति नै मौलिकतामा पनि त्यतिकै धनी छन् । यस्तो महत्वपूर्ण स्थान ओगट्ने जातिको विशुद्ध सामाजिक सांस्कृतिक विषयमा समयमै खोजी गरेर ठोस विषयवस्तु प्रकाशमा ल्याउन सकिएन भने पछि गएर अन्य वर्गका संस्कृति, बढ्दो विश्वास र सञ्चार प्रविधिले गर्दा देशमा शताव्दीऔ सम्म स्थापित एउटा मौलिक सांस्कृतिक सम्प्रदायको विलय हुन धेरै समय लाग्दैन ।

कसाई जातिको मुख्य पेशा मासु काट्ने र त्यसको व्यापार गर्ने हो । तर, प्राचीनकालमा उनीहरूले भैंसी पाल्ने, दुध बेच्ने काम गर्दथे । भूमिमाथिको समान्ती स्वामित्व, आर्थिक विपन्नता, असमानता, कुसंस्कार, चेतनाको कमी र सामाजिक अन्यायका कारण यी जातिहरू पीडित भएका छन् ।  यी व्यक्तिहरू अहिले आएर आफ्नो पेशा भन्दा अन्य पेशा अपनाइरहेका छन् । पोखरामा ७०% मासुको व्यापार भने तिनै जातिबाट  भइरहेको छ । अहिलेका शिक्षित युवाहरू आफ्नो परम्परागत पेशालाई अपनाउन हिचकिचाइरहेका छन् । उनीहरू शिक्षित बनेर समाजमा आफ्नो छुट्टै अस्तित्व राख्न चाहन्छन् ।

हो, यहि पोखरा शहरभित्र भिन्न जातजातीहरू बसोबास गरेका छन् । यहि जातजातिहरू मध्ये नेवार पनि एक हो र यहि नेवार जाति भित्र रहेको विभिन्न जातजातीहरू मध्ये तल्लोजातिको रूपमा चिनिने कसाई, पोडे, च्यामे, कपाली, धोवी कुलू पनि यही हरेक क्षेत्रमा आ-आफ्नै पेशा सञ्चालन गर्दै आइरहेका छन् । यिनै नेवार भित्रका तल्ला जाति भनिनेहरू मध्येपनि सबैभन्दा उपल्लो स्थानमा रहेको एउटा जाति कसाई हो । जसको मुख्य पेशा भनेको मासु व्यापार रहेको छ । कसाई जातिलाई कसाई, नाय, सिंह, खड्गी साई भनेर पनि भन्ने

गरिन्छ । यिनीहरूको उद्‌गम स्थल काठमाडौं र भक्तपुरलाई मान्ने गरिन्छ । विषेशत यिनीहरू नेपाल अधिराज्यका शहरी क्षेत्रहरूमा बसोबास गरेको पाउँछौं । पोखरामा पनि ७०० जना कसाईहरू बसोबास गर्दछन् । यिनीहरू आफूहरूलाई तल्लो जाति अर्थात दलित जातअन्तर्गत नभएको बताउछन् । यिनीहरूको सामाजिक तथा आर्थिक अवस्था कस्तो खालको छ ? कसरी जिविकोपार्जन गरेका छन् ? यिनीहरूको शैक्षिक स्थिति कस्तो थियो र कस्तो छ ? भन्ने विभिन्न अवस्थाहरूको अध्ययन अनुसन्धान गरी यथार्थता पत्ता लगाउने, कोसिसअनुरूप यो अनुसन्धान गर्न लागिएको हो ।

## १.२ समस्याको कथन :

नेपाल चारजात छत्तिस वर्णको साझा फूलवारी हो । त्यसैले नेपाल बहुजातीय, बहुभाषिय, बहुसंस्कृति तथा बहुधार्मिक एक स्वतन्त्र राज्य हो । नेपालमा वसोवास गर्नेहरू अति धनीदेखि लिएर अति गरीव मानिससम्म रहेका छन् । घुमन्ते जीवन बिताइ हिंडने, कन्दमुल खानेदेखि लिएर ठूलाठूला महलरूपी भवनमा बसोबास गर्ने, विदेशी खानाखाने सम्मका मानिसहरू हाम्रो देशमा बसोबास गर्दछन् । प्राचीन समयदेखि नै केही ठूलाठालु व्यक्तिहरूले अथवा भनौं ठूला उच्च जाति भनाउदाहरूले उच्च जाति भएकै कारणले समाजमा मान, प्रतिष्ठा, इज्जत र माथिल्लो स्थानसम्म पहुँच रहेको छ भने तल्ला जाति भएकै कारण मान, प्रतिष्ठा र इज्जत कम भएको अवस्था विद्यमान रहेको छ। समाज भित्र रहेको उचता निचताको कारणले गर्दा नै आज हाम्रो देश अविकसित देशको रूपमा स्थापित हुन पुगेको छ।

प्राचीन कालमा नेपालको दक्षिणतिरबाट आएका आर्यहरू र उत्तर तिरबाट आएका मंगोल जातिहरूको समिश्रणबाट सिङ्गो नेपाली समाजको निर्माण भएको छ । यस्तो समिश्रण भए तापनि परापूर्व कालदेखि नै हिन्दू धर्म र संस्कृतिको जरा गाडीएको देश नेपाल हो । ऐतिहासिक कालक्रमलाई हेर्ने हो भने पनि नेपाली समाजमा जातीय उच्चता र निचताको परम्परा हुर्कदै आएको पाइन्छ । प्राचीनकालदेखि नै विभिन्न जालझेल अपनाएर उच्चजातिले निम्न जातिमा दमनपूर्ण व्यवहारहरू गर्दै आइरहेका छन् । यसरी हिन्दू धर्मलाई नै मान्ने तर तल्लो जातिको रूपमा राखिएको यस कसाई जातिको बारेमा देखिएका निम्न समस्याहरूको अध्ययन गरी एउटा दस्तावेज पेश गर्नु नै यस शोध-पत्रको समस्या हो ।

कुनै पनि समाज समयअनुसार परिवर्तनशील भइरहन्छ । यस प्रकारको परिवर्तनले प्रत्येक समुदायका जातिहरूको भाषा, संस्कृति, संस्कारहरू एवं जीवनशैलीमा प्रभाव पार्दछन् ।

विश्वमा आएको परिवर्तनबाट हाम्रो देश नेपालमा संस्कृति संस्कारहरू तथा जीवनशैलीमा परिवर्तन देखिएको छ भने कसाई समाजमा पनि यस्ता परिवर्तनहरू भइरहेका छन्  । तर यो कसाई समाजमा परिवर्तनहरू न्यून रूपमा भएको पाइन्छ ।

यस अध्ययनमा कसाई जातिको सामाजिक अवस्थामा आएको परिवर्तनको बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यसै सन्दर्भमा निम्न प्रश्नहरू उठाइएका छन् ।

१) कसाई जातिको वास्तविक पहिचान के हो ?

२) कसाई जातिको मुख्य पेशा के हो ? र त्यो पेशा हाल विधमान छ कि छैन ?

३) उनीहरूको मुख्य पेशाभन्दा बाहेक अन्य पेशामा कस्तो पहुच रहेको छ ?

४) कसाई जातिमा देखिएका समयसापेक्ष सामाजिक परिवर्तन के-के हुन् ?

५) कसाई समुदायको अन्य समुदायसँग कस्तो सम्वन्ध रहेको छ ?

६) कसरी सामाजिक संगठन, परिवार नातेदारी आदिले प्रक्रियात्मक भूमिका निर्वाह गरेको छ ?

### १.३ अध्ययनको औचित्य तथा महत्व :

कुनै पनि समुदायको सामाजिक तथा आर्थिक अवस्था र त्यसको परिवर्तन भन्नाले कुनैपनि समुदायमा रहेका परिवारको आकारमा आउने परिवर्तन, परिवारको दैनिक जीवनमा हुने परिवर्तन, कुनै पनि पेशामा हुने परिवर्तन, लवाई खुवाइमा हुने परिवर्तन, संस्कृतिमा हुने परिवर्तन, बसाइ-सराइ जस्ता कुराहरूलाई बुझाउछ । कुनै पनि समाजमा हुने सामाजिक आर्थिक परिवर्तनका कारणहरूको पहिचान गरी त्यसले समाजमा पारेको प्रभाव र असरको बारेमा अध्ययन गर्न यसले सहयोग गर्नेछ ।

नेपाल अधिराज्यमा पूर्वमेची देखि पश्चिम महाकालीसम्म कैयौं जनजातिहरू बसोबास गर्दै आइरहेको सर्वविदितै छ । यस्ता जातजातिको खोजी गरी उनीहरूको पहिचान गर्नु आजको सन्दर्भमा अति महत्वपूर्ण रहेको छ । नेपालको भूभागमा पहिलेदेखि नै बसोबास गर्दै आइरहेको जाति हुन् वा समुदाय उनीहरू नेपाली राष्ट्रियताका अभिन्न अङ्गको रूपमा रहेका हुन्छन् र उनीहरूलाई राष्ट्रियता विकासको मूल प्रवाहमा समाहित पार्दै जानु आजको टड्कारो आवश्यकता पनि हो । यस्तै नेपालमा बसोबास गर्ने जनजातिहरूमध्ये नेवार जाति पनि एक हो । यस जातमा पनि विभिन्न जात तथा उपजातहरू रहेका हुन्छन् । जस अनुरूप उच्च जाति र तल्लो जाति भनी विभाजन भएको पाउँछौ । नेवार जातिअर्न्तगत तल्लो तर उच्च जातिमा रहेको कसाई जाति पनि एक हो । त्यसकारण यस अध्ययनले कसाई जातिको जातिय पहिचान,

उत्पत्तिको बारेमा जानकारी समाजमा यस जातिको स्थान, यस जातिमा भएको धर्म, संस्कृति परम्परा, भाषा भेषभूषा, रीतिरिवाज र चालचलनको बारेमा तथा महिलाको समाजमा स्थान, पेशा, शैक्षिक अवस्था आदिको बारेमा अध्ययन गरी जनसमक्ष ल्याउन अति आवश्यक देखिन्छ । त्यसको निम्ति पनि यो अध्ययनले सहयोग गर्ने छ भन्ने अनुमान गर्न सकिन्छ ।

यस कसाई जातिको बारेमा हालसम्म विस्तृत रूपमा अध्ययन हुन नसकेको खण्डमा यसको अध्ययन गरी पोखरा उपत्यकामा बस्ने कसाई जातिको सामाजिक पक्ष र त्यसमा आएको परिवर्तन र कारण एवं प्रभावको बारेमा थप सामग्री थप्नेछ भन्ने आशा गरिएको छ । यसपछि जो कोहिले पनि कसाई जातिको बारेमा अध्ययन गर्न चाहन्छ भने त्यसलाई यो अध्ययनले मार्ग निर्देशन गर्नेछ । साथै स्वंयम् कसाई जातिलाई पनि उनीहरूको जातीय उत्थानमा समेत सहयोग पुग्नेछ । यसका साथै अनुसन्धानकर्ता, नीतिनिर्माता, योजना निर्माण गर्ने सम्बन्धित निकाय स्वदेशी तथा विदेशी अनुसन्धानकर्तालाई ध्यान आकृष्ट गर्नुका साथै समाजशास्त्र/मानवशास्त्र विषयको अध्ययनमा समेत सहयोग पुग्नेछ ।

### १.४ अध्ययनको उद्देश्य :

प्रस्तुत अध्ययन एक जनजातीय अध्ययन हो । त्यही जनजाति अर्न्तगत पर्ने कसाई जातिपनि हो । त्यसकारण नेवार जाति अर्न्तगत पर्ने कसाई जातिको सामाजिक परिवर्तन बारे जानकारी प्राप्त गर्ने यसको मूल उद्देश्य रहेको छ भने यस अध्ययनको विशिष्ठ उद्देश्यहरू निम्न रहेका छन् :

क) कसाई जातिमा आएको सामाजिक परिवर्तनका बारेमा चित्रण गर्नु ।

ख) कसाई जातिको अन्य जातिसँगको अन्तर सम्बन्ध बारे पहिचान गर्नु ।

ग) कसाई जातिको पेशामा आएको परिवर्तनको पहिचान गर्नु ।

### १.५ अध्ययनको सङ्गठन :

यस अध्ययनमा सात अध्याय रहेका छन् । अध्याय एक मा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व र अध्ययनको उद्देश्य जस्ता बुदाँहरूलाई व्याख्या गरिएको छ । यसरी नै अध्याय दुईमा सन्दर्भ साहित्यको मूल्याङ्कन रहेको छ । जसभित्र सम्बन्धित सर्न्दर्भ सामग्री अवधारणात्मक ढाँचा जस्ता बुदाँहरू रहेका छन् । त्यस्तै अध्याय तीनमा अनुसन्धान विधि रहेको छ । जसभित्र अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको छनौट र औचित्य तथ्याङ्कको स्रोत र प्रकृति, जनसङ्ख्याको आकार नमुना छनौट विधि, तथ्याङ्क सङ्कलनका विधिहरू,

अध्ययनको सीमा जस्ता बुदाँहरू रहेका छन् र ती बुदाँहरूको व्याख्या गरिएको छ । यसरी नै अध्याय चारमा अध्ययन क्षेत्र तथा कसाई जातिको सामान्य परिचय रहेको छ । जसभित्र अध्ययन क्षेत्रको जानकारी, कसाई जातिको उत्पत्ति, वसोवास स्थान, कसाई समाजमा हुने थरहरू, प्रमुख देवीदेवताहरू, नाता सम्बन्ध, शारीरिक बनोट, चाडपर्व, गुठी सङ्गठन, भेषभूषा, कसाई समाजमा हुने संस्कारहरू, पारिवारिक संरचना र त्यसको व्याख्या गरिएको छ । अध्याय पाँचमा कसाई जातिको सामाजिक अवस्थाको जानकारी रहेको छ । जसभित्र कसाई जातिको सख्याको आधारमा वर्गीकरण, उमेरको आधारमा वर्गीकरण, शिक्षाको आधारमा वर्गीकरण, वैवाहिक स्थितिको आधारमा वर्गीकरण, पेशाको आधारमा वर्गीकरण, आम्दानीका स्रोतहरू, मासिक वचत र खर्चको अवस्था आदिलाई व्याख्या गरिएको छ ।

त्यस्तै अध्याय छ मा कसाई जातिमा आएको सामाजिक परिवर्तनलाई व्याख्या गरिएको छ । जसभित्र थरमा आएको परिवर्तन, महिलाको स्थानमा आएको परिवर्तन, कसाई पेशामा आएको वाहिरी हस्तक्षेप, परिवारको संरचनामा आएको परिवर्तन, विवाहको प्रचलनमा आएको परिवर्तन, कसाई जातिको अन्य जातिसंगको सम्बन्धमा आएको परिवर्तन, ठूला जातिले कसाई जातिलाई हेर्ने दृष्टिकोणमा आएको परिवर्तन, घरहरूको प्रकारमा आएको परिवर्तन, पहिरनमा आएको परिवर्तन, खाना पकाउने इन्धनमा आएको परिवर्तन, शिक्षाको क्षेत्रमा आएको परिवर्तन, राजनैतिक क्षेत्रमा आएको परिवर्तन, धर्ममा आएको परिवर्तन इत्यादि रहेको छ । त्यस्तै अध्याय सातमा सारांश र निचोड रहेका छन् ।

### १.६ अध्ययनको सीमा :

कुनैपनि विषयवस्तुको अध्ययन गर्ने क्रममा सीमाको निर्धारण गर्नु अपरिहार्य देखिन्छ । सीमाको पूर्व निर्धारण गर्नुको प्रमुख कारण समग्रमा सम्पूर्ण पक्षको अध्ययन गर्न नसक्नाका साथै समय र आर्थिक तत्वको खाँचोले गर्दा नै हो । यस अध्ययन क्षेत्रभित्र नेपाल अधिराज्यभरि बसोबास गर्ने विभिन्न ठाउँका साई जातिहरूको बारेमा अध्ययन गर्न नसके तापनि पोखरा उपत्यकामा बसोबास गर्दै आइरहेका साई जातिको बारेमा यथार्थता उतार्ने जमर्को गरिएको छ । पोखरा क्षेत्रभित्र बसोबास गर्ने साई जातिको सामाजिक, आर्थिक अवस्थाका बारेमा मात्र सीमाङ्कन गरी अध्ययन गरिने हुनाले समग्र नेपाल अधिराज्यमा बसोबास गर्दै आएका साई जातिको अध्ययनको लागि सामान्यीकरण नहुन पनि सक्छ ।

# अध्याय - दुई

## सम्वन्धित साहित्यको सिंहावलोकन

### २.१ सन्दर्भ साहित्यको सिंहावलोकन :

नेपालमा वसोवास गर्ने प्रंमुख जाति र जनजातिहरूको सामाजिक आर्थिक सास्कृतिक लगायत अन्य विभिन्न पक्षको वारेमा वर्णन गर्नु समाजशास्त्र र मानवशास्त्रका दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । नेपालमा वसोवास गर्ने गरेका विभिन्न जनजातिहरूको सामाजिक तथा आर्थिक पक्षवारे विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूले समय समयमा अध्ययन र अनुसन्धान गरेको पाइन्छ । यस्तै अध्ययन गर्ने क्रममा नेवार जातिको बारेमा अध्ययन र अनुसन्धान पनि धेरै नै भएको पाइन्छ तर नेवार जाति भित्र रहेको पोखराका कसाई जातिको बारेमा त्यस्तो कुनै अध्ययन र अनुसन्धान भने भएको छैन ।

नेपाल एक बहुभाषिक, बहुजातिय, वहुधार्मिक र वहुसास्कृतिक देश हो । नेपाल अधिराज्यको संविधान २०४७ तथा नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ समेतले विभिन्न जाति, धर्म, भाषा, वर्ग र साम्प्रदायिक वीच विद्यमान सवै प्रकारका आर्थिक एवं सामाजिक विभेद हटाउने र अन्याय एवं नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्ने सवै जाति धर्म सस्कृतिको विकासद्धारा सास्कृतिक विविधता र पहिचान कायमै राखी राष्ट्रिय एकता सुदृढ गर्ने र शिक्षा स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आदिवासी जनजातिको उत्थान गर्ने परिकल्पना अघि सारेको छ ।

नेपालको सामाजिक संरचनामा हिन्दू वर्ण व्यवस्था तथा जाति व्यवस्थाको ठूलो प्रभाव रहेको छ । यहाँ आदिकालदेखि वसोवास गरी आएको इण्डो आर्यन र निवेटो वर्मन दुवै मुलुकका जात जातिहरूलाई हिन्दू वर्ण व्यवस्थामा नै समाहित गर्ने प्रवन्ध वि.स. १९१० को मुलुकी ऐनले गरेको थियो । उक्त ऐनले तागाधारी, मतवाली, पानी चल्ने छोइछिटो हाल्नु नपर्ने र पानी नचल्ने छोए छिटो हाल्नु पर्ने गरी चार प्रकारमा विभाजन गरेकामा नेपालमा पाइने सबै खाले जनजातिहरू मतवाली अर्न्तगत पर्दछन् । विविध लेख एवं अनुसन्धानमा नेवार, गुरूङ्ग, राई, लिम्वु, तामाङ्ग, मगर, थारू, चेपाङ्ग आदिवासी हुन् भन्ने लेखेको पाइन्छ । यिनीहरूको जनसङ्ख्याको संरचनाको आधारमा दुई भागमा विभाजन गरी हेर्ने प्रचलन छ । (१) वहुसङ्ख्यक जनजातिमा नेवार, गुरूङ्ग, मगर, राई, लिम्वु, तामाङ्ग र थारू (२) अल्पसङ्ख्यक जनजातिमा

राजवंशी, धनतचाल, डोल्पो, लहोमी, हायू, राउटे, सतार, सुनुवार, सुरेल, जिरेल, चेपाङ्ग, कसुण्डा, थकाली आदि पर्दछन् । वसोवासको हिसावले कसाईहरू नेपालको काठमाडौँ जिल्लामा नै वढी भन्दा वढी रहेका छन् ।

द्रविडियन नस्लका खड्गी शाही वा नाय जातिले नेवार बारे ऐतिहासिक वंशावली खोतल्ने हो भने कर्णाटकदेखि सिम्रौनगढसम्मको अध्ययन आवश्यक हुन्छ । नेपालमा मासु तथा फलफुल व्यापार सैनिक प्रहरी सेवा र गीत सङ्गीतमा माहिर मानिने खड्गी जातिवारे नेपालको ऐतिहासिक रूपरेखा बालचन्द्र शर्माले राइट वंशाललीको हवाल दिदै नेपाल संवत् ९ (शक संवत् ११) मा कर्णाटवशिं नालुक्य सम्राट सोमेश्वर का सेना प्रमुख नायर वशिं न्ययदेव नेपाल प्रवेश गरेको उल्लेख छ । ( नेपाल समाचार पत्र, २०५८ असोज २० गते, शनिवार)

नेवार काठमाडौँ खाल्डोका सवैभन्दा पुराना वासिन्दाहरू हुन् । नेवारका आधिपुर्खा किरात र लिच्छवीहरू अनि विभिन्न समयमा यँहा आकर्षित भएर विभिन्न दिशावाट आएका अनेक उत्पत्तिका सबै मानिस कालान्तरमा नेवार भएर गए । त्यसैले नेवारमा आर्य मंगोल र केहि मात्रामा यहाँका अष्ट्रेलाइड आदिवासी सबै मिसियका छन् । नेवार मध्ये खेतीको काम गर्ने ज्यापू, व्यापार गर्ने व्यापारी र सामाजिक तथा धार्मिक स्तरमा माथि ठहरिने क्षत्री वरावरका श्रेष्ठ छ थरि तथा बाहुनहरू पनि छन् । तर भाषा रिति चाल चलनले यी सवै जातलाई मिलाएर नेवार भन्ने गरिएको छ । नेवार भाषामा नेवारलाई नेवाः मात्र भन्ने चलन छ । ( विष्ट, २०५५)


नेवारहरूको प्राचीन वासस्थान काठमाडौँ उपत्यका हो । नेवार जनजाति तिव्वती वर्मेली भाषिक परिवारभित्रको समुदाय अन्तर्गत पर्दछन् । नेपाल शव्दको उत्पत्तिसँगै नेवार जातिको विकासक्रम पनि भएको हो । उपत्यकाभन्दा बाहिरका गुल्मी गोर्खा वाग्लुङ इलाम सिन्धुपाल्चोक जस्ता स्थानमा नेवारी वसोवास पाइन्छ । नेवारी सस्कृति पर्वते सस्कृति भन्दा पृथक् र आफ्नै जातीयत बोकेको संस्कृति हो । (जि. एस नेपाली, १९६५)

नेवार समुदायभित्र उच्च व्राम्हणदेखि अछूत जातसम्मका जातिगत समूह पाइन्छन् । नेवार जातिभित्र हिन्दू तथा वौद्ध दुवै धर्म मान्ने गर्दछन् । नेवारभित्र जात थर र परिवारको विभाजन पनि थुप्रै छ । राजोपाध्याय भन्ने देउवाहुन, भट्ट वाहुन, झा वाहुन, प्रधान, जोशी, मल्ल, राजभण्डारी, अमात्य, मास्के आदि क्षेत्री सरहका ६ थरेहरू र अरू थुप्रै श्रेष्ठ हिन्दु हुन् । श्रेष्ठ जातका मानिसहरूका अझ धेरै थर हुन्छन् । वज्राचार्य भन्ने गुभाजूहरू, शाक्य, भिक्षु भन्ने वाँडाहरू, केहि श्रेष्ठहरू, तुलाधर, ताम्राकार, कंशाकार आदि भन्ने उदासहरू जति सबै बौद्ध हुन्

। माथि भनिएका बाहेक अरू यस्ता थरहरू पनि हुन् अवा, कुमा, महर्जन, डङ्गगोल, सुवाल, मानन्धर, तण्डुकार, नापित, नकर्मी, माली, कुष्ले, खड्गी, च्यामे आदि । ( विष्ट, २०५५)

नेवारी जातीय संरचना पनि हिन्दू धर्म अर्न्तगतको संरचना जस्तै छ । जसमा उच्च व्राम्हणदेखि अछूत सम्मका जातिहरू विभिन्न पद र भूमिकामा रहेका हुन्छन् । जसमा क्रमश : पुजारी जात, उच्च जात, उच्च न्युन जात, तल्लो जात र अछूत जात गरी विभाजन गरिएका छन् ।

**रेखा चित्र नं.२.१**




*(साभार: नेवारी जातीय स्तरीकरण नेपाली, 1965)*

नेवारी समुदायको महत्वपूर्ण संस्था गुठी हो । यस गुठीले समुदायका जातजातिलाई एउटै ठाउमा समेट्दछ । गुठीको प्रमुख कार्य सामाजिक कार्यहरूको परिपूर्ति गर्नु हो । सबै नेवारहरू कुनै तहमा रहेर पनि कुनै न कुनै गुठीमा आवद्ध भएका हुन्छन् । इतिहासदेखि नै नेवारहरू देवाली गुठीमा संलग्न छन् । नेवारी समुदायमा मुख्य गरी सना गुठी, देवाली गुठी, र देया गुठी प्रभावकारी छन् । विभिन्न उदेश्यका निम्ति विभिन्न गुठीहरू स्थापित भएका हुन्छन् । जस्तै सखु पुजा गुठी जुन माघ महिनामा सरस्वतीको पूजा गर्ने गुठी हो । त्यस्तै कसैको मुत्यु भएमा सना गुठी आदि । (नेपाली, १९६५)

नेवार जातिमा हिन्दु र वौद्ध दुवै धर्मका अनुयायी पाइन्छन् । कोहिकोहिले दुवै धर्म मान्दछन् । यी दुवै धर्मावलम्वीमा जात प्रथा छ । व्यापारी र ज्यापू छुट्टै जातमा पर्दछन् । कसाई तल्लो जातमा पर्दछ भने पोडे च्यामेलाई पानी नचल्ने जातको मानिन्छ । (टोनी हेगन, १९९८)

सन् १९५४ को मुलुकी ऐनले च्यामे जातिलाई सबभन्दा तल्लो जातिमा राखेको छ किनभने यिनीहरूले अन्य जुनसुकै जातिको पनि खराव खाना ( जुठो ) खाने गर्दछन् भने खड्गी जाति पनि तल्लो जातिको सबभन्दा उपल्लो जाति अर्न्तगत पर्दछन् । उनीहरूले अन्य तल्लो जातिको खानपान स्वीकार गर्दैनन् र अर्को कुरा अन्य उच्च जातिले उनीहरूले ल्याएको दुध स्वीकार गर्दछन् ।

राजा हरिसिंह देवको आज्ञा अनुरूप इष्टदेवी महाशक्ति देवी तलेजु भवानीको लागि पशु बलि दिने क्रममा यिनै नायर, नाय, सिहं जातिले जंगली अर्ना महिषलाई खड्गले प्रहार गरी वलि पुजामा प्रमुख भूमिका निभाएको हुनाले राजा खुशि भई उसलाई खड्गी उपाधिले सम्मानित गरे पश्चात खड्गी जातिको उत्पत्ति भएको हो । ( नेपाल खड्गी सेवा समिति स्मारिका, २०५९)

नेपालमा वसोवास गर्ने नेवार जाति ६४ जातमा विभाजित छन् । यी ६४ जाति नेवारहरूको रिति रिवाज एकै किसिमको छ । जातीयताको सवालमा हाल आएर नेवार जातिमा पर्ने साई र कथित कसाई उल्लेखित जात नेपालमा पाइन्छन् । किराँत कालमा साई र कसाई जात भन्ने थिएन । जयस्थिति मल्लले नै आफ्नो समयमा नेवार जातिहरूमा जाति प्रथा लागु गरेका थिए । ( नेपाल खड्गी सेवा समिति, स्मारिका, २०६१)

१८५४ सालको मुलुकी ऐनले कसाईहरूको जातीय पेशा दुध व्यापारी र मासु व्यापारी अन्तर्गत राखेको छ । धेरै जसो मलामीमा ज्यापू र कसाईहरू काटा नामक बाजा (जसलाई इन्द्र बाजा पनि भनिन्छ) बजाउदै लाशको अघि लाग्दछन् ( शर्मा जनक लाल, २०३७) ।

कसाई वा खड्गी मासु काट्ने र वेच्ने काम गर्दछन्  (विष्ट, २०५५) ।

नेवार समाजमा छुट्टै वर्ण व्यवस्था पनि छ किनभने यिनीहरू ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र छुट्टै छन् । राजा सिद्धिनरसिहंले यस वारेमा विशेष नियमहरू बनाएको वंशावलीमा उल्लेख छ ( शर्मा नरेन्द्र, २०३७) ।


कसाई जातिको सामाजिक सास्कृतिक आर्थिक अवस्था र परिवर्तनको बारेमा जान्नु र अध्ययन गर्नु अगाडि कसाई जातिसँग सम्वन्धित नेवार जातिको बारेमा जान्नु पहिलो आवश्यकता थियो । जसमा जि.एस. नेपाली, डोर वहादुर विष्ट, जनकलाल शर्माको नेवार

सम्वन्धी किताबहरूबाट त्यसको बारेमा जानकारी प्राप्त गर्न सजिलो भयो । त्यसै गरी २०५९ साल र २०६१ सालमा प्रकाशित नेपाल खड्गी सेवा समितिले निकालेको स्मारिका पुस्तकबाट पनि यस कसाई जातिको इतिहासदेखि वर्तमानसम्मको अध्ययनमा निकै सहयोगी सामाग्रीको रूपमा रह्यो ।

## २.२ अवधारणागत ढाँचा :

पेशागत रूपमा चिनिएको यस कसाई जातिको समाजमा महत्वपूर्ण भूमिका रहेको छ । यस अध्ययनले यस जातिको परिचय दिने प्रयास गर्ने छ । सम्वन्धित साहित्यको अध्ययन गरी उद्देश्य र समस्या कथनको समेत आधारमा निम्न अनुसारको अवधारणागत ढाँचा निर्माण गरिएको छ ।

**रेखा चित्र नं.२.२**




यस अध्ययनले कास्की जिल्ला अन्तर्गत पोखरामा बसोबास गर्ने कसाई जातिको सामाजिक आर्थिक तथा सास्कृतिक स्थिति र परिवर्तनको बारेमा केन्द्रित रहने छ । उक्त विषयहरूलाई झल्काउन कसाई जातिसँग सम्वन्धित पेशागत स्थिति, कसाई समुदायका सास्कृतिक पक्षहरू, विकासका लागि भएका प्रयासहरू, राजनैतिक पहुँच, सामाजिक संगठनको अवस्था, अन्य जातिले कसाई जातिलाई हेर्ने दृष्टिकोण र बानी व्यहोरा आदि बुँदाहरूलाई अवधारणगत रूपमा विकास गरिएको छ ।

# अध्याय - तीन

# अनुसन्धान विधि

### ३.१ अनुसन्धानको ढाँचा :

यस अध्ययन अन्वेषणात्मक र वर्णनात्मक ढाँचामा रहेको छ । यो अध्ययन समस्याको कारक तत्व र समाधानका उपायहरू समेत भएकोले खोज मुलक प्रवृत्तिको रहेको छ । कसाई समुदायमा रहेको यथास्थितिलाई वर्णन गरिने भएकोले वर्णनात्मक पद्धतिको प्रयोग पनि यस अनुसन्धानमा रहेको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य :

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र भित्र पर्ने गण्डकी अञ्चल कास्की जिल्लाको पोखरा उपमहानगरपालिका यस अध्ययनको मुख्य केन्द्र रहेको छ । यो अध्ययन क्षेत्र पोखरा उपमहानगरपालिका भित्र नै पर्दछ तर पनि यस क्षेत्रमा अर्थात जहाँ जहाँ कसाई जातिको बसोवास छ त्यस ठाँउमा अन्य ठाँउहरू भन्दा अलिक फोहर छ जसको मुख्य कारण नै मासुको व्यापार गर्ने क्रममा राँगा तथा बंगुर काटेपछि त्यसको रगत, हड्डी, छाला तथा ती जनावरको मलमूत्र नै हो । यी कसाई जाति नेवार जाति अन्तर्गदको जातीय विभाजनमा अछूत भनिने जाति भित्र पर्दछन् । तर पनि यिनीहरू आफूलाई दलित भन्न रूचाउदैनन् । यस क्षेत्रका कसाईहरू धनी वर्गदेखि निम्न वर्गको मानिसहरूको समेत अध्ययन क्षेत्रमा वसोवास रहेको छ ।

यी समुदायका मानिसहरू कम शिक्षित हुन् भने अहिलेका नयाँ पिढीहरू भने प्राय शिक्षित नै देखिन्छन् । तर पनि यिनीहरू प्राय कसैले पनि सरकारी जागिर खाने तर्फ अग्रसर भएको पाइँदैन । अहिलेका नँया पिढीहरू पेशा कै आधारमा आफूलाई कसाई भनेर चिनाउन चाहदैनन् जसले गर्दा आफ्नो थरमा पनि शाही वा खड्गी लेख्ने गर्दे आएका छन् । यस समुदायका महिलाहरू प्राय आफ्नै घरमा बस्ने गर्दछन् । यिनीहरू विहान वेलुकी भने मासु व्यापार तिर लाग्दछन् भने पुरूषहरू प्राय राँगाहरू (जनावर) काट्ने काम सकिएपछि घरमा नै वस्ने गरेको पाउँछौं । यस्ता भिन्न कारणले गर्दा यो समुदाय वा जाति अरू जाति वा समुदाय भन्दा पछाडि परेको छ । जसले गर्दा नयाँ पुस्तामा नराम्रो असर गरेको छ । यस कसाई समुदायमा चेतनाको कमी भएको पाउँछौं । यस समुदायका टोलमा निम्न प्रमुख समस्याहरू रहेको छ ।

१ फोहर मैला को उचित व्यवस्था गर्न नसक्नु ।

२ खानेपानी ट्वाइलेटको घर घरमा राम्रो सुविधा नहुनु ।

३ बोली-चालीमा सुधार हुन नसक्नु, आदि ।

यो अनुसन्धानको अध्ययन क्षेत्र कास्की जिल्लाको पोखरामा पर्दछ र यही पोखरामा वसोवास गर्ने कसाई समुदायलाई अध्ययनको लागि छनौट गरिएको छ । यस स्थानमा वसोवास गरेका कसाई जातिको अध्ययन गर्ने क्रममा यस जातिको यथार्थता पत्ता लगाउनु र यस जातिको सामाजिक अवस्था र परिवर्तनको वारेमा यो अध्ययन केन्द्रित रहेको छ । अनुसन्धानकर्ताको पूर्व केही जानकारी तथा रूचि भएकोले यस स्थानमा वसोवास गरेका कसाई जातिको सामाजिक परिवर्तनको अध्ययन गर्न यो क्षेत्रको छनौट गरिएको हो ।

### **३.३ तथ्याङ्कको स्रोत र प्रकृति :**

यस कसाई जातिको सामाजिक परिवर्तन सम्वन्धी शोध-पत्र तयार गर्नको लागि निम्न लिखित स्रोतहरूलाई लिइएको थियो ।

#### *३.३.१ प्राथमिक स्रोत :*

कुनै पनि अनुसन्धानकर्ताले अनुसन्धान गर्दा वास्तविक तथ्य एवं जानकारी प्राप्त गर्न प्रत्यक्ष अवलोकन गर्नु पर्दछ । यसको लागि अनुसन्धान कर्ताले घटनाको निकटतम रही सामग्री संकलन गरेको र कतिपय कुराहरू जस्तै यिनीहरूको समुदायमा हुने सस्कार अन्तर्गत गुफा राख्ने चलन, विवाह सस्कार, मृत्यु संस्कार आदिमा आफै उपस्थित भई अवलोकन गरी तटस्थ रूपमा तथ्याङ्क संकलन गरिएको छ । साथै अनुसन्धान कर्ता आफै अध्ययन क्षेत्रमा गएर घरधुरी सर्वेक्षण, त्यस समुदायमा भएका जान्ने सुन्ने व्यक्तिहरूसंगको अन्तर्वार्ता र समुदाय भित्र वसोवास गर्ने अन्य छिमेकीसँगको अन्तर्वार्ता आदि माध्यमहरू रहेका थिए । यस स्रोतवाट स्थलगत सर्वेक्षणमा प्रश्नावली प्रयोग गरी समाजमा भएका वास्तविक सूचनाहरू सङ्कलन गरिएको छ । त्यसै गरी यस समाजका बारेमा बास्तविकता र वढि मात्रामा सूचना तथ्याङ्कहरू प्राप्त गर्नको लगि समुदाय वरिपरि बस्ने जान्ने बुझ्ने व्यक्तिहरू, शिक्षक, कर्मचारी, सामाजिक कार्यकर्ता आदिलाई अन्तरर्वार्ताको रूपमा लिई सूचना संकलन गरिएको छ । कसाई समुदायको वर्तमान सामाजिक अवस्था जातीय अन्तरसम्वन्ध त्यसमा आएका विभिन्न परिवर्तन सम्वन्धि सुचना प्राथमिक स्रोतवाट संकलन गरिएको छ । साथै तथ्याङ्क संकलन गर्नको लागि त्यहि समुदायमा खड्गी सेवा समिति भन्ने संस्था पनि स्थापना भएको र त्यस समितिवाट अनुसन्धान

कर्तालाई कसाई जातिको जनसङ्ख्या र समाजको बारेमा जान्न बुझ्ने मौका मिल्नुका साथै तथ्याङ्क सङ्कलन गर्न अनुसन्धान कर्तालाई सजिलो भएको थियो ।

### *३.३.२ द्वितीय स्रोत :*

अध्ययनको द्वितीय स्रोतमा कसाई जातिसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, नेवारसँग सम्बन्धित भएका कारण नेवार जातिको अध्ययन गरी लेखिएको पुस्तक, प्रकाशित अप्रकाशित भिलेज प्रोफाइल तथा कृति आदि रहेका छन् । यी द्वितिय स्रोतहरूमा सम्वन्धित पुस्तकालय, खड्गी सेवा समाज, कार्यालय तथा अन्य निकाय पनि भएका र जसवाट अध्ययनको सम्वन्धित सामाजिक आर्थिक सास्कृतिक अवस्थाका कुराहरू लिइएको थियो । यस द्वितिय श्रोतवाट प्राप्त ूसचनाहरू बढी भन्दा बढी सहयोगी र सत्य तत्याङ्क प्राप्त गर्न सजिलो होस् भन्नाका खातिर माथि उल्लेखित द्वितीय स्रोतहरू उल्लेख गरिएको छ । कसाई जातिको उद्गम स्थल इतिहास सम्वन्धित साहित्यको अध्ययन आदि सूचना द्वितीय स्रोतवाट प्राप्त गरिएको छ । तसर्थ प्राथमिक स्रोतवाट सङ्कलन गरिएको सामाग्रीलाई द्वितीय स्रोत सँग समाजस्य स्थापना गरी कमवद्ध रूपले प्रस्तुत गरिएको छ ।

### *३.३.३ तथ्याङ्कको प्रकृति :*

यो अध्ययन एक समाजशास्त्रीय अध्ययन भएकाले मात्रात्मक भन्दा गुणात्मक पक्षलाई बढी जोड दिइएको छ तर पनि कतिपय विवरणहरूलाई मात्रात्मक रूपमा पनि प्रयोग गरिएको छ । उदाहरणको लागि उमेर अनुसार वर्गीकरण लिङ्गको आधारमा वर्गीकरण समेतका सूचनाहरू मात्रात्मक हुन् भने महिलाहरूको समाजमा स्थान समेत अन्य चाहिँ गुणात्मक सूचना हुन् ।

### *३.३.४ जनसङ्ख्याको आकार र नमूना छनौट :*

यस अनुसन्धानको अध्ययन क्षेत्र कास्की जिल्ला अर्न्तगत पोखरामा वसोवास गर्ने कसाईहरू ६५ घर परिवारमा रहे बसेका छन् । २०६४ सालमा अनुसन्धान कर्ताले लिएको तथ्याङ्क अनुसार यिनीहरूको जनसङ्ख्या पोखरामा ७८० रहेको छ । मुख्य रूपमा पोखरा उप महानगर पालिका वडा नं. १ को वगर, वडा नं. २ को वाग्लुङ्ग वसपार्क र मोहरीया टोल र वडा नं. ३ को नदीपुर मा बढी मात्रामा वसोवास गर्दछन् भने केही कसाईहरू वडा नं.११ को रानीपौवा र महेन्द्रपुलमा वसोवास गर्दछन् र अन्य वडाहरूमा केही कम अर्थात यिनै वडाहरूवाट बसाइ सराइ गरी गएकाहरू छन् । यी क्षेत्रमा वसोवास गर्ने ६५ घर परिवारहरू मध्ये अध्ययनको लागि ३० घर परिवार लिइएको छ ।

यस अध्ययनको लागि कसाई जातिको प्रत्येक टोलहरू अर्थात् वडाहरूवाट प्रतिनिधिन्व हुने गरी कुनै न कुनै पेशामा संलग्न घर परिवारका प्रमुख व्यक्तिहरूसंग पनि प्रश्नहरू सोधेर तथ्याङ्क संकलन गरिएको छ । उच्च शिक्षामा अध्ययनरत व्यक्ति, जागिरे, महिला, तथा पुरूष, मासु व्यापारी, घरेलु कार्यमा संलग्न महिला, बेरोजगार महिला तथा पुरूष, श्रमिक, आदि व्यक्तिहरूवाट प्रतिनिधिन्व हुने गरी सम्भावनायुक्त नमूना छनौट विधिवाट नमूना छनौट गरिएको छ ।

**३.५ तथ्याङ्क सङ्कलनका विधिहरू :**

यस कसाई जातिको सामाजिक परिवर्तन सम्वन्धी तथ्याङ्क सङ्कलनका विधिहरू धेरै नै रहेका छन् तर यस शोध-पत्र तयार गर्नको लागि निम्न लिखित तथ्याङ्क संकलनका विधिहरू अपनाइएको थियो ।

***३.५.१ अवलोकन :***

यस अवलोकन विधिद्वारा कसाई समुदायका चाडपर्व रहनसहन विवाह सस्कार, मृत्यु संस्कार, भेषभूषा आर्थिक क्रियाकलाप, व्यापारीको व्यापार गर्ने स्थान लगायतका समाजका विभिन्न पक्षहरूमा अवलोकन गरिएको छ । यसरी अवलोकन गर्दा पनि अध्ययन बढी विश्वासिलो गुणात्मक र प्रमाणिक हुने विश्वास गरिएको छ । अवलोकन विधिवाट तथ्याङ्क संकलन गर्दा असहभागी अवलोकन विधिको प्रयोगलाई प्राथमिकता दिएको छ । अवलोकन गर्दा शोधकर्ता आफै यस समुदायमा गएर विहान, दिउसो र बेलुकी त्यस स्थानमा गई भिन्न भिन्न खालका सूचनाहरू सङ्कलन गरिएको छ । त्यसै गरी राँगा काट्ने ठाँउ, राँगाको पाल्ने गोठ लगायतका ठाँउमा गएर तथ्याङ्क संकलन गरिएको छ । अवलोकनका वुँदा सूचि अनुसुची १ मा दिइएको छ ।

***३.५.२ घरधुरी सर्वेक्षण :***

घरधुरी सर्वेक्षण अध्ययनको मुख्य तथ्याङ्क सङ्कलन विधिहरू मध्ये एक हो । घर धुरी सर्वेक्षणमा अर्ध संरचनात्मक प्रश्नावली बनाई अध्ययन गरिएको छ । यसवाट अवलोकन र अन्तर्वार्तावाट संकलन हुन नसकेका तथ्याङ्क वुझ्न मद्धत पुगेको थियो । घरधुरी सर्वेक्षणमा प्रति परिवार एकजनावाट तथ्याङ्क लिइएको थियो । जसका लागि घरको मुख्य व्यक्ति जो घर व्यवहार चलाउने घरमुली हो उसलाई नै अध्ययनमा प्राथमिकता दिइएको थियो । प्रश्नावली अनुसूची २ मा दिइएको छ ।

### *३.५.३ अन्तर्वार्ता :*

अन्तरवार्ता सामाजिक अनुसन्धानको एक आवश्यक तथ्याङ्क संकलन विधि हो । त्यस समुदायमा रहेका जान्ने वुझ्ने व्यक्तिहरू, जस्तै शिक्षक, विद्यार्थी राजनैतिक कार्यकर्ता, सामाजिक कार्यकर्ता, खड्गी सेवा समितिका अध्यक्ष तथा समाजमा रहेका अन्य जातिहरू संग अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्ता कसाई जातिको उत्पत्ति, विकास, विभिन्न किसीमका धार्मिक संस्कार, परम्परा, पेशा, शिक्षा, कसाई जातिमा आएको सामाजिक सास्कृतिक परिवर्तनहरूको पक्ष आदिमा आधारित भएर गरिएको छ । अन्तर्वार्ता फारम अनुसूची ३ मा दिइएको छ ।

कुनैपनि सामाजिक अनुसन्धानको प्रमाणिकता र विश्वसनीयता भन्ने कुरा तथ्याङ्क संकलन को विधिमा भरपर्ने गर्दछ । कुनै पनि अनुसन्धानलाई कस्तो कार्यविधि अपनाउने भन्ने कुरा विषयगत रूपमा भरपर्ने हुँदा यस अध्ययन कसाई जातिको सामाजिक अवस्था र परिवर्तनलाई सकेसम्म विश्वसनीयता र प्रमाणीकताका लागि नै अवलोकन, घरधुरी सर्वेक्षण, र जान्ने वुझ्ने व्यक्तिसंगको अन्तर्वार्तालाई छनौट गरिएको हो ।

## ३.६ तथ्याङ्क विश्लेषण

विभिन्न अनुसन्धान विधिहरूवाट प्राप्त तथ्याङ्कहरूलाई आवश्यकता अनुसार सङ्ख्यात्मक तथा व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । सङ्ख्यात्मक रूपमा प्रस्तुत गरिने तथ्याङ्कलाई साधारण तालिकामा सङ्ख्या र प्रतिशतको रूपमा व्याख्या गरिएको छ भने अन्य सङ्कलनलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा :

कुनै पनि अनुसन्धान कार्य गर्दा त्यस अनुसन्धानको समय र सीमा तोकिएकै हुनु पर्दछ । खासगरी प्रस्तुत शोधपत्र स्नाकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने उद्देश्यले लेख्न थालिएको हुँदा नेपाल अधिराज्यभर छरीएर रहेका सम्पुर्ण कसाई समुदायको जनगणनाकै प्रश्नावली भरेर ल्याउन धेरै समय लाग्ने र वजेटको पनि आवश्यकता त्यहि अनुरूप नै लाग्ने भएको हुदा एउटा विद्यार्थीको हैसियतले यसलाई ठूलो क्षेत्रमा लिन असम्भव ठानेको छु । यसर्थ पहिलो अध्ययनको सीमामा अध्ययन क्षेत्रलाई ३० घरपरिवारमा सिमित गरिएको छ भने अध्ययन क्षेत्रको रूपमा कास्की जिल्लाको पोखरामा वसोवास गरेका एक जाति जो नेवार जातिभित्रको अछूत भनिने वर्गमा पर्दछन् त्यही कसाई समुदायलाई लिइएको छ । त्यसै गरी अध्ययनको विषयको रूपमा कसाई जातिको सामाजिक परिवर्तनका विभिन्न पक्षहरूको गहन

विश्लेषण सिमित गरिएको छ । यो अनुसन्धान पोखरा क्षेत्रमा मात्र सिमित रहेर गरिएको हुँदा यस अध्ययनवाट प्राप्त निष्कर्षहरू अन्य क्षेत्रमा वसोवास गर्ने कसाई समुदायमा लागु नहुन पनि सक्छन् । साथै विभिन्न किसीमका फरक फरक चरित्रका व्यक्तिहरू समाजमा पाइने हुनाले ती व्यक्तिहरूसँग लिइने अन्तर्वार्ता र घरधुरी मत सर्वेक्षणवाट निकालिएको निष्कर्ष शत प्रतिशत ठीक नहुन पनि सक्छ ।

**३.८ अध्ययनका समस्या र अनुभवहरू :**

जातीय विभाजनले गर्दा नेपालका पिछडिएका जनजातिहरूको उत्थानका लागि अध्ययन अनुसन्धान गर्दा अनुसन्धान कर्ताले उनीहरू सँग अन्तर्क्रिया गर्दा उत्तरदाताहरूको भावना संवेदनशीलता जस्ता कुराहरूमा ध्यानदिनु आवश्यक देखिन्छ । शोध-अनुसन्धानको क्रममा उनीहरू जातीय कारणले गर्दा आफू सानो जाति, तल्लो स्तरको व्यक्ति भन्ने कुरामा विश्वास गर्दैनन् । उनीहरूको एउटै आवाज थियो " मासु काट्नेलाई कसाई भन्दछन् भने अन्य जातिहरूजो हाल मासु काटी पसलमा मासु व्यापार गर्दछन् तिनीहरू पनि कसाई हुन् । " यस समुदायका मानिसलाई कसाई भन्दा रिसाउने वा अरू थप बोलचाल गर्न नखोज्ने गरेको पाइएको छ । यिनीहरूलाई शाही भन्दा खुशी भएको पाइएको छ । जसका कारण थियो यिनीहरू आफूलाई तल्लो जातिको भनेको रूचाउदैनन् ।

यस कसाई समुदायमा शोधको रूपमा अन्तर्वार्ता लिन खोज्दा आफूहरूको केहि कुरा लुकाएको जस्तो गरी भनेको भए तापनि कोही कोही कसाईहरू भने आफ्नो कुराहरू राख्दा कत्तिपनि हिच्किचाएनन् । मिलनसार र सहयोगी भावना भएको पाइयो । कसाईहरूसँगको अन्तर्वार्ता र प्रश्नावलीको लागि जाँदा यिनीहरू प्राय कोही पनि घरमा नबसेको र सोध्दा खेरि कोही काममा गएका, कोही व्यापारको लागि गएका छन् भन्ने गरेका र मासु व्यापार गर्न जानेहरूलाई त एकादशी र औसी तिथिमा मात्र भेट हुन पाइदो रहेछ । जसले गर्दा अनुसन्धान कर्तालाई अलिक अप्ठेरो परेको थियो ।

# अध्याय - चार

## कसाई जातिको परिचय

### ४.१ अध्ययन क्षेत्रको जानकारी :

गण्डकी अञ्चल कास्की जिल्ला अन्तर्गत पोखरामा विभिन्न जातजातिहरू जस्तैः गुरूङ, मगर, कामी, दमाई, सार्की, नेवार, ब्राम्हण, क्षेत्री आदि जाति तथा जनजाति बसोबास गर्दछन् । यसै जातजातिहरू बस्ने स्थल पोखराका नेवार समुदाय अन्तर्गत पर्ने कसाई जाति पनि एक हो । यिनीहरू मुख्यत पोखराका शहरी भागमा बस्दछन् र पोखराको बगर, बागलुङ बसपार्क, रानीपौवा, महेन्द्रपुल, मोहरीयाटोल यिनीहरूको मूख्य बसोबास क्षेत्र हुन् । हाल यस ठाउँमा कसाई जातिको घरपरीवार सङ्ख्या ६५ रहेको छ ।

यी कसाई जातिहरू पोखरामा पहिलेदेखि नै बसोबास गर्ने मात्र नभै काठमाडौं, भक्तपुर, पाल्पा, गोर्खा आदि ठाउँबाट बसाई सराई गरी पोखरामा आई वसोवास गरेका पनि छन् ।

### ४.२ कसाई जातिको उत्पत्ति :

कसाई शब्द अरवी भाषाको शब्द हो । यसले मुसलमानजातीमा गाई गोरू काटी मासु बेचेर आफ्नो जीवन निर्वाह गर्नेमा मानिसलाई जनाउँछ । कसाई जातिलाई साई, साही, खड्गी, नाय पनि भन्ने गरिन्छ । नाय शब्दको अर्थ नेता मार्गदर्शक निर्देशक इत्यादि मानि उल्लेख गरिएको छ । यस जातिको जातीय स्वरूप चिन्ह खड्क शस्त्र हो । त्यसैले यस जातिलाई खड्गी पनि भनिन्छ । (स्मारीका, २०५९)

द्रविडीयन नश्लका खड्गी शाही वा नाय जाति वा नेवारहरूको एतिहासिक वंशावली खोतल्ने हो भने कर्नाटकदेखि सिम्रौनगढसम्मको अध्ययन आवश्यक हुन्छ । नेपालमा फलफूल तथा मासु व्यापार, सैनिक, प्रहरी सेवा र गीत संगितमा माहिर मानिने खड्गी जाती बारे नेपालको एतिहासिक रूपरेखामा साहित्यरत्न बालचन्द्र शर्माले राइट वंशावलीको हमला दिदै नेपाल संवत् ९ (शंक संवत् ८११) मा कर्णाट वंशीय नान्यदेव नेपाल प्रवेश गरेको उल्लेख छ । तत्कालीन शासकलाई पराजित गरी नायर वंशी नान्यदेवले नेपालमा आफ्नो प्रभुत्व कायम गरेका थिए ।

खास नेपाल संवत् ४४४ मा राजा हरि सिंह देव सँग सम्वन्धित नाय (नायर) हो जुन ब्राम्हण र क्षेत्रीको रूपमा जन्मेको हो भनी राइट वंशावलीमा उल्लेख भएको छ ।

राजाहरि सिंह देवको आज्ञा अनुरूप इष्टदेवी महाशक्ति देवी तुलाजा भवानीको लागि पशुवली दिने क्रममा यिनै नायर नाय सिंह जातिले जंगली अर्ना महिषलाई खड्गले प्रहार गरी वली पूजामा प्रमुख भूमिका निभाएको हुनाले राजा खुशिभई उसलाई खड्गी उपाधीले सम्मानित गरे पश्चात खड्गी जातिको उत्पत्ति भएको हो ।

कर्णाटवंशीय नालुक्य सम्राट सोमेश्वरवाट छुट्टै हाल नेपालको सिम्रौनगढमा राज्य विस्तार गरेपछि नान्य देवले आफ्नो छुट्टै वलियो नायरवंशी शासन सुरू गरेका थिए । गंगादेव, नरसिह देव, रामसिंह शक्तिसिंह, भुपाल सिंह र हरिसिँह देवसम्म छ पुस्ता राज्य सञ्चालन उल्लेख भएको पाइन्छ । ने.स. ४४४ मा हरिसिँह देवको राज्यकालमा मुस्लिम सुल्तान गयासुद्धिन तुगलकको आक्रमण सिम्रौनगढ राज्यमा भएपछि राज स्वंय रानी देवलदेवी, राजकुमारहरू, जगतसिँह, भक्तिसिंह, शक्तिसिंह नेपालको राजधानी भक्तपुरका राजा रूद्र मल्लसँग शरण लिई बसेका थिए । सिम्रौनगढवाट नेपालमा शरण लिन आउँदा साथमा तुलाजा भवानी पनि ल्याइएका थिए । वाटोमा चितवननिर राति वास बस्दा सपनामा तलेजु भवानीले वाटोमा रकम सकियो भनि पिर नगर्नु भोलि विहान जंगलको चारैतिर खोजी गर्न आफ्ना सैनिकहरूलाई पठाउनु जे भेटाउछौ त्यसको वलि मलाई चढाएर प्रसादको रूपमा सवैले खानु भन्ने आदेश राजालाई भएछ ।

इष्टदेव तलेजुको आदेश अनुरूप सैनिकहरूलाई खोजी गर्न पठाउदा वढेमानको अर्ना ( राँगा) फेला पारी ल्याएछन् र अर्ना त भेटियो कसलाई काट्न लगाउने भन्ने विवाद उब्जिएछ । राजा स्वंयले भोलि विहान पूर्वतर्फ फर्किएर जसले दिसा गरिरहेको हुन्छ त्यसैलाई रागा काट्न लगाउनु भन्ने हुकुम जारी भयो । भोलिपल्ट विहान खोजी गर्दै जाँदा राजा हरिसिँह देवकै जेठा र कान्छा छोरा पूर्व फर्किएर दिसा गरिरहेको फेला पारी राजामा जाहेर हुदा आदेश वमोजिम खड्ग दिई अर्ना काट्न लगाइयो । त्यसवेला देखि नायरवंशी नाय जातिलाई खड्गी भन्ने गरेको अध्ययन पाइन्छ ।

नायरवंशी हरिसिंह देव राजा रूद्र मल्लका ज्वाई र देवलदेवीका दाजु थिए । उनी रूद्र मल्लले सिम्रौनगढबाट ल्याएको इष्टदेवी तलेजुलाई ने.सं. ४४८ तिर भक्तपुरमा थयुनियम दरवारमा स्थापना गराएका थिए । सिम्रौनगढका रानी देवल देवी र राज कुमारहरूले भक्तुपरमा शरण पाए पनि राज हरिसिंह देवलाई दिल्लीका सुल्तान गायसुद्दिन तुगलकले सिम्रौनगढ छाड्यौ

भन्ने प्राप्त खवरको आधारमा बेग्लै सैनिकहरूका साथ ल्याउनु भनी जाँदा तीन पाटन भन्ने ठाउँको बाटैमा उनको मुत्यु भयो भन्ने भक्तपुर थयुनियन दरवारमा खस राजा आदित्य मल्लको नेतृत्वमा नेपाल उपज भएको  क्षेत्र भ्रमणमा परी राजा रूद्र मल्लको पनि मृत्यु हुन पुगेको बताइन्छ । यस्तो जटिल परिस्थितिमा सिम्रौनगढकी रानी देवल देवी रूद मल्लकी जेठी नायक देवीलाई राजगद्दीमा राखी राज्य सत्तामा प्रभावकारी भूमिका निभाउन थालिन् ।

नेपालमा आफ्नो शक्ति बलियो बनाउन देवलदेवीले आफूसँग तलेजु तान्त्रिक देवीको शक्ति रहेको दावी गर्दै देवीलाई खुसी पार्न एक साथ आठ राँगाको बली दिनुपर्ने प्रचारलाई व्यापक बनाइयो, जुन प्रथा अत्यावधिक प्रत्येक बर्ष नवरथाको दिन कायमै रहेको पाइन्छ ।

धर्मप्रति नतमस्तक शान्तिका यी जनता मात्र होइन राजा खलक समेत देवदेवीको कुरामा विश्वास गर्न लागे सोही मौका छोपी आफ्ना जेठा छोरा जगतसिंहको नेपालको राजगद्दी उत्तराधिकार नायक देवीसँग भयो । जगतसिंह र नायक देवीबाट एउटी छोरी राजमल्लदेवीको जन्म भयो र ने.सं. ४७५ मा नेपालका राजा घोषणा गरियो । यस प्रकार नायरवंशीय नाम खड्गीले राजखलक साही लेखाउन थाले । ने.सं. ४७५ मा नेपालका राजा मल्लदेवीसँग खसिया मल्ल जयस्थिति मल्लको विवाह भयो इतिहास विद "भुवनलाल प्रधान" का अनुसार ने.सं. ५०१ म जयस्थिति मल्लले आफूलाई शासक मात्र घोषणा गरेनन् कि मातृसत्तात्मक नेवार समाजलाई पितृसतात्मक अर्थात जेठी छोरी होइन जेठा छोरा मात्र राजा हुन पाउने व्यवस्था गरिदिए ।

भारत कन्याकुन्जबाट कीर्तिनाथ उपाध्याय मिथिला हाल जनकपुरबाट रघुनाथ झाँ र रामनाथ झाँ एवं दक्षिण भारतबाट श्रीनाथ भट्ट र महिनाथ भट्टलाई झिकाएर उनीहरूकै सल्लाह बमोजिम जातीय छुवाछुत उच्चनिच नेवार समाजलाई जवरजस्ती जातीय विभाजन गरी लोग्ने मरे स्वास्नीले जिउँदै जलेर सती जानु पर्ने हिन्दू मनुस्मृतिमा आधारित गरूढपुराण लाद्ने कार्य भयो । खड्गी साही र पोडे आदि जनजातिले व्यापक विद्रोह गरे तर पछि जयसिंह राम भरो श्रेष्ठ जयस्थिति मल्लसँग मिल्न पुगे भने खड्गी र पोडे जातिले पाटन र भक्तपुरबाट अर्को विद्रोह छोडे "फुटाउ र शासन गर" को सिद्धान्त अनुरूप कमजोर भइसकेको खड्गी र पोडे समाजको केही लागेन फलस्वरूप उल्लेखित जातहरूले दरवार छेउ बस्न नपाउने बाहुला भएको लुगा लगाउन र झिगटीको छाना भएको घर बनाउन नपाउने नियम लादियो । राज्य शक्तिसँग मिल्न गएको कारण जयराम बर्दन भागका ६ थरीका श्रेष्ठ जातिलाई राज्य संचालनको महत्वपूर्ण पदमा आसन गराइयो भने शाही वा कसाई जातिलाई पदको दावी वा

अरूलाई पेल्न नसकोस् भनी सोझासिधा आदिवासी ज्यापू समाजमा र पोडेहरूलाई देशको सबैभन्दा पुछार नदी किनारमा घर बनाएर बस्न लगाइयो ।

### ४.३ ऐतिहासिक पृष्ठभूमि :

ने.सं. ९ (शक सम्वत् ८११) मा नान्यदेव र ने.सं. ४४४ मा सिम्रौनगढका शासक हरिसिंहदेव पछि मात्र नेपालमा शाही खड्गी जाति आएका कुरालाई इतिहास अध्ययनकर्ता दिलीप शाही शान्ति यजु स्वीकार्नुहुन्न । उहाँको दावी छ खड्गीहरू महिषपाल अर्थात मेपु आदिवासी हुन् । शान्ति यजुको विचारमा राजा हरिसिंहदेव नेपाल प्रवेश गरेपछि उपत्यकामा राँगाको मासु खाने प्रचलन थियो । आदिवासी ज्यापू र खड्गी वा दुवै जातिमा राँगा काट्नको लागि अन्य जातिको सहयोग लिइदैन । आदिवासी ज्यापूहरू अहिले पनि प्राकृतिक ढुंगाको देवतालाई राँगाको बली दिई भोज खाने गर्दछन् । यो जंगली अवस्थाको परिचयक हो भने शाही खड्गीहरूको ज्यापूलाई अजा-अजा भनी सम्बोधन गर्दछन् । यसबाट ज्यापू र खड्गी समाजबीच प्राचीन सम्बन्ध रहेको आधार लिन सकिन्छ ।

### ४.४ पुर्खा र नामकरण :

कसाई जातिको पुर्खा र नामाकरण सम्बन्धी विभिन्न विद्वान्हरूले आ-आफ्नो विचार व्यक्त गरेका छन् तापनि यी विद्वान्हरूको बिचारमा एकमत प्राप्त गर्न सकिँदैन ।

कसाई जातिलाई यिनीहरूको वंशावली अनुसार यो जाति द्रविडियन नश्लका खड्गी शाही ज्यापु जातिको नेवारहरू कर्नाटकदेखि सिम्रौनगढसम्मको अध्ययन गरेर यिनीहरूको पुर्ख्यौली थलो बारे जान्न सकिन्छ । यिनीहरूको खास मौलिक थर नेपाल सम्वत् ४४४ मा राजा हरिसिंहदेवसँग सम्वन्धित नायः (नायर) हो । जुन ब्राम्हण क्षेत्रीको सन्तानको रूपमा जन्मेको हो भन्ने राइट वंशावलीमा उल्लेख गरेको पाइन्छ । यिनीहरू क्षेत्री भन्ने अर्को अर्थमा लडाकू जात भएको हुनाले राजा हरिसिंहदेवको सेनामा अधिपत्य थिए र यिनीहरूले आफ्नो थर नायः र सिंह लेख्ने चलन थियो ।

त्यस्तैगरी राजा हरिसिंहदेवको आज्ञा अनुरूप इष्टदेवी महाशक्ति देवी तलेजु भवानीको लागि पशुवली दिने क्रममा यिनै नायर नायः सिंह जातिले जंगली अर्ना, महिषलाई खड्गले प्रहार गरी बलीपूजामा प्रमुख भूमिका निभाएको हुनाले खुशी भई उसलाई खड्ग उपाधिले सम्मानित गरेपश्चात खड्गी जातिको उत्पत्ति भएको हो । त्यस्तै नेपाल सम्वत् ७७५ तिर

काठमाडौँको हनुमानढोका दरवारभित्र अवस्थित मोहोन चोकमा राखिएको शिलापत्रमा लेखिए अनुसार राजा प्रताप मल्लको कर्नाटकबाट भित्र्याइएकी रानी राजमतीको कोखबाट जन्मेका छोराहरू सुन्दरनारायण शाही, सुरत शाही र छोरी श्रीमती शाही भएको सो अभिलेखबाट काठमाडौँमा नेपाली भाषा बोल्ने शाही थर भएको बुझिन्छ । यसरी विभिन्न समय र कालखण्डमा नायः सिंह, खड्गी, शाही थरको उत्पत्ति भएको पाइन्छ । (नेपाल खड्गी सेवा समिति स्मारिका, २०५९ )

कालान्तर अनुसार सम्पूर्ण कुराहरू परिवर्तन भइरहन्छ । यसै नियम अनुसार नायः जातको नाम र अर्थहरू पनि समय अनुसार फरक-फरक हुँदै आइरहेको छ । यस्ता कुराको जानकारी पाउनको लागि वंशावली र शब्दकोष ग्रन्थहरू हेर्नु जरूरी हुन आउँछ । वामन शिमराम अप्टेद्वारा लिखित संस्कृत हिन्दी पुस्तकमा नायः शब्दको अर्थ नेता, मार्गदर्शक, मार्ग दिखलानेवाला, निर्देशक भनी उल्लेख गरिएको छ । यसबाट यो कुरा प्रष्ट हुन आउँछ कि नाय जात एक राजकीय जात हो । यस जातको जातीय स्वरूप चिन्ह खड्ग हो । त्यसैले यो जातलाई खड्गी भनिएको हो । खड्गी शस्त्र देवीदेवताका शस्त्रअस्त्र चिन्ह हुन् । खड्ग राजकीय चिन्ह भिर्ने, धारण गर्ने भएको जात हुनाले त्यस्तो खड्ग उपाधि धारण गर्ने व्यक्तिलाई खड्ग, सिंह साही पनि भनिन्छ ।

खड्गी जात नेवार समुदायको वीरयोद्धा जात हो । यो कुरा बंशावलीले बताउँदछ । प्रख्यात साक्षात् देवदेवी, मन्दिर, मूर्तिहरू (पशुपतिनाथ, तलेजु मन्दिर आदि)मा बली र पञ्चवली पूजा गर्ने चलन प्रथा यहि खड्गीहरूबाट परापूर्वकालदेखि चलाउँदै आइरहेको प्रमाणहरू अद्यापि छँदैछ । शाही खड्गीहरू आफूलाई महिषपाल हुँ भनी दावी गर्ने यी खड्गी समाजलाई करूवा खलः धम्पु खलः गोम्पु खलः महाजन खलः आदि जातीय विभाजनको रूपमा चिनिन्छ ।

यी खड्गी शाही खड्गीहरूलाई “कसाई” भन्नुको कारण खस राज्य शासनकालको पछि-पछि नेपालमा विदेशी भाषाहरू जस्तो फारसी, उर्दू हिन्दी, अरवी, सँस्कृत र अंग्रेजी भाषाहरू बहुत प्रचार प्रसारको प्रभाव परिरहेको थियो । त्यसबखत कोही कोही तथाकथित मुलागनी मुसलमान र कट्टर वैष्णवीहरूले खड्गीहरू मासु बेचिरहेको देखेर अरवी भाषाबाट ती खड्गीहरूलाई “कसाई” भनिदिएका थिए । उनीहरूको लहैलहैमा लागेर अरू खसहरूले पनि खड्गीहरू कसाई नै भन्न थाले तर यस क्षेत्रका कसाईहरू आफूलाई कसाई होइन नायः खड्गी र शाही भनेर चिनाउन चाहन्छन् ।

**४.५ शारीरिक बनोट र स्वभाव :**

जुनसुकै जाति वा जनजातिको शारीरिक बनोटका आ-आफ्नै विशेषता हुन्छन् । अर्थात्, जुनसुकै जाति वा जनजातिलाई यिनीहरूको शारीरिक बनोटको आधारमा पहिचान गराउन अवश्य नै सहयोग पुऱ्याएको हुन्छ । शारीरिक बनोटको आधारमा पहिचान गराउन अवश्य नै सहयोग पुऱ्याएको हुन्छ । शारीरिक बनोटले पनि उनीहरूको सामाजिक र सांस्कृतिक चालचलनमा प्रभाव पार्दछ । जस्तो, ब्राह्मण, मंगोलियनहरूलाई शारीरिक बनावटबाट र भेषभूषाबाट सजिलै चिन्न सकिन्छ ।

त्यस्तै गरी कसाई जातिहरूलाई सरसर्ती हेर्दा यो कसाई नै हो भनेर चिन्न सकिदैन । यी जाति नेवार वर्गमा पर्ने हुनाले नेवार भनेर त चिन्न सकिन्छ । यी जाति अलि कालो वर्णका हुन्छन् । र गोरा गहुँगोरा पनि हुन्छन् । यिनीहरू नेवारी समाजले एक हिस्सा भएको हुनाले यिनीहरूलाई नेवार नै भनिन्छ । तर, यिनीहरू अछूत वर्गमा पर्ने हुनाले यिनीहरूको पेशा र चालचलनबाट नै यिनीहरूलाई कसाई भनेर चिनिन्छ । तर, वर्तमान समयमा कतिपय कसाईहरूको सामाजिक आर्थिक स्थिति निकै राम्रो भैसकेको देखिन्छ र त्यस्ता कसाईहरूलाई झ्वाट्ट हेर्दा उनीहरूको लवाई खवाईले गर्दा कसैले पनि अछूत वर्गका भनेर भन्न सकिदैन ।

प्राचीनकालमा यिनीहरूको पेशा मासु मात्र काटेर बेच्ने थियो तर हाल यो पेशा सबैले अपनाएको पाइदैन । त्यस्तै गरी वर्तमान समयमा त्यस्ता मासुको व्यापार गर्नेहरू जुनसुकै जातिले पनि मासुको पसल राखेको हामीले देखेका छौं । पोखरामा अनेक मासुका पसलहरू कसाई बाहेक अन्य जातिले पनि राखेको देखेका छौं । त्यसैले हामीहरू कसाईहरूको परिचय नलिइकन कसाई हो भनेर चिन्ह सक्दैनौं ।

यिनीहरूको स्वभाव अति रिसाहा खालको देखिन्छ । चाँडै रिस उठ्ने हुन्छ । उनीहरूको अगाडि कसाई भनेर बोल्दा उनीहरूलाई होच्याएर बोलेको भनेर झगडा गर्न खोज्छन् । यिनीहरू आफ्नै समुदायसँग मात्र बस्ने हुनाले आफ्नो जातिलाई होच्याएको नराम्रो भनेको उनीहरू रूचाउँदैनन् र त्यस्ता व्यक्तिसँग यिनीहरू झगडा गर्न पछि हट्दैनन् । यसका साथै कोहि कोहि कसाई जातिहरू मिलनशार पनि हुन्छन् । यस जातिमा धेरै जात्रा र चाडपर्व परिरहने हुनाले नाचगान र भोज भतेर यिनीहरूको जातिमा भइ नै रहन्छ र यिनीहरू जात्रा धुमधामसँग मनाउँछन् ।

### ४.६ नाता सम्बन्ध :

यिनीहरूको नाता सम्बन्धको शब्दहरू उनीहरूकै भाषा नेवारीमा हरेकलाई कसाई समुदायमा नातेदारी व्यवस्थाको महत्व हुन्छ । नेवार समुदायमा पर्ने यो कसाई जातिको कुनैपनि चाडपर्व भोजभतेर भयो भने नातेदारी बोलाएर भोज खुवाउनै पर्ने हुन्छ । यो यिनीहरूको परम्परादेखि नै चलिआएको चलन हो । छोरी बेटीलाई त्यस्तै फुपू, मामा, दाजुभाई जम्मा भएर जात्रा, पूजाहरूमा भोज खुवाउछन् । विभिन्न जात्रा चाडपर्वहरूमा विभिन्न संस्कारहरूमा नातेदारीको सबैभन्दा बढी आवश्यक पर्दछ । त्यस समयमा सबै सामान जुटाउने, खाना खुवाउनेदेखि लिएर अन्य महत्वपूर्ण कार्य समेत नातेदारीबाट नै सम्पन्न गरिन्छ । जन्मदेखि लिएर मृत्युसम्मका हरेक संस्कारमा छोरी, ज्वाई, फुपु, मामाले आएर सम्पन्न गराउँछन् ।

कसाई समाजमा नातेदारी सम्बन्धमा परेका मानिसहरू सामान्य मानमार्यादा देख्न सकिन्छ । यिनीहरू नेवारी भाषा बोल्दछन् र प्रायः बोलीचालीमा पनि तिमी नै प्रयोग गर्दछन् । आफूभन्दा बढी मान राख्नुपर्ने व्यक्तिलाई मात्र सम्बोधन गरी बोलाइन्छ ।

### ४.७ कसाई समाजमा हुने थरहरू :

कसाई समाजमा हेर्ने हो भने प्राचीनकालमा यिनीहरूलाई नायर भनिन्थ्यो भने हाल सामाजिक परिवर्तन सँगै यिनीहरूको थरमा पनि परिर्वतन भएको । कसाई थरहरू निम्नछन् ।

१) नायः (नायर)

२) सिंह

३) कसाई

४) खड्गी }

५) शाही } हाल प्रचलनमा रहेको थर

### ४.८ कसाई समुदायको धार्मिक अवस्था :

हरेक जातिको आफ्नै जातीय परम्परा अनुसार आफ्नै ढाँचाको संस्कार हुन्छ । धर्मलाई कुनै विशेष जाति समूहमा भएको विश्वास भन्ने गरिन्छ । किन भने धर्म भनेको नै एउटा अमूर्त बस्तु हो । यो जनमानसमा भएको विश्वास मात्र हो । यही विश्वासले आज यस संसारमा धर्म बढेको छ । जुन सुकै जात जातिहरू पनि धर्ममा विश्वास गरेको हामी पाउँछौं ।

वास्तवमा भन्ने हो भने हाल आएर कसाई जातिको धर्मको बारेमा तर्क वितर्कहरू छन् । कसैले यिनीहरू परापूर्वकाल देखि नै बौद्ध हुन् भन्छन् भने कसैले हिन्दू हुन् भनी लेखेको हामी

पाउछौँ । त्यसैले कसाईहरूको धर्म यो हो भन्नु भन्दा पनि कुन समयदेखि यिनीहरूले कुन धर्म अपनाएको इतिहास जान्नु बढी सान्दर्भिक होला । वास्तवमा भन्ने हो भने काठमाडौं उपत्यकामा नेवार जातिको प्रवेश हुने वित्तिकै नै हिन्दू वा बौद्ध दुवै धर्मालम्बी भएको जानकारी बोधिसत्व बुंगद्योले रातो मच्छिन्द्रनाथ कुल देवता भएको हुँदा हामी बज्रयानी बौद्ध नै हो भन्ने धारणा व्यक्त गर्नु भएको छ । तर पनि कसाई जातिहरू हिन्दू धर्म प्रति नै विश्वास गर्दछन् र पोखरामा वसोवास गर्ने कसाई जातिहरू हिन्दु हुन् भने हाल आएर हिन्द ुधर्मलाई छाडी अन्य धर्म अंगालेको अध्ययनले देखाउदछ ।

गोरखा दरवारबाट काठमाडौँ ल्याइने फूलपातीको पूजाको दिनमा पनि यी जातिहरूले फूलपातीको चिराग बाल्ने र अघि लागेर हिड्ने चलन छ । त्यस्तै हिन्दूहरूको महान तीर्थ स्थलको रूपमा परिचित गुहेश्वरी तथा पशुपति मन्दिरको परिसर भित्र किर्तीमूखी भैरवको पूजारी पनि यिनीहरू नै रहेका छन् । हनुमान ढोका दरवारमा यिनीहरूको 'झिनिम्ह नाथ' बाह्र जना मूल दशैमा काल रात्रीमा गोप्य पूजा यी कसाई जातिका (मूल नाइके) बाट नै गर्नुपर्ने परम्परा छ । यी सबै तथ्याहरूबाट यी जाति हिन्दू हुन् भन्ने प्रमाण पाइन्छ ।

त्यस्तै पंचली भैरवकी पत्नीलाई चलन चल्तीमा "नै" अजिमा भनेर सम्बोधन गरिन्छ । पंचली भैरवको पुत्रको रूपमा चिनिने श्री गणेशको जात्रा कसाईहरूबाट नै गरिन्छ । पंचली भैरव हिन्दूहरूकै देवता हुन् ।

यी जातिहरूले विभिन्न देवल, मन्दिरहरूमा सुनको छाना, सुनको झ्याल, सुनको मूर्तिहरू चढाएको प्रमाणबाट नै यिनीमा हिन्दू तथा बौद्ध धर्मको प्रभाव पारेको देखिन्छ ।

स्वयम्भूको महाचैत्यको गुँला मेलामा बज्ने गुँला बाजाको ताल भनौ वा देव पूजा जात्रामा घोखि मृत्यु संस्कारमा सिः खि र देशवासीलाई सूचना प्रभाव गर्दा नायखि चोयकेगु बाजा बजाउने यो जातिको मुख्य धर्म मानिन्छ । साथै यी जातिहरूहरूको मुख्य धर्मको रूपमा बलि पूजालाई नै लिइन्छ । जस्तैः पशुपति मन्दिरभित्रको दक्षिणतर्फको उन्मत्त भैरव शिवमूर्तिमा पन्चवली पूजा गर्ने यिनै कसाई जाति नै हुन् । यो उन्मत भैरवको अति महत्वपूर्ण बलिपूजा भनिन्छ ।

पोखरामा बसोबास गर्ने कसाईहरू पोखरा स्थित पृथ्वीनारायण क्याम्पस भीमकाली पाटन भित्र अवस्थित भीमकाली मन्दिरमा विशेषत विवाह गरिसकेपछि अनिवार्य रूपमा नयाँ दम्पत्ति त्यहाँ गई पूजाआजा गर्ने चलन रहेको छ ।

*४.८.१ देवी देवता :*

ब्रायन हडसनको भनाईमा नेवारी भाषामा अघि-अघि देवाताहरूलाई अपजीजु द्यो अपजी (जिज्यू-बाजे) भनिन्थ्यो । यसैको आधारमा पितृ पूजाबाट उनीहरूका देवताहरू निस्मृत भएका हुन सक्छन् भन्ने निष्कर्ष उनले निकालेका थिए । आज पनि कैयौंले देवतालाई अजाज्यू भनेको पाइन्छ भने डा. गोपाल सिंह नेपालीको मत छ । तर, परापूर्वकालमा नेवारी देव देवताको उत्पत्ति जसरी भएको भए तापनि कतिवटा अपवादहरूलाई छाडेर कसाईहरू आज धेरैजसो हिन्दू र बौद्ध परम्पराहरूबाट नै प्रभावित भएको पाइन्छ । नेवार बौद्धहरू एक सर्वव्यापी, सर्वशक्रिमान ईश्वरलाई आदि बुद्धको नाउँमा कल्पना गर्दछन् । जसलाई स्वयंभू पनि भनिन्छ र एक अनन्त शिखाको रूपमा उनको पूजा अर्चना गरिन्छ । यी आदि बुद्धका विभिन्न बोधिसत्व नाम अवतारहरू पनि भए र ती मध्ये चतुर्थ बोधिसत्व पद्मपाणी जसलाई (मत्स्येद्रनाथ) पनि भन्दछन् । यो चराचर जगत्को सृजना गरेका हुन भन्ने नेवार बौद्धमार्गीहरूमा विश्वास छ ।

तर साथ-साथै कसाई बौद्धहरूले पनि हिन्दूहरू झैं ब्रह्मा, विष्णु र शिवको अस्तित्व स्वीकार गर्छन्, इन्द्र गणेश भगवती, गरूड, लक्ष्मी, सरस्वती, आदिलाई पद्म पाणि लोकेश्वरकै सृजनाहरू हुन् भन्ने अड्कल गरेर तिनको पनि आराधना गर्दछन् ।

शिवमार्गी नेवारहरूको निमित्त महादेव नै सबै शक्तिमान देव हुन् काठमाडौंको पशुपतिनाथलाई श्रेष्ठ तीर्थस्थान मान्छन् । महादेवलाई "नामः द्यो" वा नटराजको रूपमा र "लुक्मा द्यो" (लुकेका शिव)को रूपमा पनि उनीहरूले पूजा गरेको देखिन्छ । तर कसाईहरूको दैनिक जीवनमा गणेशको अति ठूलो महत्व छ । गणेशको मन्दिर नभएको टोल वा गाउँ पाउन दुर्लभ हुन्छ । कसाईहरूका घरायसी धर्म कार्यमा थकाली नर्की (मुख्य स्वास्नीमान्छे) ले गणेशको पूजा नगरेको पाउनु पनि उत्तिकै अनौठो हुन्छ ।

गणेश जस्तै भैरव पनि उनीहरूको हरेक टोल-टोलमा भने झै पाइन्छन् र यिनको आराधना पनि गणेशको जस्तै जनप्रिय छ । भीमसेनको पूजा पनि प्रशस्त जनप्रिय छ ।

धेरै नेवारहरूको सर्प मार्न हुन्न भन्ने विश्वास गर्ने हुनाले यहाँ नागपूजाको परम्परा भएको अडकल गर्न सकिन्छ ।

*४.८.२ गुठी सङ्गठन*

कसाईहरूको सामाजिक र पारिवारिक परिपाटी बुझ्नको निमित्त "गुठी" को परिचय आवश्यक हुन्छ । नेवारहरूको जीवनमा विशेष महत्व राख्ने यी गुठीहरूले उनीहरूको सामाजिक र धार्मिक अनुशासन कायम गरिराखेका छन् र गुठीका सदस्य परिवारहरूको आफ्ना गुठीद्वारा

सञ्चालित पूजाआजा र भोजमा सम्मिलित हुने र आ-आफ्ना सहयोग गर्ने अधिकार राख्छन् भने यिनमा सम्मिलित नहुने व्यक्ति वा परिवारलाई समाजच्यूत हुने खण्डपनि परि आउन सक्छ ।

गुठीहरू धेरै प्रकारका हुन्छन् । तर, सबै भन्दा तीन गुठीहरू सना गुठी, सीः गुठी र सीः गुठी दुवैको मुख्य काम मृत्यु संस्कारसँग सम्बन्धित छन् तापनि काममा केही फरक पनि छ । किनकी सीः गुठीले लाश उठाउने र पोलने काम गर्छ भने सना गुठीको काम भरसक लाश उठाउँदा आवश्यक सहयोग गर्ने र मसानसम्म सँग-सँगै गइदिने आदि हो । हम्मेसी यसले मुर्दा पोल्ने काममा हात हाल्दैन । प्रायः हरेक जात र इलाकामा यस्ता गुठीहरू हुन्छन् । कसाईहरूमा सना गुठीका सदस्यहरूलाई छोडेर एकाघरका परिवारसमेतले मृत व्यक्तिको लाश उठाउनु अशोभनीय ठान्ने हुनाले र गुठीबाट ल्याइएको देवं लामक कपडाले लाश ढाकेर लैजानुपर्ने हुनाले यो गुठीको महत्व स्वतः सिद्ध छ । लाश जलाउने काम "सी गुठी" नामक दलले गर्नुपर्छ ।

सना गुठीको स्थायी अस्तित्व हुन्छ र यसको सञ्चालन सदस्य परिवारहरूमध्येबाट जेठा वाठा पुरूषहरूको समितिले गर्छ । गुठीको नाइकेलाई थकाली भनिन्छ । कसाई समाजको अरू धेरै प्रकारका गुठीहरू पनि पाइन्छन् । जस्तै नासः घ गुठी -नाच गान सम्बन्धी देवताको गुठी), चःरे सेवा गुठी (चौथो पूजाको गुठी), होला गुठी सुख गठी (सरस्वती पूजाको गुठी) इत्यादि ।

सना गुठी जस्तै महत्वपूर्ण अर्को गुठी देवाली गुठी हो । एकै पूर्खाका सन्तानहरूको परिवारहरूको मान्ने पुख्यौली देवता (देवाली) को सदस्य स्थानीय व्यक्तिहरू मात्र नभएर टाढा-टाढा बस्ने आफ्ना व्यक्तिहरू पनि हुन सक्छन् र यो गुठीद्वारा आयोजित सामाजिक वा वार्षिक भोज र पूजामा सबैले सामेल हुनैपर्छ भन्ने छ । बीहे गरेर गएका छोरीहरूले चाहि यो गुठी त्याग्नुपर्छ ।

एउटै देवाली गुठीका सदस्यहरूले एक अर्कालाई "फुकी" भनेर सम्बोधन गर्छन् । फुकीहरूका बीच बिहेबारी चल्दैन र फुकीको मृत्युमा आफ्नै परिवारको सदस्य मरे झैं जूठो लाग्छ । प्रायः सम्पूर्ण पूजा-आजामा थरको मुख्य मान्छेले गर्नुपर्ने संस्कारहरूको नेतृत्व थकाली र उनकी पत्नी थकाली नकींले गर्छन् ।

एउटा देवाली गुठीबाट छुट्टिएर गएका सदस्यहरूले अर्को देवाली गुठी सृजना गर्न सक्छन् । तर देवालीको परम्परागत ठाउँ र देवता (द्यौ-द्य) त्यहाँ हुनुपर्छ र ढुंगाको त्यही मूर्तिलाई पुज्नुपर्छ । एउटै देवाली गुठीका अन्तर्गत उप-गुठीहरू पनि हुन सक्छन् । देवाली गुठीबाट निष्कासित व्यक्ति वा परिवार सनां गुठीबाट पनि स्वतः निष्कासित ठहर्छ ।

पोखरामा वसोवास गर्ने कसाईहको ३ वटा गुठी रहेको छ । जसमा जेठा गुठी, माइला गुठी र कान्छा गुठी रहेका छन् । जेठा गुठी कसाई समुदायमा भएको पहिलो गुठी हो भने अन्य गुठी त्यसपछिका हुन् । यी गुठी टोल अनुसार फरक फरक छन् । यी गुठीको मुख्य काम भनेको आ-आफ्नै गुठी संग आवद्ध दाजुभाई मध्ये कोहि कसैको मृत्यु भएमा वा कुनै पनि विवाह व्रतवन्ध जस्तो संस्कारमा काम गर्नु नै हो । त्यस्तै अरू गुठीको कार्य पनि त्यही नै हो ।

*४.८.३. चाडपर्व :*

यहाँका कसाईहरू चाडपर्वलाई ज्यादै बढी रमाइलो वा भक्तिसाथ मनाउने गरेको पाइन्छ । यिनीहरू भूतप्रेत, बोक्सी आदिमा विश्वास तथा पूजा गर्दछन् । यसको अतिरिक्त कुल देवता र शक्तिकी देवीलाई पनि पूजा गर्ने गर्दछ ।

यस क्षेत्रका कसाईहरू र जात्रा भनेपछि हुरूक्क हुन्छन् । यिनीहरू चाडपर्व आफ्नो दिल खोलेर पैसा खर्च गरी मनाउँदछन् । यहाँका कसाई जातिले मनाउँने चाडपर्वहरूको छोटकरीमा वर्णन निम्न बमोजिम गरिएको छ ।

*क) दशैं :*

नेपालीहरूको सबैभन्दा ठूलो चाड दशैं हो । दशैं सबै जात-जातिहरूले मनाउँदछन् । कसाई जातिहरू पनि बढी उत्साह र उमङ्गका साथ दशैं मनाउँदछन् । परिवारको एक जना जेष्ठ वा खलक कै जेष्ठ व्यक्तिको घरमा जमरा राखिन्छ । टीकाको दिनमा उक्त जेष्ठ व्यक्तिको हातबाट टीका लगाउँदछन् । अष्टमी, नवमी, दशमी गरी ३ दिनसम्म कसाई जातिहरू भात खाँदैनन् । मासु, चिउरा, जाँड-रक्सी खान्छन् । अष्टमीको दिन कुल देवताको पूजा गरिन्छ र सबै दिनमा जमरा पोथी कुखुराको बलि दिइन्छ । राती त्यसको मासु पकाएर खाइन्छ । जसमा कुखुराको टाउको ठूलो दाजुलाई सानोलाई पुच्छर दिइन्छ । त्यसपछि दायाँ पखेटा बायाँ पखेटा त्यसपछिको साइला, काइला, भाइलाई दिइन्छ । । त्यसपछि आ-आफ्नो घरमा गएर भोज खान्छन् । दशमीको दिनमा छोरीहरू र अन्य नातेदारहरू ठूला बडाको हातबाट टीका लगाउँदछन् । पोखराका कसाईहरू मुख्य रूपमा नवमीको दिनमा भीमकाली मन्दिरको पूजा गर्दछन् ।

*ख) तिहार :*

तिहार वा भाइटीका प्रायः कार्तिक महिनामा पर्दछ । तिहार ५ दिनसम्म मनाइन्छ । पहिलो दिन काग पूजा गरिन्छ । दोस्रो दिन कुकुर पूजा, तेस्रो दिन बेलुकी लक्ष्मी पूजा गरिन्छ ।

यस दिनमा घरलाई सफा सुग्घर गरेर गाइको गोवर र रातो माटोले लिपपोत गरिन्छ । लक्ष्मी पूजा गर्ने घरमा ठाउँठाउँमा बत्ती बालेर ढोका झ्याल फुलका तथा अन्य कागजका मालाहरू बनाएर घरलाई सजाउने काम कसाई जातिले र अन्य सबै जातिहरूले पनि गर्दछन् ।

त्यस लक्ष्मी पूजाको दिनमा एउटा बाटा वा अन्य केही ठूलो भाँडामा चामल राखी त्यस माथि लक्ष्मीको फोटो राखिन्छ । त्यसपछि भुइमा मण्डप बनाएर विभिन्न थरीका फलफूल नैवेद्य राखेर पूजा गरिन्छ । अष्टमीको दिनमा बलि दिएको एक टुक्रा मासु त्यसदिनसम्म पनि राखिएको हुन्छ र त्यो मासु लक्ष्मी पूजा गर्ने ठाउँमा लगेर राखिन्छ ।

चौथो दिन गोरू पूजाका दिन कसाईहरू आफ्नो शरीरको पूजा गर्दछन् । यस्तो पूजालाई "म्ह पूजा" भनिन्छ । यस पूजामा एक अर्काको दीर्घायुको कामना गर्दछन् । यस पूजामा पनि जति जना घरको सदस्य छ त्यति वटा नै मण्डप बनाइन्छ  र जेठोदेखि लहरै बसिन्छ । घरको मुलिले सबैलाई टीका लगाइदिन्छ । त्यस मण्डपमा बिमिरो, कालो ज्यामिर, जस्ता अनेको थरीका फलफूल राखिन्छ । अर्को शब्दमा भन्नु पर्दा म्ह पूजाको मुख्य अर्थ नै शरीरको पूजा गर्नु रक्षा गर्नु हो । यस पूजामा सगुन दिइन्छ । सगुन दिँदा दायाँ हातमा अण्डा र वायाँ हातमा रक्सी क्रस गरेर दिइन्छ । यस पूजामा ६ सुतेको जः जं एक किसिमको धागो लगाइन्छ । ६ सुते बत्ती बालिन्छ । त्यो बत्ती सबैको भागमा एउटा-एउटा हुनुपर्दछ । त्यो बत्ती सगुन खाउन्जेलसम्म निभ्नु हुँदैन भन्ने धारणा छ ।

म्ह पूजा गर्दा सुकुन्दा (वत्ती बाल्ने दियो) कलश पनि राखिन्छ र साथै यस पूजामा कुचोको विशेष पूजा हुन्छ । यो देव्रेपट्टि राखिन्छ । म्ह पूजा सिद्धिसकेपछि पहिला कलशको पानी मण्डपमा छर्किएर पूजा गरेको कुचोले मण्डपमा बर्डादै ल्याउने यसरी बडारे पछि मात्र म्ह पूजाबाट उठ्नु हुन्छ र पूजा सिद्धिन्छ ।

अन्तिम दिन भाइटीका पर्दछ । दिदी बहिनीले दाजुभाईलाई टीका लगाइदिन्छन् । त्यस दिन पनि मण्डप बनाई पूजा गर्ने चलन छ । यस दिन पनि सगुन खाइन्छ । जः जंका को धागो लगाइन्छ । दिदी बहिनीले दाजुभाइलाई कुममा घुँडामा पूजा गरी क्रस गरेर ढोग्छन् । दिदी बहिनीले अनेक थरिका मिठाई फलफूल मसलाहरू राखेर ढोग्ने चलन छ । दाजु भाइहरूले पनि आफ्नो गच्छे अनुसार पैसा दिने चलन छ ।

*ग) गाईजात्रा :*

कसाई समुदायले गाईजात्रा पर्व विशेष रूपले मनाउँदछन् । यिनीहरूको घरमा कुनै व्यक्तिको मृत्यु भएमा गाइजात्राको दिनमा डोकोमा कपडाले बेरेर फोटो टाँसी पुरूषभए उसले

लगाउने कपडा र महिला भए उसले लगाउने कपडा झुण्डाई त्यसलाई कुनै एक व्यक्तिले आफ्नो टाउकोमा राखी घुमाउने चलन रहेको छ । यसो गर्नाले उक्त मरेको व्यक्तिलाई स्वर्गजाने बाटो खुल्दछ भन्ने विश्वास गरिन्छ ।

### ४.९ भेषभूषा :

जयस्थिति मल्लको सुधारपछि जातियतामा फरकपन देखिन थाल्यो । त्यसपछि नै जाति अनुसार पोशाक र गहनाको नियम बन्यो । कसाई जातिको बाह्रा काटे लुगा लगाउन नपाउने सुनको गहना पनि त्यति लगाउने नपाउने आदि नियमबाट के प्रष्ट हुन्छ भने तल्लो वर्गको जातले बाहुला भएको लुगा लगाउन नपाउने भन्ने वाक्यांश उल्लेख भएको छ । तर, आज आएर यस्तो किसिमको आभास यस जातिमा देखिदैन । उच्च वर्ग र समय अनुसार चलेको पोशाक र गहना लगाएको प्रभाव हामी पाउँछौं ।

पहिरनमा कुनैपनि व्यक्तिको यस स्तर पहिचान गराउन त्यसको भेषभूषाले नै बताउँदछ । कसाई जातिहरूको भेषभुषा बढो आकर्षक र सभ्यपूर्ण छ । उनीहरूको प्राचिनकाल देखिनै चल्दै आएको परम्परागत जातीय पहीरन राजकिय र धार्मिक मिश्रित पहिरन जस्तो देखिन्छ । उनीहरू जातभित्र कसिलो सुरुवाल, भोटो र शिरमा फेटा लगाउने चलन छ ।

आइमाईहरूको पहिरनमा बूढी आइमाई धोती र अहिलेका युवा वर्गहरू भने चलिआएको पहिरन लगाउँछन् । तर कोही कोही आइमाईहरू विशेष पूजाहरूमा एक किसिमको धोती लगाउँछन् । जसलाई "हाकू पटासी" भनिन्छ । त्यस धोतीको किनारा रातो र अरू सबै कालो हुन्छ । यो धोती उनीहरू कम्मरमा बाँधेर अगाडि मसिनो मुजा पोरेर लगाउँछन् र कम्मरमा पटुका बाध्दछन् र माथि चोहो लगाउँछन् । आज भोलिका पुस्तामा केटाकेटीहरू भने सर्ट पाइन्ट ज्याकेट जुत्ता मोजा लगाउँछन् । जाडोमा सुइटर खास्टोले आफ्नो शरीर ढाक्ने गर्दछन् । कोही केटाहरू ढाकाको टोपी र भादगाउँले कालो टोपी पनि लगाउँछन् ।

### ४.१० कसाई समाजमा हुने संस्कारहरू :

#### *४.१०.१ न्वारन :*

बच्चा जन्मेको ६ दिनको दिनमा न्वारन गरिनछ । न्वारन गर्नेदिन सबभन्दा पहिलो सुतक पर्ने भाइहरूलाई चोख्याउनको लागि खवर गरिन्छ । त्यसपछि माइतीहरूलाई खवर गरेपछि माइतीहरूले न्वारनको लागि चाहिने आवश्यक सामानहरू लिइ आउछन् । बच्चा र आमाको नङ्काटी तातोपानीले नुहाइदिने र घरका परिवारहरूले चोख्याउने कार्य गरी घरमा

गाईको दुध शुद्ध गराउने प्रचलन छ । तेह्र दिने दाजुभाइले एक माना घ्यू र एउटा कुखुरा अनिवार्य रूपमा सुत्केरीको घरमा लानुपर्ने प्रचलन रहेको छ ।

### *४.१०.२ अन्नप्राशन :*

अन्न प्राशन छोरीको पाँच महिनामा र छोराको ६ महिनामा गर्ने प्रचलन छ । सर्वप्रथम बच्चालाई नुवाइ धुवाइ गरी नयाँ लुगा लगाउने, गणेश मन्दिरमा लगि पूजा गर्ने, गणेश मन्दिरमा पूजा गरेको सगुन लिई बच्चालाई खुवाउने घरमा आएपछि गणेशको सुकुण्डा पूजा गर्ने र छोरा भए बाबुले र छोरी भए आमाले टीका लगाइदिने प्रचलन रहेको छ ।

### *४.१०.३ ब्रतवन्ध :*

छोराको ब्रतवन्धको लागि दिन तय गरी मामा र फुपुलाई निम्तो गर्नुपर्ने र ब्रतवन्ध गर्ने बालकको हातखुट्टाको नङ्ग काटी नुहाई चोखो गर्ने, बालकलाई नयाँ गुन्द्री वा सुकुलमा राखेर । त्यसपछि बालकको लुगा खोली नाङ्गो राखी गाईको दाम्लोले उक्त बालकलाई बाध्ने र सुकुन्डाको पूजा गर्ने । त्यसपछि कपाल काट्ने कैचीलाई पूजा गरी बालकको टुप्पीमा काँचो धागोले बाँधी फूल अक्षता छरी मामाले कपाल काट्न शुरू गर्ने साथै चरेसको थालमाथि नयाँ कपडा राखी ब्रतबन्ध गरेको बालकको काटेको केश थाप्ने र उक्त कपाल ४ दिनपछि नदीमा बगाई दिने । मामाले केश काटी सकेपछि फुपूले हात गोडाको नङ काटी सोही कपडामा थाप्ने र बालकलाई फेरी नुहाउन लगाउने । पहेंलो बस्त्र लगाइदिने र घर भित्र लाने, ब्रतवन्ध गर्ने बालकलाई आमाले टिका लगाई सगुन सहित नयाँ सेतो टोपी र लुगा दिने, सो लुगा लगाइ आमन्त्रित व्यक्तिहरूको सगुन ग्रहण गर्ने र भोज गराउने त्यसको ४ दिनपछि चतुर्थी गर्ने चलन छ ।

### *४.१०.४ गुफा राख्ने*

कसाई जातिको कन्याको प्रथम रजस्वला हुनुभन्दा अगाडि वर्ष ८ देखि १२, १३ बर्षसम्मका केटीहरूलाई ४/५ जना देखि लिएर १ जनासम्म गुफा राख्ने चलन छ । अर्थात् एक्लैलाई पनि गुफा राख्ने चलन छ । यो कार्य आरम्भ गर्नलाई पनि साइत हेराएर मात्र गरिन्छ । यसमा १२ दिनसम्म सूर्यको किरण नपर्ने गरी थुनेर झ्यालबाट पनि सूर्यको किरण नपर्ने गरी एउटा अध्यारो कोठामा राखिन्छ । १२ दिनभित्रमा छुस्या मुस्या (सबै किसिमको गेडागुडी) खुवाउन आफन्तहरू आँउछन् । चारदिनसम्म नुन खुवाउँदैनन् । (को: चिक: स्यायकी ) भनेर

बुकुवा तेल राखिन्छ । गुफा राख्ने केटीले बुकुवा २ पल्ट दल्दछन् । यसै दिनदेखि नुन खाने गर्दछन् । गुफा राख्दा बारा ख्या भनेर कपासको एउटा पुतली जस्तै बनाएर एउटा कुनामा कसैले नछुने गरी राखिन्छ । छुस्या-मुस्या खुवाउन आउनेहरूले उसलाई एक भाग पन्छाएर मात्र गुफा राख्ने केटीलाई खुवाइन्छ । साथी भाइ आउने नाचगान गर्ने गट्टा खेल्ने आदि गरिन्छ । १२ औं दिनको दिन गुफा राख्ने केटीलाई सिंगारेर विधिपूर्वक पुरोहितले सूर्यको दर्शन गराइन्छ । त्यस दिन घरका सबै देवी-देवतालाई पूजा गरिन्छ । त्यसपछि कन्यालाई नजिकैको गणेशको मन्दिरमा लगेर पूजा गर्न लगाइन्छ । त्यस दिनमै आफन्तहरूलाई बोलाएर भोज खुवाइन्छ । त्यस कार्यमा बाबुको भन्दा आमाको भूमिका मुख्य हुन्छ । सबै कार्य आमाले नै गर्नुपर्ने हुन्छ ।

साथै, आमाले धान र चामल मिसाएर तीन पल्ट गुफा राख्ने केटीको हातमा राखिदिन्छन् र साथै लुगा पनि दिइन्छ । त्यस्तै गरी आफन्तहरूले पनि लुगा पैसा दिने चलन छ ।

### ४.१०.५ विवाह र त्यसको कार्यविधि

विवाह एक महत्व पूर्ण सामाजिक संस्कार हो । सामान्यतया १६ बर्ष उमेर पुगेपछि यस समुदायमा विवाह गर्ने गरिन्छ । विवाह आफ्नै जातिमा होस् भन्ने चाहन्छन् । विवाहको कार्यविधिलाई निम्न अुनसार वर्णन गर्नसकिन्छ ।

**१) विवाहको लागि छोरा तर्फबाट गर्ने कार्यविधि :**

क) दुवै तर्फको मञ्जुरीपछि जनै सुपारीको कार्य साइत हेराएर गर्ने र सर्वप्रथम सुकुण्डा पूजागरी कार्य शुरू गर्ने ।

ख) जनै सुपारी लिदा चरेसको थाल माथि नयाँ कपडा राखी त्यसमाथि १० वटा ठूलो सुपारी दश रू. दाम (सिक्का) सिंदुर त्यसमा फलफूल धूप-बत्ती बाली सर्व प्रथम दुलाहाको तर्फबाट लमी वा ज्वाइले दुलहीको बाबुलाई हस्तान्तरण गर्ने र आमाबाट क्रमानुसार परिवार र सम्वन्धित व्यक्तिले लिएपछि अन्तिममा दुलहीले लिई बिबाहको दिनको कार्यक्रमका लागि सुरक्षित स्थानमा राख्ने ।

ग) सो कार्य पूरा भएपछि दुलाहा तर्फबाट जलपान कार्य गराई विवाहको साइत अथवा दिन तोकी कार्य सम्पन्न गर्ने जन्तीको सङ्ख्या आपसी समझदारीमा पछि तय गर्ने ।

**२) दुलाहा तर्फबाट जन्ती जाने कार्यविधि :**

क) सर्वप्रथम जन्तीहरूलाई सुपारी वा निमन्त्रणा कार्ड दिई निमन्त्रणा गर्ने ।

ख)	विवाहको दिन र निश्चित समय अगाडि नुहाई धुवाई केश काटी नाग, भुयाँर, कुल देवता, वाई आदि सवैलाई सम्झी उठाउने (चामल, सुपारी, धुप दिई सुरक्षित ठाउँमा राख्ने) र पितृलाई श्रद्धा गर्ने नसके सिधा दिने ।

ग)	आगमन कुमार पूजागर्ने र गणेश पूजा घरभित्र गर्ने ।

घ)	त्यसपछि दुलाहालाई आमाले साइतको टीका लगाइ प्रसाद हातमा दिने र डोली (टेक्सी, घोडा आदि) चढाई अरूलाई टिका लगाई वा पुजारी उपस्थित जन्तीहरूलाई जलपान गराई सुकुण्डा (ज्वारलाई) अगाडि लगाई र सम्बन्धित महिलालाई कोता सामान सहित (छोरा) लिई जन्ती प्रस्थान गर्ने ।

ङ)	जन्ती प्रस्थान गर्नु भन्दा पहिला दुलहीलाई सगुन दिने कार्यगर्ने ।

**३) साइपाटाको कार्य-विधि :**

क)	आवश्यक सामानसहित बढीमा पाँच जना महिला (सासु अनिवार्य) मात्र साइपाटा वा सगुन दिन जाने । साइपाटामा कपडा, अण्डा, रक्सी, मासु, पूजाको सामान, झिलिङ्गा, रोटी, फलफूल लानु पर्ने ।

**४) जन्ती फर्किएपछि दुलही भित्र्याउने कार्य विधि :**

क)	घरको मूल ढोका अगाडि कुमार पूजा गर्ने ठाउँमा रातो माटोले लिपी दुलाहा-दुलहीलाई दुई वटा पिर्का माथि उभ्याउने ।

ख)	दुलाहाको परिवारको सबै भन्दा जेठो सधवा महिलाले वा आमाले दुलही भित्र्याउने । त्यसरी भित्र्याउँदा तीन पटक जलधारा घुमाई चिउरालाई पानीले छम्की दुलाहा-दुलहीको शिरदेखि पाउसम्म तीन-तीन पटक दायाँ-बायाँ छरी गणेश पूजा गर्ने । छ-छ पटक अभिषेक गर्ने, प्रसाद दुवैको हातमा राखिदिने ।

ग)	पुन एक पटक जलधारा घुमाई दुलहीलाई तालाचापी दिई दुलाहाको आमाले सुकुण्डा अगाडि लगाई भित्र्याउने कार्य गर्ने ।

ङ)	बाटो छेक्ने दुलाहाको दिदी बहिनालाई दक्षिणा दिई बाटो फुकुवा गर्ने ।

**५) दुरान फर्काउने कार्य विधि :**

क)	विवाहामा डोली दिएको चौंथो दिन वा टाढा भएको खण्डमा दिन हेरी समझदारीमा दुरान फर्काउने कार्य गरिन्छ ।

ख)	छोरी-ज्वाइँ तथा अन्य व्यक्तिहरूलाई घरबाट केही परसम्म लिन जाने । यदि प्रेम विवाह गरेको भए लिन जाँदा सुकुण्डा लिएर स्वागत गर्न जाने र छोरीको बुबाले ज्वाइँको हात समाती ल्याउने त्यसपछि कुमार पूजाको आसनमा राखी दुलहीको तीन पटक जलधारा गरी घुम्ने र गणेश पूजा गर्ने । त्यसपछि प्रसाद हातमा लिई ज्वाइँलाई हात समाती दुलहीको बुबाले घरभित्र लैजाने ।

ग)	सर्वप्रथम आमाले टीका ज्वाइँलाई लगाई दक्षिणा दिने र छोरी तर्फबाट सगुन लिने र साइने अनुसार ढोगभेट फुकाउने अनि छोरीले घरबाट ल्याएको नयाँ बस्त्र आमालाई दिने । त्यसो गर्नाले आमाको दुधको भार तिरिन्छ भन्ने प्रचलन छ । सो कार्य पूरा भएपछि दुलाहा-दुलहीलाई चारदिनपछि विदाई गर्ने ।

**६) कन्यादानको कार्य-विधि :**

क)	दुलहीको तर्फबाट उपासक बस्ने आमा बाबुसहित अन्य व्यक्तिहरू उपस्थित भई दुलाहा र दुलहीलाई उभ्याई दुलाहाको दुई हातलाई स्वस्तिक मुर्दामा थाप्न लगाउने र दुलहीको पनि त्यही हात माथि राख्न लगाउने । त्यसपछि जौ, तिल, कुश, तुलसीको पात, तामाको पैसासहित दुलहीको हातमा राखी दुलहीतर्फको ज्वाइँले जलधारा झार्ने ।

ख)	सो जलधारा दुलाहाको हातमा उपासक बस्नेहरूले दुलाहा दुलहीको नाम लिदै म फलाना . . . मेरो छोरी फलाना . . . तपाई फलानाको छोरा . . . फलानालाई आजको मितिदेखि मेरो कुलबाट तपाईको कुलमा सुम्पिदिए भनी कन्यादानको कार्य सम्पन्न गर्ने ।

### *४.१०.६ मृत्यु*

यस कसाई समुदायमा कसैको मृत्यु भएमा निम्न अनुसारको कार्य विधि गर्नुपर्दछ ।

क)	मृत्युको खवर ज्वाई छोरी, गुठीयार भाई र अन्य व्यक्तिहरूलाई खवर गर्ने गराउने ।

ख)	शव चलाउनु भन्दा पहिले मृत्यु भएपछि बत्ती बालेपछि सिरानीनिर राख्ने र हतियार छातीमा राख्ने, आगो हाल्ने व्यक्तिले गाईको गोवार दुवोले तीन ठाउँमा लिपि सो गोवार हाँडीमा राख्ने, शवलाई सो लिपेको ठाउँमा राख्ने र काँचो धागो तीन ठाउँमा बाँध्ने, सम्बन्धित पालो परेका गुठीयारले दुवोले नुहाई दिई सिन्दुर दली अन्तिम सिंगार गर्ने, शवको मुखमा बटुको राख्ने, शव बराबरको

सियो धागोले पहिले खुट्टा, छाती र मुखमा माथिबाट सिलाई सियो त्यहिं छोड्ने । उक्त कार्य गरी बाँकी रहेको सामान गोवर, दुवो, कुचो, गुन्द्री मर्नेको एउटा कपडा, हाँडीमा राखी जलाउने व्यक्तिले लगि दोवाटोमो फाल्ने । शवलाई छोरीबेटीले माला लगाई लाभा छर्कंदै जाने, त्यसपछि भएसम्म छोरा भतिजा, नभए गुठीको व्यक्तिहरूले लाश उठाइ घाटमा लाने ।

ग) घाटमा पुर्‍याई शवको खुट्टा पानीमा छुने गरी राख्ने र चितामा दाउरा सातओटा सात तह गरी शवलाई चितामा राख्ने । त्यसरी चितामा राख्दा तीनपटक घुमाई टाउको दक्षिण पारेर राख्ने, मुखको कपडा खोल्ने र उल्टो पानी खुवाने । अन्तमा छोराहरूले नुहाइ तीन पटक शवलाई परिक्रममा गरी ढोग गरी क्रमशः आगोलगाउने व्यक्तिले अन्तमा पानी खुवाने र श्रीखण्ड कपुर मुखमा राखी दागबत्ती दिने र दशौं दिनमा चोख्याउने चलन छ, त्यसैगरी ४५ दिनमा र एक बर्षमा पूजा गर्ने चलन छ ।

**४.११ समाजको ढाँचा :**

सुखी पारिवारिक जीवन हिन्दूहरूको वर्णाश्रम व्यवस्थाको एक अंग हो । गृहस्थी जीवनबाट नै मानिसले आफ्नो कर्तव्यहरूको पालना गर्न सक्छ । यसैले हिन्दू समाजको परिवारको बनोट सम्बन्धी धारणा पनि अरू समाजको भन्दा निकै फरक छ । हिन्दूहरूमा संयुक्त परिवारको प्रथा धेरै पुरानो छ । यसको मुख्य कारण पनि आर्थिक सामाजिक वा धार्मिक नैतिकता नै हुन् । नेपालको इतिहासलाई केलाएर हेर्ने हो भने पनि लिच्छवी काल देखि केहि दशक अगाडिसम्म वा हालसम्म पनि यसको नमूना देखिएको होइन हामीले यो पनि बिर्सेका छैनौं । मानव इतिहासको शुरू नै संयुक्त  परिवारबाट भएको थियो । जुन आज सम्म पनि छ । समाजको मूलभूत आधार पनि परिवार नै हो तथा भावी सम्पूर्ण सङ्गठनहरू परिवारमा नै आधारित हुन्छन् । बाबु आमाको सन्तानोत्पत्तिको खाँचोको परिपूर्ति पछि एउटा स्थायी परिवारको सृजना हुन्छ । तसर्थ परिवारमा रहने छोरा छोरी बाबु आमा आदिको संयुक्तबाट बास्तबिक परिवारको सृजना हुन्छ । यहि अनुरूप कसाई जातिहरू आफ्नो परम्परालाई बोकेर संयुक्त परिवारमा नै बसोबास गरेर आएका थिए भन्नमा केही शंका छैन तर एक दशक अगाडिदेखि वा हाल देखिएका अवस्थाबाट यी परिवारहरू व्यक्तिवादी भएको कारणले सबै नै एकांकी भएको देखिन्छ । यिनीहरूको मुख्य पेशा मासु बेच्ने हो । यसको लागि संयुक्त परिवारको जरूरी पनि देखा पर्दैन । बरू कामदारको आवश्यकता परेमा ज्यालादारीमा लिन सकिन्छ । तर

पनि यस क्षेत्रमा संयुक्त परिवार पनि पाइन्छ । एकल परिवार पनि पाइन्छ भने अर्कोतिर मानिसको जीवनको मेरूदण्ड भन्न नै आर्थिक अवस्था भएको कारण संयुक्त परिवारबाट अलगिन आर्थिक कारण नै देखा पर्दछ ।

परिवारमा धेरै बृद्धाहरूको कमीले गर्दा पनि दाजुभाइ आपसमा अंश वण्डा गरेको पाइन्छ । साथै कोही यही झमेलामा पनि झुलेका छन् । यसो हेर्दा एकांकी परिवार समयको भाग र आर्थिक भावनाको कारणले गर्दा यो पक्ष अशोभनीय देखिदैन । सबै आ-आफनो् काममा व्यवस्थित भएकोले अरूको भरमा बस्नु नपर्ने यी विभिन्न कारणमा समयको अनुकूल देखिन्छ ।

## ४.१२ उत्तरदाताहरूको सामाजिक अवस्था :

यस क्षेत्रको कसाईहरूको इतिहास निकै पुरानो भएको कुरा यहाँका बूढापाका कसाईहरू बताउँछन् । कसाई जाति नेपाल जातको एक जात हो । यो जातलाई नेवारी समुदाय भित्र नै अछूत भनिने जातको रूपमा मानिन्छ । यस जातको आफ्नै खास पेशा र सामाजिक महत्व रहि आएको छ । अध्ययन अनुसन्धान पोखरामा पर्ने यो नेवार समुदाय भित्र पर्ने एक जात मध्ये कसाई जाति नेवारी समाजको एक हिस्सा भए तापनि यो एक अछूत भनिने बर्गमा पर्दछन् ।

कसाई जातिहरूको मासु व्यापारले पोखरामा ७०% ओगटेको छ । अहिले त्यहाँ उनीहरूले आफैले वधशाला (पशुहरू काट्ने ठाउँ) बनाउन लागेका छन् । यहाँ रहेका प्रायः कसाई जातिहरू मासु बेचबिखन गर्दछन् र यहाँका बासिन्दाहरूको सानो देखि ठूला-ठूला भवनहरू समेत रहेको छ ।

## ४.१३ पारिवारिक संरचना :

साधारणतया परिवार भन्नाले आमा बाबु बाजे बज्यै छोरा-छोरी र नाती नातीनी भएको एउटा घर भन्ने बुझिन्छ । संसारमा कुनै पनि मानव समाजमा परिवार नभएको पाइदैन किनकी मानिसको जन्म लालन-पालन शिक्षा, दीक्षा आदि परिवार मै निर्भर हुन्छ । त्यसैले परिवार मानिसको एउटा अति नै आवश्यक संस्था हो । परिवारलाई नै बालकको एउटा पाठशालाको रूपमा लिन सकिन्छ, किनभने मानव जीवनको क्रियाकलाप तथा सामाजिक व्यवहारमा परिवारबाट नै सिक्दछन् । एक शिक्षित र सभ्य परिवारमा हुर्केकेको बच्चाले नै एक सभ्य र स्वस्थ्य समाजको सृजना गर्दछ । यसरी सुखी मानव जीवनको सुरूवातको सिर्जना परिवारबाट नै हुन्छ । परिवार विना मासिनको सामाजिक व्यवहार पूर्ण हुन सक्दैन ।

त्यस्तै गरी पोखरामा बसोबास गर्ने कसाई जातिको समाजमा पनि परिवारको महत्वपूर्ण स्थान रहेको पाइन्छ । यस क्षेत्रका कसाई जातिहरू प्रायजसो एकात्मक परिवारमा नै बसेको छ । कमै मात्र परिवारमा घरको मुली बाजेलाई बसेका छन् । संयुक्त परिवारमा घरको मुली बाजेलाई वा बाबुलाई र आइमाई मान्छे अलि बाठी छ भने आइमाई नै घरको मुली भएर घर सञ्चालन गरेका पाइयो । पोखरा जस्तो शहरको बासिन्दा भएकालेले यहाँका आइमालाईहरू पनि मान्ने सुन्ने नै छन् । मासुको व्यापार गर्ने हुनाले पसलमा पनि आइमाई नै बसेको देखिन्छ । घरको कामकाज पनि स्वास्नी मान्छे नै प्रायः गरेको पाइयो । छोरीहरू पनि आमालाई सघाउने गर्दछन् भने लोग्ने स्वास्नी दुवै मिलेर घरको काम गरेको पाइयो । कोही चाहिँ लोग्ने बाहिर काम गर्ने र श्रीमती चाहिँ गृहिणी मात्र भएर बसेको पनि देखिन्छ ।

# अध्याय - पाँच

## कसाई जातिको सामाजिक अवस्था

### ५.१ कसाई जातिको सङ्ख्याको आधारमा वर्गीकरण :

यो अध्ययन कास्की जिल्ला अन्तर्गत पोखरामा बसोबास गरेका कसाई जातिसँग सम्बन्धित रहेको छ । अध्ययनको लागि ६५ घरपरिवारबाट ३० घरपरिवार लिइएको छ । अध्ययन गरिएको ३० घर परिवारका सम्पूर्ण सदस्यहरूको सङ्ख्यालाई लिङ्गको आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नः ५.१**

**लिङ्गको आधारमा वर्गीकरण**

| क.स | लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पुरूष | ७६ | ५२.० |
| २. | महिला | ७० | ४८.० |
| **जम्मा** | | **१४६** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६४*

माथिको तालिका अनुसार अध्ययन गरिएको ३० घरपरिवारमा पुरूषको सङ्ख्या ७६ अर्थात ५२.० प्रतिशत र ७० जना महिला अर्थात ४८.० प्रतिशत रहेको छ । यसरी महिलाको भन्दा पुरूषको सङ्ख्या ४ प्रतिशत बढिरहेको छ ।

### ५.२. उमेरको आधारमा बर्गीकरण :

अध्ययन गरिएको घर परिवारको सदस्यहरूलाई विभिन्न उमेरको आधारमा वर्गीकरण गरिएको छ । जसमध्ये ०-६, ७-१४, १५-४५, ४६-६०, ६० भन्दा माथि गरी ५ वटा समूहमा वर्गीकरण गरिएको छ । अध्ययन गरिएका घर परिवारको उमेर अनुसारको जनसङ्ख्या यसप्रकार रहेको छ ।

**तालिका नं. ५.२**

**उमेरको आधारमा वर्गीकरण**

| क्र.स | उमेर (वर्षमा) | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-६ | २६ | १७.८ |
| २ | ७-१४ | ३१ | २१.२ |
| ३ | १५-४५ | ७२ | ४९.३ |
| ४ | ४६-६० | ८ | ५.५ |
| ५ | ६० भन्दा माथि | ९ | ६.२ |
| **जम्मा** | | **१४६** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६४*

माथि उल्लेखित उमेरमा आधारमा प्राप्त सर्वेक्षण अनुसार ०-६ वर्ष उमेर समूहमा २६ जना अर्थात १७.८ प्रतिशत रहेको छ । त्यसैगरी ७-१४ उमेर समूहमा ३१ जना अर्थात ४९.३ प्रतिशत रहेको छ । त्यस्तै १५.४५ वर्षको उमेर समूहमा ७२ जना अर्थात ४९.३ प्रतिशत रहेको छ । यो नै वर्गीकरण गरिएको उमेर समूहको सबैभन्दा वढी रहेको छ । त्यसैगरी अध्ययन गरिएको घर परिवारमा ४६.६० वर्ष उमेर समूहमा जम्मा सङ्ख्या ८ अर्थात ५.५ प्रतिशत रहेको छ । यो समूहमा सबैभन्दा कम सङ्ख्या रहेको छ । त्यसैगरी ६० भन्दा माथिको उमेर समूहमा ९ प्रतिशत अर्थात ६.२ प्रतिशत रहेको छ ।

## ५.३ शिक्षाको आधारमा वर्गीकरण :

मानव जीवनको लागि शिक्षा अति नै आवश्यक कुरा हो । कास्की जिल्ला अन्तर्गत पोखरामा वसोवास गरेका कसाई जातिको शिक्षाको अवस्था त्यति राम्रो देखिदैन । पहिला पहिलाका मानिसहरूको शिक्षाको स्थिति गरिबीका कारण त्यति राम्रो छैन भने हाल आएर शिक्षामा केही परिवर्तन भएको छ जसको फलस्वरूप एस.एल.सी. पास गर्ने र बालबच्चालाई स्कुल पढाउनेको सङ्ख्यामा वृद्धि भएको छ । अध्ययन गरिएको घरपरिवारको सङ्ख्यालाई शैक्षिक स्थितीको आधारमा पनि वर्गीकरण गरिएको छ । जसमा पढ्न लेख्न नजान्नेलाई निरक्षर, पढ्न लेख्न जान्नेलाई साक्षार ५ कक्षा पास गरेकालाई प्राथमिक र ७ कक्षा पास गरेकालाई निम्न माध्यमिक १० कक्षा पास गरेकालाई माध्यमिक र एस.एल.सी. पास गरेका र +२ पास

गर्नेलाई  उच्च शिक्षामा गणना गरिएको छ। अध्ययन गरिएको क्षेत्रमा रहेको घरपरिवारहरूका शैक्षिक स्थिति निम्न अनुसार रहेको छ।

**तालिका नं. ५.३**

**शैक्षिक स्थितिको आधारमा वर्गीकरण**

| क्र.स | शिक्षा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ४५ | ३०.८ |
| २ | साक्षर | ७४ | ५०.७ |
| ३ | प्राथमिक, निम्न माध्यमिक | ४ | २.८ |
| ४ | माध्यमीक | १५ | १०.२ |
| ५ | उच्चशिक्षा | ८ | ५.५ |
| **जम्मा** | | **१४६** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६४*

माथिको तालिका अनुसार अध्ययन गरिएको कसाई जातिको घरपरीवारमा रहेका सदस्यहरूको शैक्षिक स्थितिलाई हेर्दा निरक्षर ४५ अर्थात ३०.८ प्रतिशत साक्षर सङ्ख्या ७४ अर्थात ५०.७ प्रतिशत, प्राथमिक निम्नमाध्यमिक सङ्ख्या ४ अर्थात २.८ प्रतिशत रहेको छ। त्यसैगरी माध्यमिक सङ्ख्या १५ अर्थात १०.२ प्रतिशत र उच्च शिक्षा सङ्ख्या ८ अर्थात ५.५ प्रतिशत रहेको छ।

### ५.४ वैवाहिक स्थितिका आधारमा वर्गीकरण :

अध्ययन गरिएका घरपरिवाका सदस्यहरूलाई वैवाहिक स्थितिको आधारमा पनि वर्गीकरण गरिएको छ। वैवाहिक स्थितीलाई गणना गर्दा विवाह नभएकोलाई अविवाहित, विवाह भएकोलाई विवाहित श्रीमान मरेकोलाई विधवा, श्रीमती मरेकोलाई विधुर भनी गणना गरिएको छ। अध्ययन गरिएको घर परिवारमा रहेका व्यक्तिहरूको वैवाहिक स्थिति निम्न अनुसारको छ।

**तालिका नं. ५.४**

**वैवाहिक स्थितिको आधारमा बर्गिकरण**

| क्र.स | वैवाहिक स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अविवाहित | ७९ | ५४.१ |
| २ | विवाहित | ५७ | ३९.० |
| ३ | बिधवा/बिधुर | १० | ६.९ |
| **जम्मा** | | **१४६** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६४*

माथिको तालिका अनुसार अध्ययन गरिएको घरपरिवाका सदस्यहरूको वैवाहिक स्थिती भन्दा बढी अविवाहितहरूको सङ्ख्या ७९ अर्थात ५४.१ प्रतिशत रहेको छ। यसरी अविवाहितको समूहमा बच्चा (नावालक) धेरै रहेका छन् यसरी नै विवाहित समूहमा ५७ जना अर्थात ३९.० प्रतिशत विधवा विधुरमा जम्मा १० जना अर्थात ६.९ प्रतिशत रहेको छ।

## ५.५ पेशागत वर्गीकरण :

अध्ययन गरिएको ३० घरपरिवारका सदस्यहरू विभिन्न पेशामा जस्तै कृषि, नोकरी श्रमिक/ ज्याला व्यापार तथा परम्परागत पेशा जस्ता ६ वर्गीकरण गरिएको छ। यस अध्ययन क्षेत्रमा रहेका कसाई समूदायमा रहेका घरपरिवारको सदस्यहरूको पेशागत स्थिति निम्न प्रकारको छ।

**तालिका नं. ५.५**

**पेशागत वर्गीकरण**

| क्र.स. | पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १ | ०.७ |
| २ | नोकरी | ११ | ७.५ |
| ३ | व्यापार | ७ | ४.८ |
| ४ | श्रमिक ज्याला | २० | १३.७ |
| ५. | परम्परागत पेशा | ३४ | २३.४ |
| ६. | आश्रित | ७३ | ४९.९ |
| **जम्मा** | | **१४६** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६४*

माथिको तालिका अनुसार अध्ययन गरिएको घर परीवारको पेशालाई हेर्दा १ जना मात्र कृषिमा संलग्न रहेका छन् । कृषि पेशा अपनाउनेको सङ्ख्या एकादुईमत्र होलान् निकै कम छ । त्यसैगरी नोकरी मा ११ जना ७.५ प्रतिशत व्यापार (किनारा पसल) मा ७ जना अर्थात ४.८ प्रतिशत त्यस्तै श्रमिक ज्याला मजदुरी (गाडी संचालन, चालक) ठेक्कापट्टा, डकर्मी पेशा तर्फ २० जना अर्थात १३।७ प्रतिशत रहेका छन् । हाल यिनीहरू मासु व्यापार भन्दा पनि यस्ता कार्यहरूमा बढी लागेको हामी पाउन सक्छौं । त्यस्तै परम्परागत पेशा (मासु व्यापार)मा ३४ जना २३.४ प्रतिशत रहेका छन् । त्यस्तै आश्रित हुनेको सङ्ख्या जम्मा ७३ जा अर्थात ४९.९ प्रतिशत रहेका छन् । यस समूहमा आय आर्जन गर्न नसक्नु बूढाबूढी, केटाकेटी तथा काम गर्न सक्ने उमेर भएका तर पेशामा संलग्न नरही गृहणीको रूपमा बसेका महिलाहरूलाई समावेश गरिएको छ । यसरी हेदा सवभन्दा बढी मासु व्यापार गर्ने अन्तर्गत परम्परागत पेशा गर्ने बढी मात्रामा पाउन सकिन्छ ।

### ५.६ आम्दानीको स्रोतहरू :

#### *५.६.१ नोकरी :*

यस समुदायका व्यक्तिहरूको आम्दानीको स्रोत नोकरी पनि एक हो । अध्ययन गरिएको ३० घर परिवारका १४६ जना मध्ये ११ जनाको नोकरी पाइएको छ । यसरी अध्ययन गरिएको

३० घर परिवारमध्ये नोकरी गर्ने ११ जनाले पोखराका विभिन्न निजी स्कुल तथा सरकारी स्कुलमा पढाउने, निजी पसलमा काम गर्ने गर्दछन् भने कसै कसैले मासिक रूपमा आफ्नै जाति भित्र रागाँ काट्ने काम गर्दछन् । नोकरी पनि कसाई समुदायको आम्दानीको स्रोत अर्न्तगत पर्दछ ।

### *५.६.२ व्यापार :*

अध्ययन गरिएको क्षेत्रका कसाइहरूको हालसम्मको व्यापारको अवस्थालाई हेर्दा कसाई समुदायका व्यापार अन्तर्गत किराना पासल गरी आम्दानी गर्नेहरू अध्ययन गरिएको क्षेत्रमा ७ जना फेला परेका छन् । जसमा २० हजार देखि ३ लाखसम्मको लगानी गरी किराना पसल संचालन गरेका छन् ।

### *५.६.३ श्रमिक ज्याला मजदुरी*

परमपरागत पेशालाई छाडी केही कसाई जातिहरू श्रमिक ज्याला मजदुरी अन्तर्गत ज्यामी, डकर्मी, सिकर्मी, सवारी चालक, ठेक्कापट्टा आदिको कार्यमा महिला पुरूष ज्यालादारीमा काम गर्ने गर्दछन् । दैनिक ज्यालाको कुनै सीमा छैन । दैनिक २५० देखि ४०० सम्मको आम्दानी हुने कार्यहरू र सवारी चालकहरू मासिक ४००० देखि १५ हजार सम्मको आम्दानी गर्ने गर्दछन् ।

### *५.६.४ पशुपालन :*

कसाई समुदायमा कोही कोही घरमा जादा वँगुर, बदेल, हाँस, कुखुरा जस्ता जनावरहरू पाल्ने र यिनीहरूलाई विक्री गरी वा आफैले मासु व्यापारको लागि काटि बिक्री गर्ने गर्दछन् । जसबाट पनि यिनीहरूको आर्थिक उपार्जन भइरहेको पाइन्छ । यसरी अध्ययन गरिएका ४ वटा घरमा कुखुरा, हाँस पालेको र ६ वटा घरमा बंगुर र बँदेलहरू पालेको देखिन्छ ।

### *५.६.५ परम्परागत पेशा :*

कसाई समुदायका ७० प्रतिशत मानिसहरू परम्परागत पेशा अन्तर्गत मासु व्यापारमा लागेका छन् । यिनिहरू मध्ये कसैले राँगाको मासु, कसैले, कुखुराको मासु, कसैले खसिको मासु र कसैले वंगुरको मासु विकी गर्ने गर्दछन् ।

### ५.७ आर्थिक अवस्था :

#### *५.७.१ मासिक आम्दानीको अवस्था :*

आर्थिक विवरण भन्नाले आम्दानी  खर्च र बचत भन्ने बुझिन्छ । पोखरामा भएका कसाई समुदायको आर्थिक अवस्था पहिलाको भन्दा अहिले आएर राम्रो भएको मान्नु पर्दछ । यसरी अध्ययन गरिएको ३० घर परिवारको आम्दानीको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ५.६**

**मासिक आम्दानीको अवस्था**

| क.सं. | मासिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५०००।- सम्म | १ | ३.३ |
| २ | ५०००-१०,००० सम्म | २ | ६.७ |
| ३. | १०,०००-२०,०००।- सम्म | २४ | ८०.०० |
| ४ | २०,०००-५०,०००।- | ३ | १०.०० |
| **जम्मा** | | **३०** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६४*

माथिको तालिका अनुसार मासिक ५०००।- सम्म आम्दानी गर्नेको सङ्ख्या १ अर्थात ३.३ प्रतिशत रहेको छ, मासिक अम्दानी ५ हजार देखि १० हजारसम्म आम्दानी हुने परिवारको सङ्ख्या २ अर्थात ६.७ प्रतिशत रहेको छ । त्यस्तै १० हजारदेखि २० हजारसम्मको आम्दानी गर्नेको सङ्ख्या २४ अर्थात ८० प्रतिशत रहेको छ भने २० हजारदेखि ५० हजारसम्म आम्दानी गर्नेको सङ्ख्या ३ अर्थात १० प्रतिशत  रहेको छ । यस समूहमा मासु व्यपारको निम्ति आफै राँगा तथा कुखुरा खरिद गरी काटी होलसेलमा बिक्री गर्ने परिवार पर्दछ ।

#### *५.७.२  मासिक बचतको अवस्था :*

मासिक आम्दानीबाट मासिक खर्च कटाई बाँकी रहेको रकमलाई नै बचत भनिन्छ । अध्ययन गरिएको घरपरिवारमा भएको आम्दानी अनुसार कम आम्दानी हुनेहरूको लागि जीवनयापनमा केही अप्ठेरा हुन्छ भने मासिक रूपमा १० हजार भन्दाबढी बचत गर्नेले भने त्यसै अनुसारको जीवन निर्वाह गरेको पाइन्छ । यसरी मासिक बचतको अवस्थलाई निम्न तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.७**

**मासिक बचतको अवस्था**

| क्र.सं. | मासिक बचत | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २००० देखि ५००० | १२ | ४०.०० |
| २ | ५००० देखि ३० हजार | १८ | ६०.०० |
| **जम्मा** | | **३०** | **१००.००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०६४*

माथिको तालिका अनुसार अध्ययन गरिएको घर परिवारमा २ हजार देखि ५ हजार सम्म बचत गर्ने को सङ्ख्या १२ अर्थात ४० प्रतिशत र रू. ५ हजार देखि ३० हजारसम्म बचत गर्नेको सङ्ख्या १८ अर्थात ६० प्रतिशत रहेको छ ।

### ५.८ मासु व्यापारको बिक्री अवस्था :

साई जातिको मुख्य पेशा र आम्दानीको स्रोत मासु व्यापार हो । पोखरामा ४ किसिमका वा भनौ ४ वटा जनावरको मासु मुख्य रूपमा यिनीहरूको बिक्री गर्ने गर्दछन् । ति हुन् ।

(क) राँगाका मासु

(ख) बँगुरको मासु

(घ) कुखुराको मासु

(ङ) खसीको मासु

यसरी यिनीहरूले सवभन्दा बढी राँगाको मासु त्यसपछि बँगुरको मासु र अनि कुखुराको मासु बिक्री गर्ने गर्दछन् । अध्ययन गरिएको ३० घरपरिवारमा ३४ जनाले मासु व्यापार गरेका छन् जस अन्तर्गत १६ जनाले राँगाको मासु ८ जनाले बँगुरको मासु ६ जनाले कुखुराको मासु र ४ जनाले खसीको मासु बिक्री गर्ने गरेका छन् ।

### ५.९ बिरामी पर्दा उपचार गर्ने स्थान :

पोखरा नेपालको प्रमुख शहर मध्ये एक मानिन्छ । यहाँ उपचार गर्ने ठाउँहरू हस्पिटल, औषधी पसल, प्राइभेट अस्पताल जस्ता स्वास्थ्य उपचारका ठाँउहरू प्रशस्त छन् । आधुनिक औषधि उपचारका विभिन्न साधन र स्रोतहरू प्रसस्त मात्रामा रहेका छन् । पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, जिल्ला अस्पताल, हेल्थ पोष्ट, मणिपाल शिक्षण अस्पताल विभिन्न नर्सिङ होमहरू

प्रसस्त मात्रामा रहेका छन् । यहाँका कसाई समुदायमा सुविधा प्रशस्त मात्रमा भएकाले आधुनिक औषधि उपचारको लागि अस्पताल नर्सिङ होम र मेडिकल हलमा जाने प्रचलन बढी रहेको छ भने केही मात्रामा धामी - झाँक्रीको प्रचलन पनि रहेको छ ।

### ५.१० समुदायमा लाग्ने रोगहरू :

यस साई समुदायमा बढी मात्रमा ब्लड प्रेसर, दम, ज्वरो, टाउको दुख्ने जस्ता रोगहरू लाग्ने गर्दछन् । राँगा काटी त्यसको छाला, हड्डीको दुर्गन्दले विभिन्न रोगहरू लाग्ने गर्दछन् । तर हाल आएर उनीहरूले त्यसलाई बेलैमा सजग भएर ज्ञानको ज्योतिले गर्दा उचित ठाउँमा लगि फाल्नाले वा भनौ समयमा नै त्यस्ता कुराहरूको समाधान गर्नाले त्यसमा केही कमी आएको छ ।

### ५.११ समुदायमा खानेपानीको अवस्था :

खानेपानी मानवीय जीवनको लागि अति आवश्यक तत्व हो भने पानि अति स्वच्छ हुनु पनि जरूरी छ । अध्ययन क्षेत्रको खानेपानीको अवस्थालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.८**

**खानेपानीको अवस्था**

| क्र.सं. | खानेपानीको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सार्वजनिक धारा | २ | ६.७ |
| २ | निजी धारा | १८ | ९६.७ |
| **जम्मा** | | **३०** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६४*

अध्ययन गरिएको ३० घरपरिवार मध्ये खानेपानीको अवस्थालाई हेर्दा सार्वजनिक धाराको पानी खाने को सख्या २ वटा अर्थात ६.७ प्रतिशत रहेको छ भने निजी धाराको पानी खानेको सङ्ख्या २८ अर्थात ९३.६ प्रतिशत रहेकोछ । यसरी हेर्दा प्रतेक घरमा निजी धारा अत्याधिक रहेको छ ।

## ५.१२ खानापकाउने इन्धनको अवस्था :

साई समुदायमा खाना पकाउने इन्धनलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.९**

**खाना पकाउने इन्धनको अवस्था**

| क.सं. | इन्धनको नाम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्टोभ | ३ | ६.६ |
| २ | दाउरा | १ | ३.३ |
| ३ | ग्याँस | २७ | ९०.१ |
| **जम्मा** | | **३०** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६४*

अध्ययन गरिएको घर परिवारमा २ घरपरिवार अर्थात ६.६ प्रतिशत स्टोभमा खाना पकाउछन् । दाउरा प्रयोग गर्नेमा १ जना अर्थात ३.३ जसको चिया पसल समेत छ र ग्याँसबाट खाना पकाउने घरपरिवार २७ अर्थात ९०.१ प्रतिशत रहेको छ । यसरी हेदा ग्याँसबाट खाना पकाउनेको सङ्ख्या बढी रहेको पाउँछौं ।

## ५.१३ सामाजिक सङ्गठन र तिनका कार्यहरू :

यस समुदायमा खड्गी सेवा समाज जो खड्गी साईहरूको जातिय संगठनको रूपमा रहेको छ । सामाजिक संगठन र तीनका कार्यहरू निम्न अनुसार प्रस्तुत गरिएको छ ।

***क) नेपाल खड्गी सेवा समिति :***

अ) जातीय उत्थान गर्ने ।

आ) जातीय समस्या समाधान गर्ने,

इ) जातीय पहिचानमा संलग्न हुने,

ई) पिछडिएको कसाई जातिलाई आर्थिक सहयोग गर्ने ।

***ख) आमा समूह :***

अ) महिलाहरूलाई संगठित गर्ने,

आ) मानिस मर्दा सहयोग,

इ) विवाह गुठीमा सहयोग

*ग)      टोलसुधार समिति :*

कसाई समुदायको हरेका टोलहरूमा एउटा एउटा टोल सुधार समिति रहेको छ । त्यस टोल सुधार समितिले आफ्नो टोलमा भएका कुनै पनि समस्याको समाधान गर्ने, टोललाई सफा र सुग्घर राख्ने, पोखराका खड्गी सेवा समितिले दिएको कार्यहरू गर्ने आदि काम गर्दछन् ।

हरेक वडा-वडामा कसाई जातिको टोल सुधार समिति स्थापना भएको छ । जसले टोल सरसफाई  तथा समाजिक तथा सांस्कृतिक कार्यक्रममा सहयोग हुने र अन्य टोलका समस्या समाधकान गर्ने कार्य गर्दछन् ।

**५.१६ उत्तरदाताहरूको अन्य जातिसँग सम्बन्ध :**

अध्ययन क्षेत्र बाहेक त्यस वरपर रहेका अन्य जातिसँगको सम्बन्धको बारेमा पनि प्रश्नवाली तयार गरी उनीहरूको कसाइ जातीसँग र कसाई जातिको अन्य जातिसँगको सामाजिक सम्बन्धको बारेमा पनि जानकारी दिइएको थियो । जसमा यिनीहरूको स्वभाव

**५.१७ दिशा, पिसाव गर्ने स्थान :**

अध्ययन गरिएको क्षेत्रमा बसोबास गर्ने साई समुदायमा दिशा, पिसाव गर्ने स्थानलाई लिइएको छ । जसलाई निम्न तालिका अनुसार देखाइएको छ ।

**तालिका नं. ५.१०**

**दिशा, पिसाव गर्ने स्थान**

| क्र.सं. | दिशा, पिसाव गर्ने स्थान | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ट्वाइलेट | २८ | ९३.३ |
| २ | जहिँतही | २ | ६.७ |
| **जम्मा** | | **३०** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६४*

अध्ययन गरिएको घर परिवारको ट्वाइलेट प्रयोग गरेको पाइन्छ । त्यसरी घरको ट्वाइलेट प्रयोग गर्नेको सङ्ख्या २८ अर्थात ९३.३ रहेको छ भने जहिंतही प्रयोग गर्नेका सङ्ख्या २ घर अर्थात ६.४ प्रतिशत रहेको छ । यसरी नै ट्वाइलेटको अवस्थालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.११**

**ट्वाइलेटको अवस्था**

| क.सं. | ट्वाइलेटको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वैज्ञानिक | २६ | ९२.९ |
| २ | साधारण | २ | ७.२ |
| **जम्मा** | | **३०** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६४*

अध्ययन गरिएको घर परिवार मध्ये वैज्ञानिक शौचालय हुने परिवारको सङ्ख्या २६ अर्थात ९२.२ प्रतिशत रहेको छ भने साधारण शौचालय हुने परिवारको सङ्ख्या २ अर्थात ७.२ प्रतिशत रहेको छ ।

# अध्याय - छ

## कसाई जातिमा देखिएको सामाजिक परिवर्तनहरू

### ६.१ सामाजिक परिवर्तनहरू :

#### *६.१.१ महिलाको स्थानमा आएको परिवर्तन :*

अध्ययन गरिएको कसाई समाजमा महिलाको स्थानमा निकै परिवर्तन आएको छ । पहिला पहिला महिलाहरू घरको काममा मात्र सिमित रहनु पर्दथ्यो भने हाल आएर महिलाहरू मासु व्यापारमा लागेका छन् । महिलाहरू शिक्षावाट वन्चित हुने अवस्था थियो भने हाल महिलाहरूलाई शिक्षा दिनु पर्छ भनी छोरीहरूलाई छोरा सरहको स्कुलमा पढ्न पठाउने र घरमा हुने आम्दानी र खर्चको लेखाजोखा महिलाको हातमा रहेको छ ।

#### *६.१.२ पारिवारिक संरचनामा आएको परिवर्तन :*

परिवार भनेको मानव समाजको प्राथमिक र महत्वपूर्ण संस्था हो परिवारमा नै सम्पुर्ण मानव संरचना आधारीत हुन्छ । परिवार एक सामाजिक संस्था पनि हो । समाजमा सवै समाज चाहे त्यो प्राचीन होस् या आधुनिक, समाज सानो होस् या ठूलो सभ्य होस् या पिछडिएको सवैमा हामी परिवारको स्वरूप पाउन सकिन्छ ।

सङ्ख्यात्मक हिसावले परिवारलाई संयुक्त र एकात्मक वर्गमा बाड्न सकिन्छ । नेपालमा संयुक्त परिवार बढी मात्रामा पाइन्छ तर पनि आधुनिकीकरणको कारण एकात्मक परिवारको सङ्ख्या पनि वढ्दो रहेको छ । आमा वाबु तिनीहरूको अविवाहित छोराछोरी मात्र रहेको परिवारलाई एकात्मक परिवार भनिन्छ भने तीन वा तीन भन्दा बढी पुस्ता एउटै परिवारमा रहन्छन् भने त्यस्तो परिवारलाई हामी संयुक्त परिवार भन्ने गर्दछौं । ग्रामीण समुदाय र शारीरिक परिश्रम गर्नु पर्ने समाजमा संयुक्त परिवार पाइन्छ । अध्ययन गरिएको घर परिवारको पारिवारिक संरचनालाई निम्न तालिकामा प्रत्तुत गरिएको छ ।

## तालिका नं. ६.१२
## परिवारको किसिम

| क.स | परिवारको किसिम | १०वर्ष पहिलेको सङ्ख्या | प्रतिशत | अहिलेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | एकात्मक | ६ | २० | २० | ६६.७ |
| २ | संयुक्त | २४ | ८० | १० | ३३.३ |
| **जम्मा** | | **३०** | **१००.००** | **३०** | **१००.००** |

*स्रोत : स्थलगत सवेक्षण २०६४*

माथिको तालिका अनुसार अध्ययन गरिएको घर परिवारमा संयुक्त परिवार भन्दा एकात्मक घर परिवारको सङ्ख्या बढी पाइएको छ । अध्ययन गर्दा आज भन्दा १० वर्ष पहिले संयुक्त परिवारमा वस्ने को सङ्ख्या बढी नै भएको माथिको तालिका र अध्ययनवाट देखिएको छ । औधोगिकीकरण आम्दानीमा आएको परिवर्तन वढ्दो जनसङ्ख्या, व्यक्तिवादी सोचाई आदि कारणले गर्दा एकात्मक परीवारतर्फ कसाई समुदाय अघि बढिरहेको पाइन्छ ।

### *६.१.३ विवाहको प्रचलनमा आएको परिवर्तन :*

नारी र पुरूषलाई पारिवारिक जीवनमा मेल गराउने सस्थलाई विवाह भनिन्छ । हिन्दू दर्शनशास्त्रका अनुसार विवाह एक धार्मिक सस्कार पनि हो । हिन्दू परम्परा अनुसार युवा युवतिहरूको विवाहको निधो आमावावु गर्दछन् । कहिले काहि विवाह सम्वन्धी परामर्श केटा सँग मात्र लिइए तापनि हाल आएर प्रेम विवाह जस्तै केटा र केटी दुवैलाई त्यस्तो परामर्श लिने प्रचलन विद्यमान रहेको छ । आमा वावुको इच्छामा गरिने विवाहलाई हामी मागी विवाह भन्दछौ ।

अध्ययन गरिएको ३० घर परिवारका कसाईहरूमा मागी विवाह साथै प्रेम विवाह पनि प्रचुर मात्रामा हुने गरेको छ । यसरी मागी विवाहवाट प्रेम विवाह गर्ने प्रचलन वढेको छ । यसरी केटाले आफुभन्दा उपल्लो जातिसंग र केटीले आफू भन्दा तल्लो जातिसंग विवाह गरेका छन् । त्यस्तै केटाले आफुभन्दा तल्लो जातिसंग र केटीले आफू भन्दा माथिल्लो जातिसंग विवाह गरेको पनि अध्ययनमा देखिन्छ । अध्ययन गरिएको ३० घर परिवारमा विवाहमा आएको परिवर्तनलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ६.१३**

**विवाहको अवस्था**

| **क.स** | **विवाह** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | मागी विवाह | २० | ६६.७ |
| २ | प्रेम विवाह | १० | ३३.३ |
| **जम्मा** | | **३०** | **१००.००** |

*श्रोतः स्थलगत सर्वेक्षण २०६४*

माथिको तालिका अनुसार मागि विवाह गर्नेको सङ्ख्या २० अर्थात ६६.७ रहेको छ भने प्रेम विवाह गर्नेको सङ्ख्या १० अथाृत ३३.३ रहेको छ। यसरी प्रेम विवाह गर्नेहरूमा धेरै जस्तो ३५ वर्ष मुनीका अर्थात नया पिढि रहेको अनुसन्धान वाट देखिन्छ। विवाह मा पनि विस्तारै मागि विवाहवाट क्रमश प्रेम विवाह तर्फ समाज परिवर्तन भै रहेको पाइन्छ।

### *६.१.४ कसाई जातिको अन्तर्जातीय सम्बन्धमा आएको परिवर्तन :*

विशेष गरी पोखरा उपत्यकामा व्राम्हण क्षेत्री नेवार गुरूङ्ग जातिका वाहुल्यता रहेको छ। कसाई लाई नै नेवार जातिहरूले पहिला तल्लो जाति हो भनि हेलाहोचो गरी पानि छुन समेत दिदैनथे भने हाल आएर त्यस्तो सम्वन्धमा क्रमिक रूपमा सुधारहरू देखिएका छन्। अन्य जातिले यिनीहरूलाई फोहोरी जात, भैसी काटने जात वोलीचाली नराम्रो भनि हेलाहोचो गर्ने गर्दथे। यिनीहरूको छिमेकमा वस्न मन पराउदैनथे। यिनिहरूको टोलमा यिनिहरूको भन्दा अन्य जातिको घर पाइदैनथ्यो। तर हाल आएर यिनीहरूसंग अन्य जातिको सम्वन्ध राम्रो रहेको छ। टोलमा व्राम्हण गुरूङ्ग नेवार आदि जातिको घरहरू पनि वनेका छन्। अध्ययनको क्रममा अन्य जातिलाई प्रश्न राख्दा यिनिहरूको हाल वोलिचालीमा राम्रो, व्यवहार राम्रो पहिलेको भन्दा निकै सफासुग्घर वस्ने र टोल सफा राख्ने गरेका कारण ले गर्दा नै अन्य जातिको सम्वन्ध राम्रो भएको वताउछन्। साथै कसाई जातिले अन्य जाति संग गरेको अन्तर्जातिय विवाह गर्ने प्रचलन बढेकाले पनि अन्य जातिसँग को अन्तर सम्वन्धमा परिवर्तन आई रहेको छ।

### *६.१.५ ठूला जातिले हेर्ने दृष्टिकोणमा आएको परिवर्तन :*

कसाई जाति नेवार जाति भित्रको अछूत जात भित्र पर्दछन् तर अछूत जात भित्र पनि कसाईहरू सवभन्दा माथिल्लो जाति हुन्। यिनीहरूलाई छोइछिटो हाल्नु पर्दैन। अध्ययन

गरिएको ३० घर परिवारको भनाइमा अन्य ठूला जातिले हेर्ने दृष्टिकोणमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६.१४**

**ठुला जातिले हेर्ने दृष्टिकोण**

| क्र.स. | दृष्टिकोण | १०वर्ष पहिलेको दृष्टिकोण | प्रतिशत | अहिलेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आदरपूर्वक | ० | ० | ४ | १३.३ |
| २ | मैत्रीपूर्वक | ४ | १३.३ | १८ | ६०.० |
| ३ | अपहेलित | २६ | ८६.७ | ८ | २६.७ |
| **जम्मा** | | **३०** | **१००.०** | **३०** | **१००.०** |

*श्रोत : स्थलगत सर्वेक्षण २०६४*

माथिको तालिका अनुसार अन्य ठूला जातिले हेर्ने दृष्टिकोण आफ्नो अनुभवको आधारमा पहिलेको भन्दा धेरै फरक भएको वताउछन् । १० वर्ष अगाडि र अहिलेको अवस्थामा ४ घर परिवारले अर्थात १३.३ प्रतिशतले अन्य ठूला जातिले आदरपुर्वक हेर्ने गरेका छन् भने १८ घर परिवारले अर्थात ६० प्रतिशतले मैत्रीपूर्वक रूपमा हेरेका र ८ जनाले अर्थात २६.७ प्रतिशतले अपहेलित गरेको अनुभव गरेका छन् । त्यसैले पहिलेको अपहेलीत जीवनवाट मैत्रिपूर्वक र आदरपूर्वक रूपमा हेर्ने गरेकाले त्यसमा पनि परिवर्तन हुदै गई रहेको पाइन्छ ।

### *६.१.६ घरहरूको वनोटमा आएको परिवर्तन :*

पहिले कसाईहरूको रातो माटोको टिनले छाएको घरहरू हुन्थे भने हाल आएर आधुनिकीकरणले घरहरूको आकारमा पनि परीवर्तन आइरहेको पाइन्छ । अध्ययन गरिएको ३० घरहरूको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ६.१५**

**घरको वनोटको अवस्था**

| क.स | घरको प्रकार | १०वर्ष पहिलेको घरको अवस्था | प्रतिशत | अहिलेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | टिनको छाना भएको | १८ | ६०.० | ४ | १३.३ |
| २ | पक्की घर ढलान गरेको | १२ | ४०.० | २६ | ८६.७ |
| **जम्मा** | | **३०** | **१००.००** | **३०** | **१००.००** |

*श्रोत : स्थलगत सर्वेक्षण २०६४*

अध्ययन गरिएको ३० घर परिवारमा टिनको छाना भएको घर ४ वटा अर्थात १३.३ प्रतिशत रहेको छ जुन १० वर्ष अगाडि १८ अर्थात ६० प्रतिशत थियो । त्यसरी नै पक्की घर ढलान गरेको २६ वटा अर्थात ८६.७ प्रतिशत रहेको छ जुन पहिले जम्मा १२ वटा मात्र थियो । त्यसैले अहिले घरको वनावटमा पनि परिवर्तन भएको पाउछौ । जसको कारण आर्थिक अवस्थामा सुघार हुनु रहेको छ ।

### *६.१.७ पहिरनमा आएको परिवर्तन :*

कसाई जातिको मुख्य पहिरनमा पुरूषले दौरा सुरूवाल पटुकी भादगाउले कालो टोपी मुख्य हो भने महिलाहरूको मुख्य पहिरनमा सुतीको साडी चोलो आदि हुन् । जुन पहिरन यिनीहरूले चाडपर्व सभा समारोह आदिमा लगाउछन् । त्यस भन्दा वाहेक यिनीहरू भेष्ट कट्टु दौरा सुरूवाल लगाई हिड्दथे भने हाल आएर आधुनिक किसिमको चलेका कपडाहरू लगाउने गर्दछन् । पुरूषहरू जिन्स पाइन्ट टिशर्ट कोट पाइन्ट लगाउदछन् भने महिलाहरू पेन्ट टिशर्ट फ्रक कुर्ता शुरूवाल आदि लगाउने गर्दछन् । महिलाहरूले हाल आएर सुनका सिकी हार मंगलसूत्र जस्ता गरगहना प्रयोग गर्दछन् जबकी पहिला पोतेमात्र प्रयोग गर्ने गरेको कुरा उत्तरदाताले भनेको पाइन्छ । यसरी हाल आएर कसाई जातिमा पहिरनमा पनि परिवर्तन भएको पाइन्छ ।

### *६.१.८ खाना पकाउने इन्धनमा आएको परिवर्तन :*

कसाई जातिको खाना पकाउने इन्धनमा पनि निकै परिवर्तन भएको छ । पहिला पहिला वनवाट दाउरा ल्याई खाना पकाउने प्रचलन रहेको मा हाल नगरीकरण र प्रविधिको विकास संगै ग्यास चुल्होमा खाना पकाउने प्रचलन रहेको छ । अध्ययन गरिएका घरहरूमा सम्पूर्ण घरमा ग्यास चुलो रहेको अध्ययनवाट देखिन्छ । जहा पहिले दाउरा त्यसपछि मट्टितेल प्रयोग गरिन्थ्यो । यसरी खाना पकाउने इन्धनमा पनि समय अनुसार परिवर्तन भएको छ ।

### *६.१.९ शिक्षाको क्षेत्रमा आएको परिवर्तन :*

यस कसाई समुदायमा पहिले आर्थिक अवस्था कमजोर भएका कारण शिक्षित व्यक्तिहरू कम नै छन् जो छन् त्यतिवेला आर्थिक अवस्था मजवुत भएकाहरूलेनै स्कुल जाने गरेको उत्तरदाताहरू बताउछन् । महिलाहरू त झन् स्कूल जानवाट वन्चित नै थिए । हाल यस समुदायमा शिक्षाको विकास विस्तारै हुदै गई रहेको छ । अभिभावकहरू आफ्ना छोराछोरीलाई शिक्षित बनाउनको लागि स्कुल पठाउनु पर्छ भन्ने सोचाइ रहेको छ । आफूहरू नपढेको कारणले गर्दा नै पछि परेको समाजमा अपमानित हुनु परेको वताउछन् । हाल को अवस्था हेर्दा नया पुस्ताहरू वोर्डिङ स्कुलवाट एस.एल. सी पास त गरेका छन् तर त्यस भन्दा माथि पढ्नेहरू भने कम नै देखिन्छन् । प्लस टु गर्नेहरूमा भने पुरूषहरू भन्दा महिलाको सङ्ख्या बढी रहेको छ । यसरी शिक्षामा पनि यस समुदायमा परिवर्तन भएको छ ।

### *६.१.१० राजनैतिक क्षेत्रमा आएको परिवर्तन :*

केही वर्ष अधि कसाई जातिहरू राजनैतिक क्षेत्रमा लागेका थिएनन् तर अहिले आएर आफ्नो जातीय उत्थानका लागि यिनीहरू राजनीतिमा सक्रिय रूपमा लागि परेका छन् । राजनितीमा यिनीहरू एकजुट भएर लागेको बताउदछन् । यिनीहरू जसले आफ्नो समुदाय वा जातिलाई माथि उठाउनको लागि कार्यहरू गर्दछन् त्यसैलाई सहयोग गर्न रूचाउछन् ।

### *६.१.११ पारिवारिक संरचनामा आएको परिवर्तन :*

यस समुदायमा शिक्षाको कमी, परिवार नियोजनको अनभिज्ञताका कारण धेरै छोराछोरी पाउदथे । अहिलेका नयाँ पुस्ताले भने बढीमा ३ वटा सम्म वच्चाहरू जन्माएका छन् । यसरी

यिनीहरू शिक्षित भएका कारण त्यसरी वच्चा धेरे नजन्माउने र त्यसको लागि परिवार नियोजनका स्थाई र अस्थाई साधनहरू प्रयोग गर्ने गरेको कुरा उत्तरदाताहरू बताउछन् ।

### *६.१.१२ रहन सहन बानी व्यहोरामा आएको परिवर्तन :*

यस कसाई समुदायको रहन सहन र बानी व्यहोरामा पनि निकै परिवर्तन भएको पाइएको छ । कसाई समुदाय भन्दा वाहिरका अन्य जातिको भनाइ अनुसार पहिला पहिला यिनीहरूको बोलीचाली पहिला नराम्रो मुखमा जे आयो त्यहि भन्ने, परिवार भित्रै पनि नराम्रो शव्दहरू वोल्ने गर्दथे भने अहिले त्यसमा निकै सुधार भएको र वोली चालीमा परिवर्तन भएको कुरा वताएका छन् । यिनीहरू पहिला निके फोहोरी भएर हिड्ने शरीरमा, कपडामा हेर्‍यो भने रगतका टाटाहरू भएका हुन्थे ट्वाइलेट को समस्या थियो जहा पायो त्यहि दिशा पिसाव गरी हिड्थे भने हाल यिनीहरूको आफ्नै घरमा ट्वाइलेट र पानीको घारा भएका कारण सफा सुग्घर भएर हिड्ने गर्दछन् । आफ्नो टोल सफा र सुग्घर राख्ने गर्दछन् । पहिला पहिला यिनीहरूको टोलवाट मानिसहरू हिडन् चाहदैनथे कारण दुर्गन्ध नै थियो । तर हाल त्यस्तो छैन यिनीहरूले काट्ने जनावरका छाला हड्डी समयमानै त्यहावाट हटाउने गर्दछन् । यिनिहरूको टोलमा जाइका भन्ने संस्थाले फोहोर फाल्ने कन्टेनर दिएको छ । यिनिहरूले आफ्नो घरमा भएको फोहोरलाई त्यस कन्टेनर मा लगि फाल्ने गर्दछन् । यिनिहरू हाल सभ्य भएका छन् । यिनिहरूको घरमा पहिला पहिला सवारी साधन कमै मात्रामा देखिन्थे भने अध्ययन गरिएको ३० घर परिवार मध्ये हाल २८ घरमा सवारी साघन मोटर साइकल स्कुटर र ४ जनाको घरमा प्राइभेट कार पनि रहेको छ । यसरी यिनीहरूको रहन शहनमा निकै परिवर्तन भै रहेको पाइन्छ ।

### *६.१.१३ मासु व्यापारीहरूको मासु पसल मा आएको परिवर्तन :*

यो समुदायमा मासु व्यापार गर्ने शैली र मासु व्यापारको तरीकामा परिवर्तन भएको छ । मासु व्यापारको लागि पहिला यिनीहरू एउटा वाटामा मासु हाली घर घरमा डुलेर मासुको व्यापार गर्ने गर्दथे । घरमा पनि एउटा काठको टेवुलमा मासु राखि विकी वितरण गर्दथे भने हाल यिनीहरू डुलेर मासु व्यापार गर्न छाडिसकेका छन् । यिनीहरू आफ्नै घरमा मासु व्यापारको लागि आधुनिक तरीकाले फ्रिजिङ गरी भिङ्गाहरू नआउनको लागि औषधिको प्रयोग गरी काठको टेवुलमा नभै मार्वल ले वनाएको आधुनिक तरीकाले मासुको व्यापार गर्ने गरेका छन् । यिनीहरूले त्यस्तो गर्नको पछाडि शिक्षाको कारण र समाजमा हाल देखा परेको

प्रतिस्पर्धाको कारण र समाजमा जुन पहिला फोहोरी संज्ञा दिएका थिए त्यसैको प्रतिफल स्वरूप हाल सफासुग्घर गरी वस्नु पर्ने र त्यसले आफैलाई फाइदा पुर्‍याएको कारणले नै भएको हो भन्ने गर्दछन् ।

### *६.१.१४ थरमा आएको परिवर्तन :*

यस जातिले पहिला आफ्नो नामको पछाडि कसाई लेख्ने प्रचलन थियो । तर हाल आएर यिनिहरू कसैले साई कसैले शाही र कसैले खड्गी राख्ने गर्दछन् । यिनिहरू आफुहरूलाई विषेषत आफ्नो थर शाहि भनी लेख्न र त्यसैवाट चिनाउन चाहन्छन् । जसको कारण यिनिहरू आफूहरूलाई शाहि ठकुरी वंशका हौं भन्ने गर्दछन् ।

### *६.२ सामाजिक संस्कारहरूमा आएको परिवर्तनहरू :*

६.२.१ यस कसाई समुदायमा कुनै बच्चाको जन्म भएपछि सुत्केरीलाई सुत्ने ठाँउको लागि पराल ल्याएर परालमा  सुताउने प्रचलन रहेकोमा हाल त्यो प्रचलन लोप भई सकेको छ ।

६.२.२ यस समुदायमा छोराको ६ दिनमा र छोरीको ३ दिनमा न्वारन गर्ने चलन रहेको मा हाल आएर छोरा र छोरी जो भएतापनि ६ दिनमा नै गर्ने चलन छ ।

६.२.३ विवाह पछि दुरान फर्काउनको लागि दुलहीको घरमा जादा ४ दिन सम्म बस्नै पर्ने चलन रहेकोमा हाल आएर आवश्यकता अनुसार १ दिन २ दिनमात्र बसे पुग्छ ४ दिन नै बस्न पर्छ भन्ने छैन । व्यापार व्यवसायमा असर नपरोस् भनि यसरी विवाह संस्कारमा परिवर्तन आएको हो ।

६.२.४ यस कसाई समुदायमा कसैको मृत्यृ भएपछि पहिला पहिला मौन धारण गर्ने प्रचलन रहेको थिएन भने हाल आएर १ मिनेट भए पनि मृतक मान्छेको आत्माको चिर शान्तिकालागि मौन धारण गर्ने प्रचलन रहेको छ । त्यस्तै मृतकका परिवारलाई पहिला पहिला आर्थिक सहयोग हुन्नथ्यो भने हाल खड्गी सेवा समितिले नै आर्थिक सहायता गर्ने समेतको व्यवस्था गरेको छ ।

## **६.३ आर्थिक परिवर्तनहरू**

### *६.३.१  कसाई जातिको पेशामा बाहिरी प्रभाव :*

पहिला पहिला जातीय आधारमा पेशा निर्धारण हुने गर्दथे अर्थात समाजमा कपडा सीलाउने लाई दमाई, जुत्ता सीलाउने लाई सार्की र मासु काट्ने र त्यसको व्यापार गर्नेलाई

कसाई भनिन्थ्यो । तर आजको आधुनिक युगमा विभिन्न जातिहरूले विभिन्न पेशा अपनाएको पाइन्छ । कपडा सिलाउने काम हाल दमाईले मात्र नभई मगर गुरूङ्ग ब्राम्हण आदि जातिले पनि गरेको पाइन्छ । त्यसरी नै कसाई जातिको पुरानो पेशा पशुपालन भएता पनि मासु काटी त्यसको व्यापार गर्ने लाई कसाई भनेर भनिन्थ्यो भने हाल आएर कसाई जातिले मात्र नभई गुरूङ्ग, मगर, कामी, सार्की, ब्राम्हण, क्षेत्री जस्ता जातिहरूले पनि मासु व्यापार गर्ने गरेका कारण यिनिहरूको पेशामा बाहिरी हस्तक्षेप भएको पाउन सकिन्छ ।

### *६.३.२ कसाई जातिको पेशामा आएको परिवर्तन :*

कसाई जातिको मुख्य पेशा इतिहासमा पशुपालन गर्ने र भैसीको दुध वेच्ने थियो भन्ने भनाई छ पछि यिनिहरूको पेशा पशु काट्ने अर्थात राँगा खसी बोका कुखुरा काटि त्यसको मासु विकी गर्ने लाई नै मुख्य पेशा मान्न सक्छौं र समाजमा पनि त्यहि देख्दछौ भने हाल आएर कसाई जातिहरू मासु व्यापार मात्र नभै अन्य पेशामा भएको पनि अध्ययनले देखाएको छ । यिनिहरू आफ्नो पुर्ख्योली पेशा छाडि अहिले मासु व्यापार वाहेकको अन्य व्यापार गर्ने, ज्याला मजदुरी गर्ने, सरकारी तथा निजी कार्यालय स्कुल मा काम गर्ने जागिर खाने, ठेक्का पट्टा गर्ने, सवारी चालक, यातायातको साधनको विकी वितरण जस्ता कार्यहरू मा संम्लग्न भएको पाइन्छ । अध्ययन गरिएको ३० घर परिवार मध्ये नोकरीमा ११ जना मासु व्यापार वाहेका अन्य व्यापारमा ७ जना श्रमिक मा २० जना रहेका छन् । यसरी कसाई जातिको पेशामा पनि निकै परीवर्तन भएको छ । जसको कारण समाजको परिवर्तन, शिक्षाको चेतना आदि भएको पाइन्छ ।

कसाई जातिको मुख्य पेशा पशुपालन भए पनि वास्तवमा यिनिहरूको मुख्य पेशा जनावर जस्तै राँगा, वोका, कुखुरा, वङगुर आदी काट्ने र त्यसको मासु विकी गर्ने मासु व्यापार नै मुख्य पेशा मानिदै आएको छ । यिनिहरूले मासु व्यापारको पेशा छाडि श्रमिक ज्याला मजदुरी, सवारी चालक, सवारी साधनको खरिद विकी ठेक्कापट्टा, सरकारी तथा प्राइभेट नोकरी जस्ता कार्यमा पनि लागेका छन् । यसरी कसाइ जातिहरू आफ्नो मुख्य पेशालाई छाडि अन्य पेशा अपनाएका छन् । त्यसैले यिनिहरूको पेशामा निकै परिवर्तन आएको पाइन्छ ।

### ६.४ धर्ममा आएको परिवर्तन :

कसाईहरू हिन्दू धर्मावलम्वी हुन् । तर यिनीहरू मध्ये केहीले हिन्दु धर्मलाई त्यागेर किश्चियन धर्म पनि अंगालेको पाइन्छ अर्थात् धर्ममा पनि हाल आएर परिवर्तन भएको छ । धर्ममा आएको परिवर्तनलाई निम्न लिखित तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ६.१६**

**धर्ममा आएको परिवर्तन**

| **क.स.** | **धर्म** | **अहिलेको सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | हिन्दू | २९ | ९६.७ |
| २ | क्रिस्चियन | १ | ३.३ |
| **जम्मा** | | **३०** | **१००.००** |

पहिला सवै कसाई जातिहरू हिन्दू धर्मावलम्वी थिए पछि विभिन्न सामाजिक तथा आर्थिक कारणले हिन्दू धर्म त्यागि क्रिस्चियन धर्म अंगाल्न पुगेका छन् । यसरी अध्ययन गरिएका ३० घर परिवार मध्ये २९ घर परिवार अर्थात ९६.७ प्रतिशत हिन्दु र १ घर परिवार अर्थात ३.३ प्रतिशत क्रिस्चियन रहेका छन् । अध्ययनको लागि लिईएको घर परिवार भन्दा वाहेक अन्य ८ घर परिवारहरू क्रिस्चियन धर्ममा लागेको कुरा अवलोकनवाट देखिएको छ । यसरी अझै पनि क्रिस्चियन वन्ने प्रकृयामा विकास भै रहेको छ । यसरी धर्ममा पनि विस्तारै परिवर्तन हुन थालेको पाइन्छ ।

# अध्याय - सात

## सारांश र निचोड

### ७.१ सारांश :

नेपालमा विभिन्न किसिमका जात तथा जनजातिहरू वसोवास गरेका र तिनीहरूको आ-आफ्नै विशेषताले भरिएको सामाजिक र सास्कृतिक जीवन रहेको पाइन्छ । विशेष गरी कसाई जातिहरू काठमाडौं, लमजुङ, पाल्पा र गोरखा जिल्लाहरूमा बढी मात्रामा बसोबास गरेको पाइन्छ । यिनीहरूको मुख्य पेशा पशुपालन र मासु व्यापार हो । अहिले कसाई जातिहरू आफ्नो पुरानो पेशा छाडी अन्य पेशा गर्दे आइरहेका छन् ।

यस अध्ययनको मुख्य उद्देश्यहरूमा कसाई जातिको उद्‌गम स्थल तथा बसोबासका बारेमा जानकारी प्राप्त गनै सामाजिक आर्थिक सास्कृतिक धार्मिक अवस्थाको जाकारी प्राप्त गर्ने, कसाई जातिको अन्य जातिसँगको अन्तरसम्बन्ध वारे पहिचान गर्ने र यिनीहरुको सामाजिक अवस्था र त्यसमा आएको परिवर्तनहरूको पहिचान गर्ने आदि रहेको थियो ।

कसाई जातिको सामाजिक परिवर्तनको अध्ययनको लागि कास्की जिल्ला अन्तर्गत पोखरा उपत्यकामा वसोवास गरेका कसाई जाति माथि केन्द्रित रहेको थियो । यो एक समाजशास्त्रीय अध्ययन हुनाले प्राथमिक तथा द्वितिय स्रोतवाट प्राप्त भएका तथ्याङ्कलाई मात्रात्मक भन्दा गुणात्मक विश्लेषणलाई वढि जोड दिइएको छ ।

यस पोखरामा जम्मा ६४ घर परिवार भएकोमा अध्ययनको लागी सम्भावनायुक्त नमूना छनौट प्रक्रिया द्वारा ३० घर परिवार अध्ययनको लागि लिईएको थियो भने तथ्याङक विधिमा अवलोकन, घरधुरी सर्वेक्षण, छिमेकी तथा समाजमा भएका जान्ने वुझ्ने व्यक्तिहरू संगको अन्तर्वार्ता इत्यादि रहेको छ ।

अध्ययन गरिएको ३० घर परिवारमा ७६ पुरूष र ७० महिला गरी जम्मा १४६ जना रहेका छन् । अध्ययन गरिएका घर परिवारका वृद्धहरू र ४० वर्ष नाघेकाहरू निरक्षर रहेका छन् भने हाल आएर धेरै जना साक्षर रहेका छन् । जुन समयको माग र आधुनिकीकरणको प्रतिफल भएको कुरा देख्न सकिन्छ । कसाई जातिको मुख्य पशुपालन, पेशा मासु व्यापार भए तापनि हाल यिनीहरू अन्य पेशा व्यवसायतिर लागेका छन् । मासु व्यापारका लागि राँगा खसीहरु

पोखरा बाहिरवाट ल्याउने गर्दछन् भने मासु व्यापारका लागि पोखरा वजारका साथसाथै कास्कीको नौडाडा, लेखनाथ सम्म पुगेका छन् ।

कसाई समुदायको प्रमुख संस्कारहरूमा न्वारन, पास्नी, छेवर, गुफा राख्ने, विवाह र मृत्यु संस्कार आदि रहेका छन् । परम्परागत रूपमा कसाई जातिले हिन्दू धर्म मानेता पनि हाल सामाजिक कारणले गर्दा कोहिले किस्चियन धर्म अपनाइरहेका छन् । कसाई जातिको प्रमुख देवी देवतामा गणेश देवता र देवी रहेका छन् । त्यस्तै प्रमुख चाड पर्वहरूमा दशै, तिहार नाग पञ्चमी गाइजात्रा आदी रहेका छन् ।

हाल कसाई समुदायमा विभिन्न प्रकारका सामाजिक परिवर्तनहरू भैरहेका छन् । समाजमा निकै सफा सुग्घर भई वस्ने, वोलीमा सुधार, रहन सहनमा परिवर्तन, धर्ममा परिवर्तन हुदै गइरहेको छ । त्यस्तै यिनीहरूको पेशामा परिवर्तन भईरहेको छ । समाजमा परिवार नियोजनको ज्ञानले गर्दा त्यसतर्फ सचेत भएको पाइन्छ । यिनीहरूको हाल को पुस्तामा स्कुल जानको लागि छोरा र छोरीलाई समान व्यवहार गर्ने गरेका छन् । यिनीहरूको समाजमा हाल मागि विवाह र प्रेम विवाह को प्रचलन वढि रहेको छ । त्यस्तै अन्तर्जातिय विवाहलाई पनि मान्यता दिदै आई रहेका छन् ।

## ७.२ निचोड :

कसाई जातिको वारेमा प्रकाशित वा अप्रकाशित विभिन्न किसिमका स्रोतहरू र यस अध्ययनलाई समेत मध्ये नजर गरी हेर्दा कसाईहरूको सामाजिक सास्कृतिक तथा आर्थिक अवस्थाको बारेमा निम्न लिखित निचोडमा पुग्न सकिन्छ ।

क) कसाई जाति हिन्दू धर्मको वर्गीकरण अनुसार नेवार समुदायको एक हिस्सा भएपनि त्यहि जातिभित्रको अछूत भनिने जाति भित्र पर्दछन् ।

ख) कसाईहरू नेवार समुदाय भित्रकै भएको हुनाले यिनीहरूको भाषा नेवार भाषा नै हो र यिनिहरू नेवारी भाषा नै वोल्दछन् । कसाई जातिलाई कसाई खड्गी, नाय, शाही भनेर चिनिन्छ । मासु काटेर वेच्ने वा पशुवध गर्ने भएको हुनाले उनीहरूलाई कसाई भनिएको हो ।

ग) यिनीहरूको घर सानो झुपडी देखि लिएर ठूला ठूला महलसम्म रहेका छन् । यिनीहरूको खानपानमा दाल भात तरकारी चिउरा र बढी मात्रामा मासु र रक्सी खाने गर्दछन् । पहिरनमा जामाभित्र कसिलो सुरूवाल भोटो र शिरमा

फेटा लगाउछन् भने समाजको परिवर्तन संगै अहिले आधुनिक कपडाहरू बढी मात्रामा लगाउने गर्दछन् ।

ङ) कसाईहरू विशेष गरी गणेश भीमसेन तथा विभिन्न देवीहरू मान्ने गर्दछन् भने पोखरामा वसोवास गर्ने कसाईहरू भीमकाली मन्दिरको अनिवार्य रूपमा पूजा गर्दछन् ।

च) कसाई समुदायको पारिवारिक बनावट संयुक्त परिवारवाट एकात्मक परिवारतर्फ उन्मुख हुँदै गएको छ भने शिक्षा क्षेत्रमा हेर्ने हो भने पनि छोरा र छोरीलाई समान व्यवहार गर्दछन् ।

छ) कसाईहरू हिन्दू  धर्मावलम्वी हुन् तर पनि अहिले यिनीहरू क्रिस्चियन धर्म पनि मान्ने गरेकाले यिनीहरूको धर्म पनि परिवर्तन हुदै गएको पाइन्छ ।


ज) कसाई समुदायका मानिसहरू अरू समुदाय संग ज्यादा घुलमिल गरेर रहेको बसेको पाइदैनथ्यो भने आजकाल समाज परिवर्तनका कारण अरू समुदायसंग पनि घुलमिल भएर बस्न थालेका छन् ।

झ) कसाई जाति नेपालको राष्ट्रिय तथा स्थानीय स्तरको राजनीतिमा कुनै किसिमको पहुँच रहेको पाइदैन ।

ञ) कसाई जातिहरू जातीय हक हितको लागि नेपाल खड्गी सेवा समिति जस्तो संस्था स्थापना गरी त्यसैमा आवद्ध हुँदै आइरहेका छन् ।

## कसाई जातिमा आएको परिवर्तन विश्लेषणको अवधारणात्मक निचोड

## रेखा चित्र नं. ७.३




यस कसाई समुदायमा भएको सामाजिक पक्ष, सास्कृतिक पक्ष, आर्थिक पक्ष, धार्मिक पक्ष, आदिलाई शिक्षा, व्यापारिक करण, सँस्कृतीकरण, शहरीकरण आदि कारक तत्वका कारण कसाइ समुदायमा विभिन्न परिवर्तनहरू आएका छन् । जस्तैः थरमा आएको परिवर्तन, पेशामा आएको परिवर्तन, धर्म, पहिरन आदिमा आएको परिवर्तन आदि ।

# सन्दर्भ सूची


**'उत्पीडित सन्देश'**, २०५९, नेपाल उत्पीडित जातिय मुक्ति समाज, कास्की ।

**'कर्मकाण्ड'** २०६२, नेपाल खड्गी (साई) सेवा समिति, पोखरा ।

गौतम, राजेश/ अशोक कुमार थापा मगर **'ट्राइबल इथनोग्राफी अफ नेपाल'**, भोलुम II, बुकफेथ ईण्डिया, १९९४।

**'नेपाल अधिराज्यको संविधान २०४७',** कानून किताव व्यवस्था समिति ।

**'नेपालको अन्तरिम संविधान २०६३',** कानून किताव व्यवस्था समिति ।

नेपाली, गोपाल सिंह, १९६५ **'द नेवार्स'**, हिमालयन वुक सेलर, युनाइटेड एशिया पव्लिसर, वम्वइ ।

नेपाल समचारपत्र २०५८, असोज २० गते शनिबार । **'खड्गी जाती : इतिहासदेखि वर्तमानसम्म'** ( समाचार )

पौड्याल, रजनी, (**समाजशास्त्र/मानवशास्त्र संकायको विषयको स्नाकोत्तर तह पूरा गर्न खोकनाका कसाई जातीको अध्ययन**), एम.ए. शोधपत्र, २०४७ ।

विष्ट, डोरबहादुर २०५५, **'सवैजातको फूलबारी'**, साझा प्रकाशन, काठमाडौं ।

बुढाथोकी चन्द्र विक्रम, २०३९, **'जयस्थीती मल्लको सुधार',** साझा प्रकाशन, काठमाडौं ।

**'स्मारिका',** २०५९, नेपाल खड्गी सेवा समिति, काठमाण्डौ ।

**'स्मारिका',** २०६१, नेपाल खड्गी सेवा समिति, काठमाण्डौ ।

शर्मा, जनकलाल,२०४१ **'हाम्रो समाज एक अध्ययन'** साझा प्रकाशन, काठमाडौं ।

श्रेष्ठ, जनकलाल,२०३९ **'हाम्रो समाज एक अध्ययन'** साझा प्रकाशन ।

श्रेष्ठ, ज्ञाइन्द्र बहादुर, २०५८ **'मुलुकी ऐन एक टिप्पणी'**, पैरवी प्रकाशन, काठमाडौ ।

हेगन, टोनी, १९९८, **'नेपालको चिनारी'** हिमाल किताव, ललितपुर ।

## अनुसुचि ३

# अन्तर्वार्ता फारम

श्रीमान् ........................................ज्यू

नमस्कार,

कास्की जिल्ला अर्न्तगत पोखरामा वसोवास गरेका कसाई जातिको सामाजिक परिर्वत सम्बन्धी शोधपत्र तयार गर्नु पर्ने भएकाले हजुरहरूको अमुल्य सुझावहरू यो अर्न्तवार्ता फारममा भरेर आवश्यक सहयोग गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

अ. सामान्य

१. नाम : २. उमेर :

३. पेशा : ३. वतन :

आ. विषयगत :

१ यस स्थानमा रहेका कसाईहरूको मुख्य र सहायक जीवनयापनका स्रोतहरू के - के हुन् ?

२ स्वास्थ्य सम्वन्धी उपचार विधिहरू र स्वास्थ्य स्थिति के - कस्तो छ ?

३ कसाई समुदायका सामाजिक संगठन र तिनका कार्यहरू के -के हुन् ?

४ कसाई समुदायमा मनाइने मुख्य चाडपर्वहरू के- के हुन् ?

५ यस कसाई समुदायमा लोप भएका वा लोप हुदै गएका संस्कृतिहरू के -के हन् ?

६ यस कसाई जातिको राजनैतिक स्थिति कस्तो छ ?

७ कसाई जातिलाई अन्य जातिले हेर्ने दृष्टिकोण र अन्तर सम्बन्ध बारेमा के- कस्तो छ ?

८ कसाई समाजमा महिलाको स्थान कस्तो छ ?

९ कसाई समुदायमा शिक्षाको स्थिति कस्तो छ ?

१० कसाई समुदायमा उनीहरूको परम्परागत पेशालाई असर पार्ने तत्वहरू के के हुन् र हुन सक्छन् ?

११ कसाई समुदायका मानिसहरू व्यापारको लागि कहाँ कहाँ जाने गर्दछन् ?

१२ कसाई समुदायमा के कस्ता सामाजिक परिवर्तनहरू भएका छन् ?

१३ कसाई जातिको पुर्ख्यौली थलो कहाँ होला ?

१४ कसाई जाति पोखराको कुन कुन ठाँउमा वसोवास गर्दछन् ?

१५ अन्त्यमा कसाई जाति सम्बन्धी हजुरको सुझाव केही छ की ?

हजुरको अमूल्य समय र सहयोगको लागि धन्यवाद !

**अनुसुचि १**

## अवलोकनका बुँदा सूची

१ सासाजिक संगठन र तिनका कार्यहरू ।

२ मुख्यचाडपर्वहरू ।

३ स्वास्थ्य सम्बन्धी उपचार विधिहरू र स्वास्थ्य स्थिति ।

४ जीवन यापन गर्ने मुख्य र सहायक स्रोतहरू ।

५ अन्य जातिले कसाई जातिलाई हेर्ने दृष्टिकोण र तिनिहरूको अन्र्तसम्वन्ध ।

६ कसाई समुदायका सामाजिक आर्थिक र सास्कृतिक अवस्था र त्यसमा आएको परिवर्तनहरू ।

७ कसाई समुदायको उत्थानका लागि भएका प्रयासहरू ।

८ कसाईहरूको आनिवबानी चालचलन, लवाइखवाइ आदि ।

९ मासु व्यापारका लागि मासु राख्ने स्थान, बनोट आदि ।

१० कसाईहरूको शैक्षिक स्थिति आदि ।

## अध्ययनका क्रममा खिचिएका फोटोहरू



आधुनिक मासु पसलमा राँगा र बँगुरको मासु विक्रीका लागि बसेकी एक महिला ।




खसी र कुखुराको मासु विक्रीकालागि बसिरहेका पुरूष ।



काट्नका लागि राखिएका राँगा र गोठ ।



राँगा काटी सकेपछि निस्किएका हाडखोरहरूलाई फाल्नको लागि व्यवस्थितरूपमा राखिएको ।



आफ्नो परम्परागत पहिरनमा महिलाहरू ।



आफ्नो परम्परागत पहिरनमा पुरूषहरू ।